# इल्या भट्टराईका कथामा शरीर राजनीति

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह,
तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ
प्रस्तुत

## शोधप्रबन्ध


शोधकर्ता
भगवती पाण्डे
क्रमाङ्क- ३०
त्रि.वि. दर्ता नं.: ६-१-३८-५३-९९
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर


२०८१

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह, तेस्रो सत्रका विद्यार्थी **भगवती पाण्डे**ले सोही तहको सङ्केत ६०९ र ६१० को प्रयोजनार्थ *इल्या भट्टराईका कथामा शरीर राजनीति* शीर्षकको यो शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः २०८१/१२/१८

....................................

**प्रा.डा. महादेव अवस्थी**

(शोधनिर्देशक)

दर्शनाचार्य कार्यक्रम

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर ।

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित दर्शनाचार्य कार्यक्रम तेस्रो सत्रका नवौँ र दसौँ पत्रको प्रयोजनार्थ शोधार्थी **भगवती पाण्डे**ले प्रस्तुत गरेको *इल्या भट्टराईका कथामा शरीर राजनीति* शीर्षकको यो शोधप्रबन्ध मूल्याङ्कन समितिबाट सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

**हस्ताक्षर**

**प्रा.डा. कृष्णप्रसाद न्यौपाने** ..............................

विभागीय प्रमुख

**प्रा.डा. महादेव अवस्थी** ..............................

शोधनिर्देशक

**डा. दुर्गाबहादुर घर्ती** ..............................

आन्तरिक मूल्याङ्कनकर्ता

**प्रा.डा. नारायणप्रसाद गड्तौला** ..............................

बाह्य मूल्याङ्कनकर्ता

मितिः २०८१/१२/२५

# प्रतिबद्धता पत्र

*इल्या भट्टराईका कथामा शरीर राजनीति* शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य (एम.फिल.) तह, तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ तयार गरिएको हो । यो शोधप्रबन्ध कतै प्रकाशन गरिएको छैन । प्रस्तुत शोधप्रबन्धमा स्रोत खुलाएर साभार गरिएका स्रोत सामग्रीहरूबाहेक अन्य सबै सामग्रीहरू मौलिक रहेका छन् । गैरकानुनी रूपमा कहीँ कतैबाट साभार गरिएको छैन । साभार वा चोरी गरेको प्रमाणित भएमा कानुनबमोजिम सजाय भोग्न तयार छु । अन्त्यमा, प्रस्तुत शोधप्रबन्धको मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग मूल्याङ्कन समितिसमक्ष पेस गरिएको व्यहोरा अनुरोध छ ।

२०८१ चैत्र १८

.........................

भगवती पाण्डे

शोधकर्ता

# कृतज्ञताज्ञापन

नेपाली विषयमा दर्शनाचार्य तह उपाधिका निम्ति तयार पारिएको 'इल्या भट्टराईका कथामा शरीर राजनीति' शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको तेस्रो सत्रको पाठ्यांश सङ्केतार्थ ६०९ र ६१० को प्रयोजनार्थ तयार पारिएको हो । प्रस्तुत शोधप्रबन्ध अध्ययनलाई भिन्न आलोकबाट प्राज्ञिक विमर्श गर्न सकिन्छ भन्ने मेरो विचारको ठोस उपलब्धि हो । 'राजनीति' शब्दप्रति उदासीन भएको परिवेशमा 'शरीर राजनीति' विषयले मेरो ध्यान आकर्षित गऱ्यो । साहित्यमा प्रयुक्त पात्रहरूको शरीरको प्रयोग गरी राजनीति गरिने शक्ति एवम् प्रभुत्वमाथि विमर्श गर्ने सन्दर्भमा इल्या भट्टराईका कथाहरू प्राथमिकतामा परे । यसै सिलसिलामा इल्याका कथाहरू दर्शनाचार्य तहको शोधकार्य गर्न उपयुक्त छन् भनी मेरा श्रद्धेय गुरुजनहरूले सिफारिस गर्नुभएको हो ।

इल्याका कथा र शरीर राजनीति अध्ययनीय विषयमा आजसम्म कुनै पनि प्राज्ञिक अध्येताको दृष्टि नपरेकाले उक्त रिक्तताबोध गरी यसै विषय क्षेत्रलाई अध्ययनको केन्द्र बनाई प्रस्तुत शोधकार्य पूरा गर्न सफल भएकी छु। साहित्यमा अर्न्तनिहित चिन्तनलाई प्राज्ञिक रूपमा स्वीकार गर्न र त्यो चुनौतीपूर्ण यात्रालाई सही गन्तव्यमा पुऱ्याउन बौद्धिक दिग्दर्शन गराउनु हुने मेरा श्रद्धेय गुरु व्यक्तित्वहरू स्मरणीय हुनुहुन्छ । तसर्थ प्रथमतः म मेरा श्रद्धेय गुरु शोधनिर्देशक प्रा.डा. महादेव अवस्थीप्रति कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य मैले मेरा श्रद्धेय गुरु प्रा.डा. महादेव अवस्थीको प्राज्ञिक मार्ग, परामर्श एवम् निर्देशनमा सम्पन्न गरेकी हुँ । विषयवस्तुको गम्भीरता र विश्लेषणको गहिराइमा पुग्नका निम्ति शोधकार्यको आद्यन्त विषयवस्तु अनुरूप वस्तुनिष्ठ टिप्पणी र स्पष्ट मार्गदर्शन गरी शोधप्रबन्धलाई पूर्ण स्वरूपमा तयार गर्ने क्रममा श्रद्धेय शोधनिर्देशकज्यूबाट प्राप्त सुदीक्षा प्रस्तुत शोधप्रबन्धसँगै मेरो समग्र जीवनकै निम्ति प्रार्थनीय रहने छ । त्यसैगरी प्रस्तुत शोधप्रबन्ध तयार गरुन्जेलसम्म विशेष सहयोग र उत्प्रेरणा दिनुहुने दर्शनाचार्य तह, नेपाली केन्द्रीय विभागका निवर्तमान विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद घिमिरे, वर्तमान विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने, शोधार्थीप्रति सधैँ सकारात्मक उत्प्रेरक बनी जटिलताका बन्धनहरू सजिलै फुकाइदिने श्रद्धेय गुरुहरू प्रा.डा. नारायणप्रसाद गड्तौला, प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. स्व. ताराकान्त पाण्डेय, प्रा.डा. रमेशप्रसाद भट्टराई, प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रा.डा. भरतकुमार भट्टराई, डा. नेत्र एटम, डा. दुर्गाबहादुर घर्ती, डा. रजनी ढकाललगायत नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु। शोधका क्रममा आवश्यक सामग्रीहरू उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाली विभागीय पुस्तकालय र मानविकी तथा सामाजिक शास्त्र सङ्कायको डीन कार्यालयप्रति आभारी छु । विभागका

कर्मचारीहरू, अनुसन्धान कार्यका लागि सदैव हौसला तथा प्रोत्साहन दिई सामग्री उपलब्ध गराउने प्रिय मित्रहरू कविता बञ्जरा, मुक्ति भण्डारी, नरेन्द्रराज न्यौपाने, लक्ष्मीप्रसाद ढकाल, पार्वती कट्टेल, हेमकुमारी सुवेदी, रुकमान फुँयाल, मणिराज दाहाल, यशोदा राई, शिवराम चालिसे, दीपसागर पन्त, केशव भट्टराई, भुवन पोखरेल, उमेशकुमार पण्डित, आदित्य चौधरीलगायत दर्शनाचार्य तहका सम्पूर्ण साथी तथा यस शोधकार्यमा प्राथमिक तथा द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका कृतिका सर्जक इल्या भट्टराईलगायत सबैलाई हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्धको आद्यन्त साक्षी बनी हरक्षण प्रेरणा दिएर बस्नुभएकी पूजनीय आमा, सासूआमा, सुरुचिपूर्ण तरिकाले लेखनमा मनोवैज्ञानिक रूपमा समर्थन गर्ने मेरा सन्तानद्वय सुयोग र सुयशा, दाजुभाइ, दिदीबहिनी, भदाभदैनी तथा समस्त परिवारजनको माया, प्रेम, स्नेह, सद्भाव र सहयोगले नै मलाई यस स्थितिसम्म पुऱ्याएको छ, जसको जतिसुकै व्याख्या गरे पनि अपुरै रहन्छ । आमाको "यति पढाइ त सक्काए है नानी !" भन्ने मातृवात्सल्यपूर्ण भनाइ, सासूआमाको यति बिघ्न लाटी भएर पनि पढ्न चाहिँ सकिछ्यौं भन्ने प्रेमिल कथन र श्रीमान्को "सानु ! तिम्रो अध्ययनको यात्रामा पूर्णविराम लाग्यो भने मलाई पाप लाग्छ है" भन्ने प्रेरित वाक्यले मलाई लेख्न झक्झकाइरह्यो । विषम परिस्थितिमा पनि साथ, समर्थन र सहयोग गरी मेरो यस कार्यको पृष्ठाधार बन्नुभएका मेरा जीवनसाथी सुदर्शन थपलियाप्रति चिरऋणी भएकी छु साथै यस शोधको टङ्कन र सेटिङ्ग गरिदिनु हुने आर.पी. कम्प्युटरका रामकृष्ण महर्जनलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, प्रस्तुत शोधप्रबन्धको समुचित मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

..............................

मितिः २०८१/१२/१८

भगवती पाण्डे
शैक्षिक सत्र २०७७/०७८
क्रमाङ्कः ३०
त्रि.वि. दर्ता नं.: ६-१-३८-५३-९९
दर्शनाचार्य कार्यक्रम, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

# शोधसार

प्रस्तुत शोध 'इल्या भट्टराईका कथामा शरीर राजनीति' शीर्षकसँग सम्बद्ध छ । इल्या भट्टराईद्वारा लिखित २०६० देखि २०७४ सालसम्म प्रकाशित *मन मनै त हो, अनि ... , निःशब्द प्रश्नहरू, जीवनका रंगहरू र त्यो एउटा बिहान* कथासङ्ग्रहमा सङ्गृहीत सोद्देश्य छनोट गरिएका पच्चिसओटा कथाहरूमा चित्रित शरीर राजनीतिका प्रमुख दुई उपसूचक पितृसत्तात्मक सामाजिक दृष्टि र निर्वासनले महिला शरीरमाथि पारेको प्रभाव र तिनका सूचक यौनिकता र प्रजनन्, शक्ति र प्रभुत्व, लैङ्गिकता, द्वन्द्व र युद्ध साथै उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोगको अध्ययनका ढाँचासँग यो शोधकार्य सम्बद्ध छ । उक्त कथासङ्ग्रहमा सङ्गृहीत सतत्तरओटा कथाहरूको सर्वेक्षण एवम् गहन पठनबाट प्राप्त निष्कर्षका आधारमा महिला शरीर राजनीतिका दृष्टिले इल्या भट्टराईका पच्चिसओटा कथाहरू महत्त्वपूर्ण भएकाले तिनको सघन विश्लेषण गरिएको छ भने सांस्कृतिक अध्ययनका क्षेत्रमा चर्चित एन्टोनियो ग्राम्सीको 'हिजेमनी', मिसेल फुकोको 'शक्ति सम्बन्ध', सिमोन द बुभायरको 'द सेकेन्ड सेक्स' र लेखकीय विचारधारालाई कथा विश्लेषणका आधार बनाइएको छ । यहाँ मूलत महिला शरीर प्रयोगको प्रबलतालाई आधार बनाएर उद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी कथाहरूको सघन विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनमा चयनित सामग्रीको विश्लेषण गरी अर्थापनमा पुग्नका निम्ति गुणात्मक पद्धतिअन्तर्गत विषयवस्तु विश्लेषण विधिको उपयोग गरिएको छ ।

शरीर राजनीतिको अध्ययन सांस्कृतिक क्षेत्रमा पछिल्लो समय देखा परेको समालोचना पद्धति हो । सांस्कृतिक अध्ययन बहुविषयात्मक अध्ययन पद्धति भएकाले यसको क्षेत्र बृहत् रहेको छ। शरीर राजनीति भनेको शरीरमाथि हुने सामाजिक, सांस्कृतिक र राजनीतिक शक्ति सम्बन्धको खेल हो । शक्ति एक केन्द्रमा मात्र निहित नभई समाजका विभिन्न तहमा छरिएर रहन्छ । शक्ति शरीरमाथिको व्यवहार हो । शक्तिले मानिसको व्यवहार र जीवनशैलीलाई परिभाषित गर्छ। शरीरको राजनीतिक अध्ययनले शरीरलाई केवल भौतिक अस्तित्वको रूपमा मात्र नलिई सांस्कृतिक र सामाजिक संरचनासँग जोडेर अध्ययन गर्छ। यहाँ महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टिकोणसम्बन्धी शरीर राजनीति केकसरी प्रस्तुत भएको छ ? महिला शरीरमाथि निर्वासनको प्रभाव केकस्तो रहेको छ ? भन्ने विषयको अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधमा इल्या भट्टराईका कथाहरूलाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त नारी शरीरमाथिको राजनीतिका विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गरेर चयनित कथाहरूको वैचारिकता निरूपण गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पोषित पुरुषसत्ताको प्रभुत्वशाली संस्कृतिले यौन तथा प्रजनन् अधिकारमाथि गरिएका पाशविक अमानवीय व्यवहार, उत्पीडनका कारण प्रताडित नारीको चित्रण गर्दै नारी शरीरमाथिको शोषण एवम् दमनको उद्घाटन गरी नारी शरीर र पितृसत्ताको वर्चस्वका बिचको पारस्परिक सम्बन्ध स्थापित गर्नु यस शोधको उद्देश्य हो । इल्या भट्टराईका कथाहरूमा सामाजिक सांस्कृतिक परिवेशका आधारमा गरिएका दमन, शोषण, उत्पीडन एवम् हिंसाजन्य विषयवस्तुसँग सम्बद्ध चरित्र, परिवेश एवम् भाषाको अन्तर्घुलन भई त्यसबाट प्राप्त हुने समष्टिगत सौन्दर्यको प्रस्तुतिले इल्या भट्टराईका कथामा प्रयुक्त शरीर राजनीतिलाई तथ्यपरक मूल्यसहितको संज्ञानसँग जोडेको हुनाले कथाहरू सशक्त बनेका छन् । शरीर राजनीति उनका सम्बद्ध विषयवस्तुको सघनता, मानवीय संवेदनाको कलात्मक अभिव्यक्तिका कोणबाट भट्टराईको 'नियति', 'निःशब्द प्रश्नहरू', 'डोल्मा', 'जीवनको अर्थ खोज्दै', 'म के गरुँ', 'कठै ! इन्दिरा', 'अनुवाद', 'विप्लवी', 'आखिर त्यही भयो', 'नसिमा अकस्मात् पराई भइन्' र 'टाँकीको फूल र एक जोडी आँखा' शीर्षकका कथा निकै स्तरीय ठहरिएका छन् । भट्टराईका उक्त कथाका अधिकांश पात्रहरूमा आफूमाथि भएका अन्याय र अत्याचारको प्रतिरोधको चेतना रहे तापनि प्रत्यक्ष रूपमा प्रतिरोध गर्न नसकेको देखिन्छ भने कतिपय पात्रहरूमा आफूमाथि अन्याय, शोषण एवम् दमनका विरुद्ध प्रतिरोध गर्ने चेतना र क्षमता विकास भएको देखिन्छ । पुरुषको तुलनामा महिलाहरूले परिवार र समाजबाट निकै हेला, दुर्व्यवहार, घृणा, शारीरिक एवम् मानसिक पीडा पाएको देखिन्छ र यसको पछाडि पितृसत्तात्मक समाज व्यवस्थाको महत्त्वपूर्ण हात छ भन्ने विचारालई स्थापित गर्दै नारी अस्मिता, स्वत्व एवम् पहिचान रक्षार्थ समय परिवर्तन हुनुपर्ने मूल्यचेत सशक्त रूपमा अभिव्यक्त गरिएको छ ।

# विषयसूची


| शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| शोधनिर्देशकको सिफारिस | क |
| स्वीकृति पत्र | ख |
| प्रतिबद्धता पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | च |

**पहिलो परिच्छेद**

**शोधपरिचय**

| | |
|---|---|
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | ३ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ४ |
| १.५ शोधको औचित्य तथा महत्त्व | ९ |
| १.६ शोधविधि | १० |
| १.६.१ सामग्री सङ्कलनविधि | १० |
| १.६.२ सामग्री विश्लेषण तथा अवधारणात्मक पर्याधार | १० |
| १.७ शोधको सीमाङ्कन | १४ |
| १.८ शोधप्रबन्धको रूपरेखा | १५ |

**दोस्रो परिच्छेद**

**इल्या भट्टराईका कथामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि**

| | |
|---|---|
| २.१ विषयपरिचय | १६ |
| २.२ महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि | १६ |
| २.२.१ यौनिकता र प्रजननप्रति पितृसत्तात्मक सामाजिक दृष्टि | १७ |
| २.२.२ इल्या भट्टराईका कथामा यौनिकता र प्रजननप्रति पितृसत्तात्मक सामाजिक दृष्टि | १८ |
| २.२.३ शक्ति र प्रभुत्वका मान्यतामा पितृसत्तात्मक सामाजिक दृष्टि | २७ |

२.२.४ इल्या भट्टराईका कथामा शक्ति र प्रभुत्वका मान्यतामा पितृसत्तात्मक सामाजिक दृष्टि २८
२.२.५ लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि ३८
२.२.६ निष्कर्ष ४७

**तेस्रो परिच्छेद**

**इल्या भट्टराईका कथामा महिला शरीरमाथि निर्वासनको प्रभाव**

३.१ विषयपरिचय ४८
३.२ द्वन्द्व र युद्धका कारण महिला शरीरको निर्वासन ४८
३.३ इल्या भट्टराईका कथामा द्वन्द्व र युद्धका कारण महिला शरीर निर्वासन ५०
३.४ उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन ६०
३.५ इल्या भट्टराईका कथामा उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन ६२
३.६ निष्कर्ष ६९

**चौथो परिच्छेद**

**सारांश तथा निष्कर्ष**

४.१ सारांश ७१
४.२ निष्कर्ष ७७
**सन्दर्भसामग्रीसूची** **८०**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

इल्या भट्टराईका कथामा शरीर राजनीति शीर्षकको प्रस्तुत शोधप्रबन्धमा इल्या भट्टराईका पाँचओटा कथासङ्ग्रहमा सङ्गृहीत कथाहरू शरीर राजनीतिको सैद्धान्तिक पर्याधारका आधारमा विश्लेषण गरिएको छ । नेपाली साहित्यको क्षेत्रमा विशेषत कथा र नियात्रा विधामा कलम चलाउने भट्टराई 'उसको पुतली' शीर्षकको कथा *गरीमा* (२०४३) पत्रिकामा प्रकाशन गरी औपचारिक रूपमा साहित्यमा प्रवेश गरेकी हुन् । थुप्रै नियात्रासङ्ग्रह र बालकथाहरू प्रकाशन गरेकी भट्टराईका *मन मनै त हो* (२०६०), *अनि ...* (२०६२), *निःशब्द प्रश्नहरू* (२०६३), *जीवनका रङ्गहरू* (२०६८) र *त्यो एउटा बिहान* (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत सतत्तरओटा कथाहरूको विस्तृत अध्ययन गरी सोद्देश्यमूलक ढङ्गले पच्चिसओटा कथाहरूलाई विश्लेषणका निम्ति चयन गरिएको छ । ती कथाहरू चयन गर्दा कथाको स्तरीयता, विषय, विचार, कला संयोजन, विश्वसनीयता, सामाजिक एवम् सांस्कृतिक मूल्य चेतनालाई आधार मानिएको छ । शरीर राजनीतिका बहुआयामिक पक्ष सत्ता, शक्ति, प्रभुत्व, उपभोक्तावादी संस्कृति, महिला हिंसा, उत्पीडन एवम् दोहनमा परेका विशेषतः महिला शरीर चिन्तनमा केन्द्रित भई यहाँ इल्या भट्टराईका चयनित कथाहरूको पाठ विश्लेषण गरिएको छ ।

शरीर राजनीति पाश्चात्य समालोचना परम्पराको आधुनिक समालोचना पद्धतिका रूपमा विकसित भएको नवीन पद्धति हो । समग्र मानव जीवनका क्रियाकलापलाई संस्कृतिका रूपमा हेर्ने सांस्कृतिक अध्ययनको एउटा पक्षका रूपमा शरीर राजनीतिलाई लिइएको छ। यसमा जैविक शरीरको मात्र अध्ययन नगरी सांस्कृतिक, सामाजिक तथा त्यसले प्रभाव पारेको शरीरको अध्ययन गरिन्छ । महिला वा पुरुषको आफ्नो शरीरमाथि अरुको नियन्त्रण हुनुहुँदैन । नियन्त्रण छ भने किन केका लागि र कसरी ? मान्छेले आफ्नो पहिचान गुमाइरहेको छ भन्नेतर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

इल्या भट्टराईका कथाहरू प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त गहन, समस्यामूलक र अनुसन्धेय रहेको छ। यी कथाहरूको विविध कोणबाट अध्ययन भएको र गर्न सकिने आधार भए पनि शरीर राजनीतिको कोणबाट अध्ययन नभएको अवस्थामा प्राज्ञिक रिक्तता रहेको छ । यही

रिक्ततालाई परिपूर्ति गर्न शरीर राजनीतिको कोणबाट मात्र अध्ययन गरिएको छ । पितृसत्तात्मक सामाजिक दृष्टि र महिला शरीरमाथि निर्वासनको प्रभावलाई केकसरी प्रस्तुत गरिएको छ ? भन्ने मूल समस्यामा केन्द्रित भई कथाका उद्धरणका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

सन् १९६० को दशकबाट पाश्चात्य सांस्कृतिक समालोचनाको नयाँ पद्धतिका रूपमा उदय भएको एक महत्त्वपूर्ण पाटो शरीर राजनीतिको अध्ययन हो । मानवले सिकेर प्राप्त गर्ने मूल्य, मान्यता, धर्म, दर्शन, कला, साहित्य, विज्ञान एवम् समग्र जीवनपद्धतिको अध्ययनलाई सांस्कृतिक अध्ययन मानिएको छ । सांस्कृतिक अध्ययनले शरीर राजनीतिलाई पितृसत्ता, विचारधारा शक्तिसम्बन्धको विषय मान्छ । पश्चिमी साहित्य चिन्तकहरूले मानव शरीरलाई केन्द्रमा राखी राजनीति र शक्तिसँग शरीरलाई जोडेको पाइन्छ । शरीर राजनीति शब्दले समाजका शक्तिहरूको मानव शरीर नियन्त्रण गर्ने नीतिगत अभ्यासलाई सङ्केत गर्ने भएकाले शरीर राजनीति सांस्कृतिक अध्ययनको एउटा क्षेत्र बन्न पुगेको छ । उत्तरसंरचनावादी चिन्तक पल मिसेल फुको (सन् १९२६) ले मानव शरीर हाड, छाला, मासुको पिण्डभन्दा परको राजनीतिक क्षेत्र हो भनेर शरीरलाई राजनीतिसँग जोडेर व्याख्या गरेका छन् । शरीर शक्ति र शोषणसँग सम्बन्धित हुन्छ । महिला शरीर वा पुरुष शरीरको सौन्दर्यका आधारभूत मापदण्ड शक्तिकेन्द्रमा आसीन पुरुषको रुचिअनुसार बनेको हुन्छ । पुरुष अधीनस्थता र शोषणबाट शरीरलाई मुक्त राखेर महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ भन्ने मूल मान्यता शरीर राजनीतिले बोकेको छ (भट्टराई, २०७७, पृ. १३४) । भट्टराइको उक्त भनाइले महिला शरीरमाथिको स्वायत्तता, महिलाको स्वतन्त्रता, सुरक्षा, सम्मान र निर्णय क्षमतालाई प्राथमिकता दिएको देखिन्छ ।

शक्ति, संस्कृति, समाज र प्रविधिसँग जोडिएको शरीर व्यक्ति विशेषभन्दा पनि सांस्कृतिक निर्मित हो । शक्ति सत्तासँग हुन्छ । शक्तिहीनलाई बल, बुद्धि र विचारधारामार्फत् आफ्नो नियन्त्रणमा राख्ने भएकाले महिलाको शरीर नियन्त्रण गर्ने मापदण्ड पुरुषकै दृष्टिकोणबाट निर्देशित छन् । परम्परागत पितृसत्तात्मक समाजमा धार्मिक-सांस्कृतिक मान्यता द्वन्द्व, युद्ध, हिंसा, पुँजीवाद उपभोक्तावादी संस्कृति, वर्गीयता, राजनीतिक, आर्थिक कारणमाथि हुने दमन, शोषण, अन्याय, विभेद एवम् द्वन्द्वको शिकार भएका शरीरको नारी अस्तित्व र आत्मसम्मान जन्य व्यवहारको अध्ययन गरिनुपर्ने आशय रमेश भट्टराइको उक्त परिभाषामा अभिव्यञ्जित भएको छ ।

व्यक्ति स्वतन्त्रताको अवरोधक पितृसत्तात्मक समाज रहेको र शक्ति तथा प्रभुत्वका कारण अस्तित्वविहीन र पहिचानविहीन बन्न पुगेका नारीका अस्मिता र तिनले भोगेका लैङ्गिक विभेद, दमन, असमानता जस्ता पक्ष इल्या भट्टराईका कथाका विषय बनेका छन् । इल्या भट्टराईका अधिकांश कथाहरू नारी समस्यामा केन्द्रित रहेका छन् । यस अध्ययनमा इल्या भट्टराईका कथाहरू महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग, पुँजीवादी समाजको उपभोक्तावादका कारण निर्वासनले महिला शरीरमाथि पारेको प्रभावका दृष्टिले अध्ययनीय भएकाले यहाँ यिनै पक्षलाई विषय बनाई विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

इल्या भट्टराईका कथामा शरीर राजनीति प्राज्ञिक शोधकार्यका लागि महत्त्वपूर्ण विषय हो । इल्याका कथाले वर्तमान समयको यथार्थलाई अभिव्यञ्जित गरेको कुरा यी कथाको गहन अध्ययनबाट थाहा पाउन सकिन्छ । नेपाली कथा परम्परामा विविध पक्षलाई समेटेर लेखिएका भट्टराईका कथाहरूमा परम्परागत संस्कृति, पुँजीवाद र उपभोक्तावादी चिन्तन, शक्ति र प्रभुत्वको प्रभावमा महिला शरीरमाथि केकस्ता किसिमका राजनीति अभिव्यक्त भएका छन् भन्ने विषयमा आजसम्म प्राज्ञिक अध्ययन भएको नदेखिएकाले यहाँ प्राज्ञिक रिक्तता देखिन्छ । त्यसको व्यवस्थित अध्ययन हुनु आवश्यक भएकाले प्रस्तुत शोधकार्यमा इल्या भट्टराईका कथालाई साहित्यिक मूल्यसहितका मूल सोध्य समस्याका रूपमा लिइएको छ । यही मुख्य समस्याको समाधानका निम्ति प्रस्तुत अध्ययनमा तल लेखिएअनुसारका प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ :

(क) इल्या भट्टराईका कथामा महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टिकोणसम्बन्धी शरीर राजनीति केकसरी प्रस्तुत भएको छ ?

(ख) इल्या भट्टराईका कथामा महिला शरीरमाथि निर्वासनको प्रभाव केकस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत अध्ययनको प्राज्ञिक उद्देश्य इल्या भट्टराईका कथामा प्रयुक्त शरीर राजनीतिको प्रकटीकरणको प्राज्ञिक निरूपण गर्नु हो । यही मूल उद्देश्यलाई एकीकृत रूपमा पूरा गर्नका निम्ति समस्याकथनमा केन्द्रित प्रस्तुत अध्ययनमा निम्न लिखित उद्देश्यहरू लिइएका छन् :

(क) इल्या भट्टराईका कथामा प्रयुक्त महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिकोण पहिल्याई तिनको विश्लेषण गर्नु,

(ख) इल्या भट्टराईका कथामा महिला शरीरमाथि निर्वासनको प्रभाव पहिल्याई तिनको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत पूर्वकार्यको समीक्षामा यस शोधकार्यका उद्देश्यसँग सम्बद्ध इल्या भट्टराईका कथा, शरीर राजनीति र इल्याका कथामा पूर्वाध्यायनको सर्वेक्षण एवम् अध्ययन गरी यस शोधकार्यका लागि तिनको उपयोगिताको पहिचान गरिएको छ । शरीर राजनीतिका पर्याधारमा टेकी इल्या भट्टराईका कथाको अध्ययन भएको छैन तथापि आधुनिक नेपाली कथाको विकासक्रम, समालोचना, शोधकार्य, भूमिकामूलक लेख आदिमार्फत् समीक्षकहरूले लैङ्गिक उत्पीडन, परिवारबाट हुने शारीरिक मानसिक यौनजन्य हिंसात्मक व्यवहारलाई उजागर गर्ने शरीर राजनीतिसँग सङ्केत गरिएका लेख, शरीर राजनीतिसम्बन्धी केही सैद्धान्तिक पूर्वकार्यहरूको कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । यसै क्रममा तिनको समीक्षा गर्दै पूर्वाध्ययनका प्राप्ति र अभावसँग सम्बद्ध निष्कर्षसमेत प्रस्तुत गरिएको छ ।

रामप्रसाद ज्ञवाली (२०६०) ले *मन मनै त हो* कथासङ्ग्रहको भूमिकामा इल्या भट्टराईका कथामा मानवीय जीवनपद्धति नैतिकता र संस्कारजन्य बन्धनको चौघेरामा बाँच्न विवश हुँदा उसको नैसर्गिक जिजीविषाको तृप्तिमा बाधा परेको उल्लेख गरेका छन् । उक्त भूमिकामा ज्ञवालीले पितृसत्तात्मक समाजको असमान भूमिका, राज्यको असमान व्यवहार र संस्कारजन्य बन्धनको चपेटामा जीवन भोग्न विवश नारीहरूको संवेदना, मानसिक छटपटीलाई इल्याका कथाका पात्रहरूले प्रतिबिम्बन गरेका छन् । प्रस्तुत शोधकार्यको मूल समस्या र शोधप्रश्नसँग यस पूर्वकार्यको सोझो सम्बन्ध नभए पनि कथामा प्रयुक्त महिलाका भोगाइलाई विश्लेषण गरेर शरीर राजनीतिको सैद्धान्तिक पक्षलाई पहिचान गर्न उक्त लेखले सहयोग गरेको छ ।

ध्रुवचन्द्र गौतम (२०६२) ले *अनि ...* कथासङ्ग्रहमा 'इल्याका कथाहरूमा सम्भावनाको आभास' शीर्षक दिई भूमिकामा नेपाली समाजमा देखा परेका संस्कारजन्य दोहन एवम् शारीरिक, मानसिक उत्पीडनमा परी नारी शरीर यान्त्रिक वस्तु बन्न पुगेको विवरण प्रस्तुत गरेका छन् । नारी जीवनका समस्या तथा पितृसत्तात्मक सामाजिक दृष्टिका कारण जन्मिएका मनोदशालाई समेट्न सफल इल्याका कथाहरूमा मनोवैज्ञानिक यथार्थको प्रकटीकरण भएको

चर्चा गरेका छन् । यी कथाहरूमा नारीका मनोकाङ्क्षा, पुरुष मानसिकताको चित्र उतारिएकाले पितृसत्तात्मक सामाजिक निर्मितिका कारण महिलाहरूको अवमूल्यन भएको भाव रहेको बताएका छन् । उक्त विचारधाराले इल्या भट्टराईका शरीर राजनीतिसँग जोडिएका कथाको पहिचान गर्न सहयोग पुगेको छ ।

लीला लुइटेल (२०६५) ले *अनि ...* 'कथासङ्ग्रहको विश्लेषण' शीर्षकको लेखमा इल्या भट्टराईले नारीका दुर्दशा, वेदना, छटपटी, उकुसमुकुस, सङ्कटमा परेको मातृत्व आदिलाई वस्तुका रूपमा समेटेको चर्चा गर्दै यौन दुराचार, देहव्यापार तथा बाध्यताका अनेक सन्दर्भ र प्रसङ्गलाई कथात्मक संरचना प्रदान गरेको कुरा उल्लेख गरेकी छिन् । यस लेखमा नारी शरीरको प्रयोग कसरी भएको छ भन्ने विषय नआए पनि अप्रत्यक्ष रूपमा नारी जीवनका भोगाइ, देहव्यापार, यौन, प्रेम मातृत्वको चर्चा गरिएको हुनाले शक्ति र सत्ताले महिलाको शरीरमाथि राजनीति गरेको आधार निर्माण गर्नका लागि उक्त अध्ययन निकै सहायक बनेको छ ।

लीला लुइटेल (२०६६) ले 'इल्या भट्टराईको कथाशिल्प' शीर्षकको लेखमा इल्याका कथाको विषय सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा व्याप्त विसङ्गत र विकृत पक्ष रहेको चर्चा गरेकी छन् । नारीप्रति गरिने अत्याचार, गरिबी, परिस्थितिजन्य बाध्यता, सशस्त्र द्वन्द्वबाट उत्पन्न पीडा र परिणाम इल्याका कथाका विषय बनेका छन् । लुइटेलले शोषित पीडित नारीवर्गप्रति सहानुभूति प्रकट गरी लेखिएकाले भट्टराईका कथामा नारी विद्रोहचाहिँ सशक्त हुन नसकेको टिप्पणी गरेकी छन् । उपर्युक्त अध्ययनबाट पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला निरीह, कमजोर ठान्ने परम्पराले महिलाहरू आवाजविहीन बन्दै गएको स्पष्ट हुन्छ । प्रभुत्वशाली शक्तिको आडमा पुरुषले महिलाको शरीरमाथि शासन गर्छन् भन्ने विषयलाई विश्लेषण गर्न उक्त लेख सहयोगी बनेको छ ।

लक्ष्मणप्रसाद गौतम (२०६८) ले इल्या भट्टराईको *जीवनका रंगहरू* शीर्षकको कथासङ्ग्रहमा 'जीवनका विविध आयामहरूलाई नियालिएका कथा' शीर्षकको भूमिका लेखेका छन् । उक्त भूमिकामा लक्ष्मणप्रसाद गौतमले प्रस्तुत कथासङ्ग्रहलाई सामाजिक चेतना सबैभन्दा प्रवल भएको, मान्छेका मनभित्र द्वन्द्वात्मक मनोदशा र संवेग अधिक रहेको विचार प्रस्तुत गरेका छन् । गौतमले वर्तमान जीवनमा मानिसहरूले भोग्नुपरेका जटिलतालाई द्रष्टा र भोक्ता अनुभूति, भोगाइ र युगीन यथार्थका त्रिआयामिक सन्दर्भबाट लेखिएको कुरा उल्लेख

गरेकाले सांस्कृतिक अध्ययनका सन्दर्भमा शरीर राजनीतिको सैद्धान्तिक पक्षलाई केलाउँदै सांस्कृतिक अध्ययनमा उन्मुख रहन प्रस्तुत अध्ययन उपयोगी सिद्ध भएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *जीवनका रंगहरू* कथासङ्ग्रहको भूमिकामा नै 'समस्यामूलक कथासङ्ग्रह जीवनका रंगहरू' शीर्षक दिएर इल्या भट्टराईका कथाहरू समस्यैसमस्याले जेलिएको गृहीत कथ्यलाई अल्पसहभागीका माध्यमबाट उपर्युक्त परिवेशको सिर्जना गरी स्पष्ट उद्देश्यका साथ सरल र सहज भाषाशैलीमा लेखिएका छन् भनेर उल्लेख गरेका छन् । यसै प्रसङ्गमा लुइटेलले इल्या भट्टराई नेपाली कथाको समसामयिक कित्ताकी उल्लेख्य महिला कथाकार हुन् भन्ने कुराको साक्षीका रूपमा *जीवनका रङ्गहरू* कथासङ्ग्रह नै पर्याप्त छ भन्नुले इल्याका कथाहरू युगीन सन्दर्भसँग मेल खाने र जीवनोपयोगी छन् भन्न सकिन्छ । यही मूल्यलाई आधार मानेर सीमान्तकृत वा अल्पसहभागीको विषयलाई शरीर र राजनीतिको दृष्टिले विश्लेषण गर्न सकिने हुँदा इल्या भट्टराईका कथामा शरीर राजनीति शोध शीर्षकका निम्ति प्रस्तुत अध्ययन सहयोगी सिद्ध भएको छ ।

यशोदा राई (२०६९) ले *जीवनका रंगहरू कथासङ्ग्रहको कृतिपरक अध्ययन* शीर्षकको शोधपत्रमा इल्या भट्टराईको जीवनका रंगहरू सङ्ग्रहमा सङ्गृहीत कथामा सहरी परिवेश र केही मात्रामा विदेशी परिवेशको प्रयोग गरिएको उल्लेख गरेकी छन् । उक्त शोधपत्रमा मध्यम र निम्न वर्गीय जीवन भोगाइलाई कथामा प्रस्तुत गर्दै घरायसी परिवेश केन्द्रित विवाह, यौन, पतिपीडित, पत्नीपीडित जस्ता मानव व्यवहारको चित्रणबाट कथाहरू बुनिएको निष्कर्ष निकालिएको छ। प्रस्तुत शोधनिष्कर्षबाट भट्टराईका कथाहरूमा प्रेम र घर व्यवहारका विचारहरू टुक्रिएका र छरिएका देखिन्छन् । वैदिक कालदेखि वर्तमान पुँजीवादी युगसम्म आइपुग्दा शक्ति आर्जनका लागि महिला शरीरको उपयोग गरिएको पाइन्छ साथै परिवारको धार्मिक तथा सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक एवम् सामाजिक स्वार्थका लागि महिला शरीरको दोहन गरिएको छ। यहाँ तिनै कथामा प्रयोग भएका शरीरको विश्लेषण र मूल्याङ्कनका लागि प्रस्तुत पूर्वकार्य सहायक बनेको छ ।

ज्ञानू पाण्डे (२०७०) ले *नेपाली महिला कथाकार* शीर्षकको पुस्तकमा इल्या भट्टराईलाई समकालीन चेतनाद्वारा अभिप्रेरित भई कथा लेख्ने कथाकारमध्ये प्रभावी कथाकारका रूपमा चिनाएकी छन् । यौन, विदेश पलायन, स्वच्छन्द जीवनशैली, जागिरे महिलाका मनोदशा, नारी अस्तित्व, सहरिया सभ्यताका कुरूपताजस्ता अन्तर्वस्तुले इल्या भट्टराईका कथाहरू उत्कृष्ट

छन् भनी चर्चा गरिएको छ । उनका कथाबाट सामाजिक जीवनमा नारीले भोगेका जटिल भोगाइ, मनोदशाले ग्रस्त जीवन निर्वासित हुन पुगेको कारण बुझ्न सहयोग गरेको छ ।

कुमारी लामा (२०७६) ले 'समकालीन नेपाली कथामा शरीर राजनीति' शीर्षकको लेखमा शरीर राजनीतिका सैद्धान्तिक पक्ष र यससँग सम्बन्धित समाज, शरीर र साहित्यलाई विविध कोणबाट विश्लेषण गरेकी छिन् साथै शरीरलाई विशेष स्थान ठानी उक्त स्थानमा शक्तिको सङ्घर्ष भइरहने र शरीर राजनीतिक स्थलका रूपमा प्रयोग भइरहने विषयलाई उनले उठाएकी छिन् । पितृसत्तात्मक समाजमा महिला नै सबभन्दा बढी सामाजिक, सांस्कृतिक, धार्मिक मूल्य मान्यताहरूको जकडमा परेर अस्तित्व र स्वतन्त्रता गुमाउन बाध्य भएको कुरा कुमारी लामाले उक्त लेखमा प्रस्तुत गरेकी छिन् । पितृसत्ता, पुँजीवाद र शक्तिले कमजोर शरीरमाथि प्रभुत्व जमाइ शरीर नियन्त्रण गर्ने र संस्कार, मूल्य, मान्यताको प्रभावबाट शरीर अलग रहन नसक्ने भएकाले शरीर स्वेच्छा वा बाध्यतावश प्रयोग हुँदै आएको विषय लामाले प्रस्तुत लेखमा उल्लेख गरेकी छिन् । प्रस्तुत सामग्री इल्या भट्टराईका कथामा शरीर राजनीतिको सैद्धान्तिक पर्याधार निर्माणका निम्ति निकै उपयोगी भएको छ ।

षडानन्द पौड्याल (२०७७) ले *नेपाली आख्यानमा शरीर राजनीति* शीर्षकको समालोचना पुस्तकमा मानिस जन्मिने समयमा समान भए पनि जीवनमा उसले सम्पादन गर्ने कर्म र भूमिकाका आधारमा मानिसलाई अनेक खण्डमा भाग लगाइएको चर्चा गरेका छन् । शरीरलाई विश्लेषण गर्ने सामाजिक आधारहरू बेग्लाबेग्लै भएको उल्लेख गर्दै पौड्यालले उक्त पुस्तकमा महिला शरीर वा पुरुष शरीरको सौन्दर्यका आधारभूत मापदण्ड शक्तिकेन्द्रमा आसीन पुरुषको रुचिअनुसार सत्ता, शक्ति, सामर्थ्य, लिङ्ग, भूगोल, धर्म, विधि, ईश्वरवादी चिन्तन अनेक पक्षबाट निर्धारण हुने अवधारणा प्रस्तुत गरेका छन् । उक्त पुस्तकमा पौड्यालले लिङ्ग, रङ, जात, वर्ग, समाज, धर्म, राजनीति, संस्कृति, शक्ति, प्रभुत्व इत्यादि सांस्कृतिक चेतनाका आधारमा शरीर राजनीतिका दृष्टिकोणबाट नेपाली आख्यानमा निहित मानव शरीरमाथि भएको राजनीतिको अध्ययन गर्न सकिने अभिव्यक्ति प्रस्तुत गरेका छन् । तसर्थ यस शोधकार्यमा शरीर राजनीतिको सैद्धान्तिक आधार प्राप्त गर्न यो पुस्तक एक प्रमुख आधार बनेको छ ।

रमेशप्रसाद भट्टराई (२०७७) ले *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* समालोचना पुस्तकमा सांस्कृतिक अध्ययनको परिचय, सांस्कृतिक अध्ययनको इतिहास, सांस्कृतिक अध्ययनका आधारहरू, सांस्कृतिक अध्ययनका क्षेत्रहरू, सांस्कृतिक अध्ययनको पद्धति तथा सांस्कृतिक अध्ययन र नेपाली सन्दर्भलाई प्रस्तुत गरेका छन् । उनले सांस्कृतिक अध्ययन पुस्तकमा वर्गीय, लैङ्गिक र जातीय सैद्धान्तिक आधारहरूको विश्लेषण गरी लैङ्गिक अध्ययनको कृति विश्लेषण गर्ने क्रममा पितृसत्तात्मक सामाजिक परम्परा, यौनिकता, लैङ्गिक विभेद शरीरमाथि गरिने दमन शोषण, हिंसा, अधीनस्थताबाट शरीरको राजनीति हुने गरेको विवरण प्रस्तुत गरेका छन् । शरीर राजनीतिको सम्बन्ध सत्ता, शक्तिद्वारा निर्मित विचारधारा, उत्पादन र उपभोक्तावादी संस्कृतिसँग रहने कथनलाई भट्टराईले उक्त पुस्तकमा अभिव्यञ्जित गरेका छन् । उपभोक्तावादी समाजमा शरीर मापनकर्ता शक्तिकेन्द्री पुरुष नै हुने भएकाले महिला वा पुरुषको आदर्श शरीरको माग एवम् पहिचान गर्ने क्रममा महिला शरीर प्रयोग हुँदै गइरहेको वर्तमान समयको प्रतिबिम्बन यस कृतिमा गरिएको छ । प्रस्तुत शोधकार्यमा सांस्कृतिक अध्ययनसम्बन्धी सैद्धान्तिक आधार प्राप्त गर्न यो पुस्तक उत्तम साबित भएको छ ।

शान्ति पौडेल (२०७७) ले *पारिभाषित आँखा उपन्यासमा शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोग* शीर्षकको शोधलेखमा शरीर राजनीतिलाई मानव समाजद्वारा विनिर्मित नीतिका रूपमा प्रस्तुत गरेकी छिन् । उक्त शोधलेखमा जैविक शरीरको मात्र अध्ययन नगरी सांस्कृतिक शरीर र त्यसले पारेको प्रभावको अध्ययन गरिने मान्यतालाई शरीर राजनीतिको रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधलेखको सैद्धान्तिक पर्याधारको विश्लेषण गर्ने क्रममा पुरुषका शरीरजन्य शक्तिले महिलाको शरीरमाथि, मस्तिष्कमाथि र विचारमाथि कब्जा जमाएर महिला शरीरमाथि राजनीति गर्ने परम्परागत संस्कृति रहेको उल्लेख गरेकी छन् । यहाँ शक्ति र ज्ञानबाट वञ्चित गरिएका महिलाहरू अन्य उपभोग्य वस्तुझैँ उपभोग्य वस्तु बन्न पुगेका र मानिसका सम्बन्धलाई खण्डित गर्दै लगेको नवीन सिद्धान्तका रूपमा शरीर राजनीतिलाई पुष्टि गरिएको छ ।

प्रस्तुत पूर्वकार्यमा समीक्षा भएका इल्या भट्टराईको *मन मनै त हो* कथासङ्ग्रहमा रामप्रसाद ज्ञवालीको 'भूमिका', ध्रुवचन्द्र गौतमले *अनि ...* कथासङ्ग्रहमा 'इल्याका कथाहरूमा संभावनाको आवाज', भूमिका, लीला लुइटेलले *अनि ...* कथासङ्ग्रहको विश्लेषण, 'इल्या

भट्टराईको कथाशिल्प', खगेन्द्रप्रसाद लुइटेलले 'समस्यामूलक कथासङ्ग्रह जीवनका रंगहरू' कथासङ्ग्रहको भूमिकामा अल्प विषयमा परेका महिलाको जीवन सशस्त्र द्वन्द्व, दमन, शोषण एवम् उत्पीडनमा परेको विषय वर्णित छ । त्यसैगरी लक्ष्मणप्रसाद गौतम, ज्ञानु अधिकारीले इल्याका कथाले नारी दमन, शोषण, स्वतन्त्रता एवम् वैयक्तिकताको दृष्टि दिएको उल्लेख गरेका छन् ।

कुमारी लामा, रमेशप्रसाद भट्टराई, षडानन्द पौड्यालका समालोचनात्मक ग्रन्थहरूले शरीर राजनीतिका दृष्टिले कथा विश्लेषणका निम्ति आवश्यक सैद्धान्तिक पर्याधारका लागि मार्गदर्शन गरेका छन् । प्रस्तुत पूर्वकार्यमा समीक्षा भएका कुनै पनि सामग्रीमा इल्या भट्टराईका कथामा शरीर राजनीतिको अध्ययन विश्लेषण भएको देखिँदैन । भट्टराईका कथामा रहेको यही प्राज्ञिक रिक्ततालाई पूर्णता दिन यहाँ उठाइएको शोधसमस्या अध्ययन विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य तथा महत्त्व

प्रस्तुत इल्या भट्टराईका कथामा शरीर राजनीति शीर्षकको शोधकार्य सांस्कृतिक अध्ययनअन्तर्गत नवीनतम समालोचना परम्परामा विकसित शरीर राजनीतिका दृष्टिले विश्लेषण गरी वस्तुगत निष्कर्ष स्थापित गरिएको छ । यस शोधकार्यमा गरिने अनुसन्धानात्मक कार्यले इल्याका कथामा प्रयुक्त शरीर राजनीतिका बारेमा प्रमाणिक निष्कर्ष प्रस्तुत गरेको हुनाले यसको प्राज्ञिक एवम् अनुसन्धानात्मक औचित्य पुष्टि भएको छ । शरीर राजनीति पद्धतिका आधारमा इल्या भट्टराईका कथाहरूको विश्लेषण गर्दा यस शोधकार्यबाट शरीर राजनीतिका विषयमा जिज्ञासा राख्ने तथा इल्याका कथामा त्यसको प्रयोगसम्बन्धी जानकारी प्राप्त गर्न चाहने प्राज्ञिक एवम् प्रबुद्ध पाठकवर्ग लाभान्वित हुने हुँदा यस अध्ययनको औचित्यपूर्ण महत्त्व स्पष्ट भएको छ । आख्यान कृतिको विश्लेषणात्मक ढाँचा गहन अध्ययनबाट तयार पारिएको हुँदा यसले भावी शोधकर्ताहरूलाई गम्भीर अध्ययनमा उन्मुख गराउन र नवीन अन्वेषण र मूल्याङ्कन गर्नका लागि मार्गनिर्देशन प्रदान गर्ने हुनाले प्रस्तुत शोधकार्य अध्ययन, अध्यापन गर्ने तथा गराउने प्राज्ञिक व्यक्तित्वसमेत लाभान्वित हुने भएकाले औचित्यपूर्ण रहेको स्पष्ट हुन्छ ।

## १.६ शोधविधि

प्रस्तुत शोधकार्यका लागि उपयोग गरिने शोधविधिअन्तर्गतका सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको विधि पर्दछन् । प्रस्तुत शोधकार्यको शोधविधि तल प्रस्तुत गरिएको छ ।

### १.६.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्यका समस्यासँग सम्बद्ध प्राथमिक तथा द्वितीयक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय विधिबाट गरिएको छ । शरीर रानजीतिको सघनता भएका इल्या भट्टराईका कथाहरू प्रस्तुत शोधकार्यका प्राथमिक सामग्री हुन् । यस्ता सामग्री यस शोधकार्यको तेस्रो परिच्छेदमा गरिएको भट्टराईका कथाहरूको विस्तृत सर्वेक्षणअन्तर्गत प्रस्तुत गरिएका सतत्तरओटा कथामध्ये विश्लेषणका निम्ति सोद्देश्य नमुना छनोट पद्धतिबाट चयन गरिएका पच्चिसओटा कथा पर्दछन् । सङ्कलित सामग्रीको अर्थापानका लागि इल्या भट्टराईका कथालाई सघन पाठविश्लेषण विधिअनअुरूप सूक्ष्म पठन गरी स्थापित सिद्धान्तका आधारमा सन्दर्भपरक अध्ययन गरी तयार पारिएको प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । प्राथमिक सामग्रीका रूपमा चयन गरिएका ती कथाहरू यस प्रकार छन् : (१) कुनै दिन शिरीष ढकमक्क फुल्ला (२) अनुवाद (३) नियति (४) आज पनि हामी राम बेर्होछौँ (५) कठै ! इन्दिरा (६) मन मनै त हो (७) डेफोडिल अझै फुलेको छैन (८) विप्लवी (९) मेरी फुपू (१०) विडम्बना (११) निःशब्द प्रश्नहरू (१२) डोल्मा (१३) त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन (१४) दाजु ! मलाई मद्दत गर्नुहोस् (१५) कसको दोष थियो (१६) आखिर त्यही भयो (१७) नसिमा अकस्मात पराई भइन् (१८) निःशब्द प्रश्नहरू (१९) जीवन यौटा सम्झौता नै त रहेछ (२०) जीवनका रंगहरू (२१) दुई दिनको जीवन मायामा बितोस् (२२) नियो (२३) जीवनको अर्थ खोज्दै (२४) बेनाम सम्बन्ध (२५) वेभलेन्थ प्रस्तुत विश्लेष्य कथाको सूक्ष्म पठन गरी विश्लेषणका निम्ति छनोट गरिएको छ ।

शोधकार्य सम्पन्न गर्न आवश्यक सैद्धान्तिक अवधारणासँग सम्बन्धित ग्रन्थ कथाका विषयमा गरिएका पूर्ववर्ती अध्ययन विश्लेषणलाई द्वितीयक स्रोत सामग्रीका रूपमा प्रयोग गरिएको छ । यी दुवै प्रकृतिका सामग्री सङ्कलन टिपोट विधिद्वारा गरिएको छ ।

### १.६.२ सामग्री विश्लेषणको विधि

सामग्रीको विश्लेषण अनुसन्धानको प्रमुख कार्य हो । गुणात्मक अनुसन्धान सामग्रीको वर्णन, व्याख्या विश्लेषणमा केन्द्रित हुन्छ । गुणात्मक सामग्री विश्लेषण भनेको सामग्री तथा त्यसमा प्रस्तुत गरिएका कुरामा अर्थनिर्माणको परोक्ष वा प्रत्यक्ष आयाम तथा संरचनाका बारेमा

भन्नका लागि भाषिक सामग्रीको वर्गीकरण र व्याख्या हो । अनुसन्धानको मुद्दा पहिल्याउन र वर्णन गर्न सामग्रीको विश्लेषण गरिन्छ । लेखकको उद्देश्य, इच्छा, आशय राम्ररी बुझ्न सामग्रीको व्याख्या र विश्लेषण आवश्यक पर्दछ । सामग्री विश्लेषणको विधिअन्तर्गत सामग्रीको प्रशोधन र सामग्रीको विश्लेषण पर्दछन् (घर्ती, २०८०, पृ. ७३) ।

सङ्कलित कच्चा सामग्रीमा रहेका गल्ती पत्ता लगाउनु र सकेसम्म त्यस्ता गल्तीलाई हटाउनका लागि तिनको परीक्षण गर्नुलाई सामग्रीको सम्पादन वा सत्यापान गर्नु भनिन्छ । गुणात्मक अनुसन्धानमा सामग्री विश्लेषणका विभिन्न विधिहरू पर्दछन् । तीमध्ये पाठविश्लेषण, विषयगत विश्लेषण, विषयवस्तु विश्लेषण, वार्तालाप विश्लेषण, सङ्कथन विश्लेषण, शैली विश्लेषण, कम्प्युटर सफ्टवेयरद्वारा सामग्री विश्लेषण उल्लेखनीय छन् । पाठ विश्लेषण सामग्री विश्लेषणको त्यस्तो विधि हो जसले अन्तर्वस्तु र अर्थको ध्यानपूर्वक परीक्षण गर्दछ (घर्ती, २०८०, पृ. ७४) । प्रस्तुत शोधकार्यमा पाठ विश्लेषण विधिलाई अवलम्बन गरी यहाँ सामग्रीको प्रशोधन एवम् विश्लेषण गरिएको छ । समस्याकथनको समाधानका निम्ति आख्यानमा प्राज्ञिक अध्ययन भएका विभिन्न सामग्रीको संयोजन गरी अवधारणात्मक ढाँचा तयार गरिएको छ । शरीर राजनीतिको सैद्धान्तिक मान्यता एवम् यसको प्रयोगका बारेमा विस्तृत अध्ययन दोस्रो परिच्छेदमा प्रस्तुत गरिएको छ । जसमा शरीर राजनीतिको पहिचानका लागि मिसेल फुकोको *डिसिप्लिन एन्ड पनिस, हिस्ट्री अफ सेक्सुवालिटी, पावर नलेज,* एन्टोनियो ग्राम्सीको *हिजेमोनी,* सिमोन द बुभायरको *द सेकेन्ड सेक्स,* षडानन्द पौड्यालको *नेपाली आख्यानमा शरीर राजनीति,* ताराकान्त पाण्डेयको *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* तारालाल श्रेष्ठको *शक्ति र सल्बार्टन,* रमेशप्रसाद भट्टराईको *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* ज्ञानू पाण्डेद्वारा सम्पादित *समकालीन पाश्चात्य समालोचना, सिद्धान्त र प्रणेताहरू,* सुधा त्रिपाठीको *नारीवादी समालोचना,* कुमारी लामाको *समकालीन नेपाली कथामा शरीर राजनीति,* भृकुटीको *नारीवादी विशेषाङ्क,* नेत्र एटमको 'पहेँलो गुलाफ' कथामा नारी शरीरमाथिको राजनीति विषयमा गरिएका प्राज्ञिक शोधप्रबन्धजस्ता आधिकारिक अध्येताका सामग्रीहरूलाई उपयोग गरिएको छ ।

प्रस्तुत अध्ययनको लागि आवश्यक सङ्कलित सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक आधार पाश्चात्य समालोचना परम्पराको नवीन समालोचना पद्धतिका रूपमा देखा परेको सांस्कृतिक अध्ययनका क्रममा विकसित शरीर राजनीतिलाई लिइएको छ । सन् १९६० को

दशकमा सैद्धान्तिक दृष्टिले संस्कृतिकेन्द्री अध्ययन गरी मानव व्यवहारको पहिचान गर्ने उद्देश्यका साथ बेलायतको बर्घिङ्गम विश्वविद्यालयमा स्थापित सेन्टर फर कन्टेम्पोरी कल्चरल स्टडिजको सांस्कृतिक क्षेत्रबाट अभिप्रेरित भई शरीर राजनीतिको खोजी गर्न थालिएको पाइन्छ (खनाल, २०७५, पृ. १३) । शरीर राजनीतिको पृष्ठभूमि निर्माणमा सांस्कृतिक अध्ययन, लैङ्गिक अध्ययन, उपभोक्तावादी संस्कृति, पितृसत्तात्मक समाज, फेसन संस्कृति, शक्ति र प्रभुत्व मुख्य मानिएका छन् (पौडेल, २०७७, पृ. ३१) । समाज र संस्कृतिको प्रभावबाट शरीर अलग रहन नसक्ने भएकाले मानव शरीर चाहेर वा नचाहेर विभिन्न किसिमले प्रयोग भइरहेको हुन्छ (खनाल, २०७६, पृ. १२९) ।

सांस्कृतिक अध्ययनको प्रारम्भ १९६० को दशकबाट बेलायतमा भएको पाइन्छ भने अमेरिकामा भने १९८० को दशकबाट यसको प्रयोग थालिएको देखिन्छ। अमेरिकन सांस्कृतिक अध्ययनले साहित्यलाई पाठकीय दृष्टिले विश्लेषण गर्दै साहित्यमा अन्तर्निहित शक्ति संरचनाको खोजी गर्दछ । यसअन्तर्गत शक्ति संरचनाको पहिचान एवम् सन्दर्भ शक्तिहरूको प्रतिरोध क्षमताको अध्ययन साथै उपभोक्तावादी संस्कृतिले कसरी मानिसहरूको मानसिक र शारीरिक अवस्थालाई प्रभावित गर्छ भन्ने विषयलाई समेट्छ । अमेरिकी सांस्कृतिक अध्ययन बहुसांस्कृतिक विकासको अवधारणासँग जोडिएकाले केन्द्रविहीन (नो सेन्टर) रहन पुग्यो । यस अध्ययनभित्र जातीय पहिचान, नारीवाद, ट्रान्सजेन्डरजस्ता विविध सामाजिक, सांस्कृतिक विमर्श पर्दछन् (पाण्डेय, २०६८, पृ. १-४) । मानवमूल्य, सामाजिक मर्यादा र प्रतिष्ठामा पितृसत्ताको प्रभाव प्रमुख मानिन्छ । पितृसत्ताद्वारा महिलालाई पुरुषमाथि आश्रित वा पुरुषद्वारा रक्षिताको रूपमा परिभाषित गरी पराश्रित र शक्तिविहीन बनाइएको छ जसको निर्मितिबाट महिलाहरू उपभोग्य वस्तुका रूपमा उपयोग गरिन्छन् । यसरी शक्तिहीन बनाइएको महिला शरीर उपभोग्य वस्तुका रूपमा वस्तुकरण गरी उनीहरूको शारीरिक तथा मानसिक सक्षमतालाई सीमित वा नियन्त्रण गरिएको विषयलाई सांस्कृतिक अध्ययनको विषयका रूपमा अध्ययन गरिन्छ ।

फ्रान्सेली दार्शनिक फुको (सन् १९२६-१९८४) ले सिङ्गो समाजलाई शरीरको रूपमा परिभाषित गरी शरीरलाई शक्तिको रूपमा परिभाषित गरेका छन् । शक्ति एक केन्द्रमा मात्र निहित नभई समाजका विभिन्न तहमा छरिएर रहन्छ भन्ने धारणा राख्ने फुकोले शरीरलाई शक्ति प्रवाहको माध्यमका रूपमा परिभाषित गरेका छन् । शक्ति केन्द्रीकृत सत्तामा सीमित

नभई समाजका तल्लो तहका ससाना इकाइहरूमा छरिएर रहन्छ भन्ने धारणा राख्ने फुकोले शरीरलाई शक्ति प्रवाहको माध्यमका रूपमा परिभाषित गरेका छन् । शक्ति शरीरमाथिको व्यवहार हो । शक्तिले मानिसहरूको व्यवहार र जीवनशैलीलाई परिभाषित गर्छ भन्दै फुकोले विविध विमर्शका माध्यमबाट महिलाको शरीरमाथि शक्तिको प्रयोग गरिएको हुन्छ भनेका छन् । पत्नी, छोरी, आमा, बुहारी, सेविकाका रूपमा महिलाको शरीरलाई खण्डीकृत बनाइएको हुन्छ । यसरी खण्डीकृत शरीर एउटा स्पेश हो, जसमाथि शक्तिको प्रयोग गरिएको हुन्छ (फुको, सन् १९८४, पृ. १७३) । समाजमा महिलाहरूको स्थान परम्परागत पुरुषप्रधान संरचनाभित्र नियन्त्रित रहन्छ । महिलाको श्रम, उत्पादन क्षमता, यौनिकता तथा प्रजनन् शक्ति सबै पितृसत्ताको नियन्त्रणमा देखिन्छ । पितृसत्ताले यौनिकता तथा प्रजनन्जन्य सम्बन्धहरूलाई समेत नियन्त्रण गर्दै महिलाहरूको स्वतन्त्रतालाई सीमित गर्छ । यसरी समाजका विभिन्न तहमा शक्ति तथा नियन्त्रणको निरन्तर प्रवाह भइरहन्छ जसले व्यक्तिको जीवनशैली, सामाजिक संरचना तथा सांस्कृतिक विमर्शलाई परिभाषित गर्छ ।

समाजमा महिला र पुरुष बिच भिन्नता ल्याउने प्रमुख तत्व पितृसत्ता हो । मानव मर्यादा तथा सामाजिक प्रतिष्ठालाई सीमित बनाउने यस संरचनाले महिला शरीरमाथि राजनीति गरेको पाइन्छ । सामन्ती पुँजीवादी आर्थिक संरचनाले व्यक्तिलाई आर्थिक उत्पादनको आधारमा परिभाषित गर्छ । पश्चिमी समाजशास्त्रीय चिन्तनमा सामाजिक जीवनलाई संस्कृतिकरणको दृष्टिकोणबाट व्याख्या गरिएको छ । महिलाको शरीर केवल जैविक अस्तित्व मात्र नभएर सांस्कृतिक अर्थमा महत्त्वपूर्ण हुने भनिएको छ । शरीरको राजनीतिक अध्ययनले शरीरलाई केवल भौतिक अस्तित्वको रूपमा मात्र नभई सांस्कृतिक र सामाजिक संरचनासँग जोडेर अध्ययन विश्लेषण गर्ने गर्दछ । शरीर राजनीतिको सामाजिक संरचनागत निर्मितिसँग घनिष्ठ सम्बन्ध हुन्छ भन्ने विषयलाई एन्टोनियो ग्राम्सीको हिजेमनी, उत्तरसंरचनावादी फुकोको बहुसांस्कृतिकता, स्टुआर्ट हलको पहिचान र प्रतिनिधित्वजस्ता अवधारणाको गहन पठनबाट स्पष्ट हुन्छ । प्रस्तुत अध्ययनले शरीर राजनीतिको सूक्ष्म पठन गर्दै यसका विभिन्न पक्षहरूको विस्तृत अध्ययन गरेको छ । शरीर राजनीतिसम्बन्धी अवधारणात्मक ढाँचाअन्तर्गत निम्नलिखित ढाँचा एवम् सूचकलाई लिइएको छ :

| | सूचक |
|---|---|
| पितृसत्तात्मक सामाजिक दृष्टि | - यौनिकता र प्रजनन् |
| | - शक्ति र प्रभुत्व |
| | - लैङ्गिकता |
| शरीरसम्बन्धी निर्वासनको प्रयोग | - द्वन्द्व र युद्ध |
| | - उपभोक्तावादी चिन्तन |

शरीर राजनीति विश्लेषणका उक्त सूचकलाई केन्द्रीयतामा राखी महिला शरीरमाथि पितृसत्तात्मक सामाजिक दृष्टि र महिला शरीरमाथि निर्वासनको प्रभाव दुईओटा पक्षका मूल आधारका विश्लेषणमा प्रस्तुत अध्ययन परिसीमित गरिएको छ ।

प्रस्तुत शोधकार्य मुख्यतः पाठ विश्लेषण विधिमा आधारित छ। त्यस क्रममा अनुसन्धेय पाठको सूक्ष्म पठन गरेर शरीर राजनीतिका सूचकहरू पहिल्याई तिनका आधारमा पाठको विश्लेषण गरिएको छ । शरीर राजनीतिको सन्दर्भ सामाजिक संरचनासँग जोडिएकाले विश्लेषणका क्रममा सामाजिक संरचनाका सन्दर्भको पनि उपयोग गरिएको छ। प्रस्तुत शोधको सैद्धान्तिक आधार सांस्कृतिक आधार हो । सांस्कृतिक अध्ययनका क्रममा विकसित शरीर राजनीतिका विविध मान्यतामध्ये महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, महिला शरीरमाथिको शक्ति र प्रभुत्व तथा महिला शरीरमाथि निर्वासनले पारेको प्रभाव स्थापित शरीर राजनीतिका सैद्धान्तिक आधारमा महिला शरीरमाथि पितृसत्ताको प्रयोगलाई कथाकै उद्धरणमा टेकेर विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## १.७ शोधको सीमाङ्कन

नियात्रा र कथा विधामा कलम चलाएकी इल्या भट्टराई यी दुवै विधामा उत्तिकै सशक्त देखिन्छिन् । यस अध्ययनमा उनका कथा विधालाई मूल सामग्रीका रूपमा चयन गरी शरीर राजनीतिको विश्लेषणका निम्ति भट्टराईका २०६० सालदेखि २०७४ सालसम्म प्रकाशित *मन मनै त हो, अनि ..., निःशब्द प्रश्नहरू, जीवनका रंगहरू* र *त्यो एउटा बिहान* जम्मा पाँचओटा कथासङ्ग्रहमा सङ्गृहीत सतत्तरओटा कथाको अध्ययन गरिएको छ। इल्या भट्टराईका कथामा महिला र पुरुष दुवैको शरीर प्रयोग भएको पाइन्छ । तुलनात्मक रूपमा महिला शरीर घर, समाज, कार्यालय, देश, विदेश सबै क्षेत्रमा विशेष रूपमा बढी प्रयोग भएका कारण भट्टराईका महिला शरीर प्रयोगका दृष्टिले शक्तिशाली पच्चिसओटा कथाहरू सीमित गरी विश्लेषण गरिएको छ ।

(१) नियति (२) अनुवाद (३) कुनै दिन शिरीष ढकमक्क फुल्ला (४) आज पनि हामी राम बेहोर्दै छौँ (५) कठै ! इन्दिरा (६) डेफोडिल अझै फुलेको छैन (७) बिडम्बना (८) विप्लवी (९) मेरी फुपू (१०) डोल्मा (११) दाजु ! मलाई मद्दत गर्नुहोस् (१२) यहाँ सधैँ सत्यमेव जयते हुँदैन (१३) कसको दोष थियो ? (१४) आखिर त्यही भयो (१५) नसिमा अकस्मात पराई भइन् (१६) निःशब्द प्रश्नहरू (१७) दुई दिनको जीवन मायामा बितोस् (१८) नियो (१९) टाँकीको फूल र एक जोडी आँखा (२०) उनी एक्ली हुने छैनन् (२१) जीवनको अर्थ खोज्दै (२२) बेनाम सम्बन्ध (२३) म के गरुँ ? (२४) जीवन यौटा सम्झौता नै रहेछ र (२५) वेभलेन्थ ।

सांस्कृतिक अध्ययन बहुविषयात्मक अध्ययन पद्धति भएकाले यसको क्षेत्र बृहत् रहेको छ । महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टि र महिला शरीरमाथि निर्वासनको प्रभाव गरी दुईओटा पक्षका मूल पर्याधार र त्यससँग सम्बन्धित शक्ति र प्रभुत्व, यौनिकता र प्रजनन्, लैङ्गिकता, द्वन्द्व तथा युद्धका कारण शरीरको निर्वासन र उपभोक्तावादी चिन्तनका कारण निर्वासनले महिला शरीरमा पारेको प्रभाव उपशीर्षकलाई सूचक मानी विश्लेषणमा परिसीमित गरिएको छ । पितृसत्तात्मक सामाजिक निर्मितिका कारण भट्टराईका कथा यौन उत्पीडन, हिंसा, द्वन्द्व तथा युद्ध सम्बद्ध रहेकाले शरीर राजनीतिको उक्त सूचकहरू उपयोग गरी यहाँ उक्त कथाहरूको विश्लेषण गरिएको छ । शरीर अध्ययनका बाँकी अन्य कोणहरू पुरुष शरीर राजनीति, महिला शरीरको सामाजिकीकरण प्रक्रिया, पहिचानका रूपमा शरीरको प्रयोग शरीरप्रतिको लचिलोपना, फेसन संस्कृतिका रूपमा शरीरको प्रयोग आदिका आधारमा इल्या भट्टराईको कथाको विश्लेषण गरिएको छैन ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित तथा व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि यस शोधप्रबन्धको मूल भागलाई चारओटा परिच्छेदहरूमा विभाजन गरिएको छ र ती परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरूमा समेत बाँडिएको छ । यस शोधप्रबन्धको परिच्छेदगत रूपरेखा यसप्रकार रहेको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपरिचय |
| दोस्रो परिच्छेद : | इल्या भट्टराईका कथामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि |
| तेस्रो परिच्छेद : | इल्या भट्टराईका कथामा महिला शरीरमाथि निर्वासनको प्रभाव |
| चौथो परिच्छेद : | सारांश तथा निष्कर्ष |

# दोस्रो परिच्छेद

# इल्या भट्टराईका कथामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

## २.१ विषयपरिचय

प्रस्तुत शोधको मूल विषय शरीर राजनीतिका दृष्टिले इल्या भट्टराईका कथाको अध्ययन गर्नु हो । यस परिच्छेदमा इल्याका कथामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको अध्ययन गरिएको छ । पितृसत्तामा पुरुषको वर्चस्व रहेको हुन्छ । परम्परागत कर्तव्य र नैतिकताको बार लगाएर पितृसत्ताद्वारा महिला शरीरमाथि दमन हुन पुगेको सन्दर्भको विश्लेषण इल्याका कथामा गरिएको छ । यस परिच्छेदमा महिला शरीरप्रति पितृसत्ताको दृष्टिकोणको अध्ययन गर्न यौनिकता र प्रजनन, शक्ति र प्रभुत्व, श्रम र उपार्जन, लैङ्गिकताजस्ता सूचकका आधारमा इल्या भट्टराईका *मन मनै त हो, अनि ..., निःशब्द प्रश्नहरू, जीवनका रंगहरू* र *त्यो एउटा बिहान* गरी जम्मा पाँचओटा कथासङ्ग्रहमा सङ्गृहीत 'नियति', 'डोल्मा', 'निःशब्द प्रश्नहरू', 'म के गरुँ', 'बेनाम सम्बन्ध' र 'जीवनको अर्थ खोज्दै' छओटा चयनित कथामा प्रयुक्त महिला पात्रका शरीरप्रति स्थापित पितृसत्तात्मक सामाजिक दृष्टिकोण विश्लेषण गरिएको छ ।

## २.२ महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

'पितृसत्ता' शब्दको अभिप्राय पुरुषको शासन भन्ने हुन्छ । परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुषको अधीनमा रहने समाज व्यवस्थाको ढाँचा नै पितृसत्ता हो (भृकुटी, २०७७, पृ. ३६) । यसले समाजमा रहेको मूलभूत शक्तिलाई पुरुषको नियन्त्रणमा राखेर राजनीतिक, सामाजिक र आर्थिक प्रभुत्वमाथि आफ्नो भूमिकालाई सर्वेसर्वा ठान्दछ । पितृसत्ताले निर्माण गरेको मूल्य मान्यताले मानवीय मूल्यमा समेत उचनीचको अवस्था सिर्जना गरेको छ । यस किसिमका मानकहरू पुरुषका हितलाई ध्यानमा राखी बनाइएका छन् । नारी शरीर कोमल, सहनशील, निरीह, कमजोर, परनिर्भर, आकाङ्क्षारहित रुन्चे प्रवृत्तिका प्रतीकका रूपमा परिचित छ भने पुरुषलाई कठोर, साहसी, आत्मनिर्भर, स्वाबलम्बी, रक्षक, महत्त्वाकाङ्क्षी, नरुने मालिकको प्रतीकका रूपमा चिनाइएको छ (भद्रा, २०६७, पृ. १०) । यिनै भिन्न सामाजिक निर्मितिले गर्दा पुरुषले महिलाको शरीरमाथि नियन्त्रण गरेको छ । नारीदेहमाथि पितृसत्ताबाट हुने विभेद, शोषण र दमनविरुद्धको चिन्तनलाई महत्त्व दिई अध्ययन गर्ने काम शरीर राजनीतिले

गर्छ । “पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो, जसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै मुखियाको अधीनमा रहन्छन्” (पाण्डे, २०६९, पृ. ११) । सम्पूर्ण भौतिक तथा अभौतिक संरचना एवम् व्यवहारमाथि पूर्ण रूपमा पुरुषको स्वामित्व र स्वनिर्णयको अधिकार रहेको हुन्छ । यहाँ इल्या भट्टराईका कथाहरूको पितृसत्तात्मक सामाजिक व्यवहारलाई सूचक बनाई अध्ययन गरिएको छ ।

### २.२.१ यौनिकता र प्रजननप्रति पितृसत्तात्मक सामाजिक दृष्टि

यौनिकता र प्रजनन हरेक प्राणीमा हुने प्राकृतिक विशेषता हो । यौनिकता पुरुष र महिला दुवैको जैविकीय चाहनाअन्तर्गत पर्दछ । पितृसत्ताद्वारा महिलाको यौनिकता र प्रजननमाथि नियन्त्रण हुँदा महिलाहरू उत्पीडनमा परेका छन् । प्राकृतिक रूपमा रहेको यौनिकतालाई पितृसत्ताले सामाजिक र नैतिक प्रतिष्ठासँग जोडी सांस्कृतिक निर्मिति बनाइदिँदा पितृसत्ताको पक्कड बलियो बन्न पुग्यो भने महिलाहरू यौनिक उत्पीडनमा जेलिन पुगे । प्रजनन, गर्भपतन, यौनसम्बन्ध जस्ता वैयक्तिक अधिकारमा पितृसत्ताले नियन्त्रण गरेको छ (भृकुटी, २०७७, पृ. ३८) । महिलाले विवाह गर्ने कि नगर्ने, परिवार नियोजन गर्ने कि नगर्ने, बच्चा कहिले कति जन्माउने, गर्भमा रहेको शिशुलाई जन्म दिने कि नदिने भन्ने विषयहरू महिला शरीर विषयाधिकारभित्र पर्ने कुरा हुन् तर समाजमा यी सबै विषयहरूमाथि पितृसत्ताको निर्णय हुन्छ । “महिलाको आफ्नो शरीरसँग सम्बन्धित प्रजनन अधिकारसमेत पुरुषको नियन्त्रणमा रहन्छ” (खनाल, २०७६, पृ. २२) । पुरुष वा सम्बन्धित सत्ताको स्वीकृतिविना यौनजन्य व्यवहार, गर्भधारण क्रिया वा अनिच्छित गर्भपतन जस्ता विषयमा निर्णय गर्ने अधिकार महिलालाई दिइँदैन ।

महिलाले जस्तोसुकै असत् चरित्रको पुरुषलाई पनि पतिका रूपमा स्वीकार गरी परिवार सम्हाल्नुपर्ने तर पुरुषले अनैतिक सम्बन्ध गाँस्दा उसको चरित्रमाथि मौन रहने संस्कृतिलाई पुरुषसत्ताले नै जन्माएको हो । यसै सन्दर्भमा हेकमकुमारी सुवेदीले लेखेकी छिन्, “आफ्नो शरीर पुरुषकै नियन्त्रणमा रहेकाले महिलाले सुरक्षित, सस्तो र निःशुल्क गर्भपतन गर्ने अधिकार गुमाएका छन् । पितृसत्तात्मक चिकित्सा प्रणालीले महिलाको शरीरमाथि अधिकार जमाएर अनिच्छित गर्भपतन गर्ने अधिकारबाट वञ्चित गरेको छ” (सुवेदी, २०८१, पृ. १७) । महिलाको शरीर उसको श्रीमान्को निजी उपभोग्य पुँजी हो जसलाई लोग्ने भएको नाताले आफ्नो चाहनाअनुसार उपभोग गर्छ । उल्लिखित सैद्धान्तिक सूचकका आधारमा इल्या भट्टराईका चयन गरिएका कथाहरूकै उद्धरणका आधारमा विश्लेषण गरिएको छ ।

### २.२.२ इल्या भट्टराईका कथामा यौनिकता र प्रजननप्रति पितृसत्तात्मक सामाजिक दृष्टि

इल्या भट्टराईले नेपाली समाजमा नारीहरूले भोग्नुपरेको यथार्थको चित्रण गरेकी छन् । समाजमा रहेका शिक्षित वा अशिक्षित व्यक्तिहरूमा के कस्तो पितृसत्तात्मक सोच के कसरी व्यक्त भएको छ ? त्यसले महिला शरीरको यौनिक एवम् प्रजनन अधिकारको दोहन कसरी गरेको छ ? उनका कथाका पात्रहरू गर्भाशय तथा मातृत्व हकप्रति कतिको सचेत देखिएका छन् भन्ने कुराको अध्ययन यहाँ गरिएको छ ।

इल्या भट्टराईको *मन मनै त हो* कथासङ्ग्रहमा सङ्गृहीत 'नियति' शीर्षकको कथामा प्रयुक्त 'म' नारी पात्रका माध्यमबाट यौनिकतामाथि पितृसत्तात्मक सामाजिक चिन्तनका कारण दुर्घटित नारी जीवनको यथार्थ चित्र उतारिएको छ । यस कथामा नारीमाथि हुने यौनशोषणको झाँकीको रूपमा प्रशान्तलाई लिइएको छ । जो 'म' पात्रको दोस्रो श्रीमान् र पहिलो प्रेमको रूपमा प्रस्तुत छ । प्रशान्तमार्फत् महिलाको शरीरलाई उपभोग्य वस्तुका रूपमा उपभोग गरी पितृसत्ताले नारी शरीरमाथि नियन्त्रण गरी राजनीति गरेको कुरा प्रस्तुत कथनले पुष्टि गर्छ :

> ऊबेला अल्लारे बुद्धिको आवेशमा तँप्रतिको दयाभावले, जीवनमा एउटै उद्देश्य देख्यो, तेरो उद्धार गर्ने । त्यसमा नै मैले जीवनको महानता देखेँ । मैले आफ्नो भविष्यबारे केही सोचिनँ, तर बिहे गरेको ५, ६ वर्षपछि नै म तसँग अघाइसकेको थिएँ । तँमा मलाई बाँधेर राख्न सक्ने क्षमता थिएन । तेरो लोग्नेले भुत्रो पारेको तेरो यौवन निखदै गएको थियो । अनि तँबाट मेरो रगत जीवन्त भई यो पृथ्वीमा आउन पनि सक्दैनथ्यो । तँलाई आफ्नो जीवनमा समाहित गरेकोमा म दिनप्रतिदिन पश्चातापको आगोमा जल्न थालेको थिएँ । तैँले मेरो त्यो अवस्था विचारै गर्न सकिनस् । अप्रत्यासित रूपमा पाएको खुसीमै तँ यस्तरी विलीन भइस् कि तैँले आफूप्रतिको मेरो परिवर्तित भावलाई लक्ष्यै गर्न सकिनस् । एक्कासि मैले मेरो सुन्दर भविष्यको रूपमा तेरी छोरीलाई देखेँ । मलाई मेरो लगानी आकर्षक व्याजसहित आउने पक्का भयो । हो त्यही बेलादेखि म तेरी छोरी तरुनी हुने प्रतीक्षा गरिरहेको थिएँ । हेर, मैले तँलाई तैँले नचिताएको सुख दिएँ, अब तेरो पालो, तँ मलाई मैले चिताएको सुख दे । (भट्टराई, २०६०, पृ. ७४)

होटल चलाएर छोराछोरीसहित श्रमिान्लाई पालेर बसेकी 'म' पात्रमाथि श्रीमान्ले दिएको शारीरिक एवम् मानसिक आघात देखेपछि प्रशान्तले प्रेम गरी बिहे गरेर ल्याएकी श्रीमती 'म' पात्रलाई भन्ने क्रममा उक्त कथन आएको छ। यसलाई उनले निकै महान् उपकार गरेको ठानी अब यौनप्यास मेटाउन श्रीमतीको शरीरको सट्टा छोरी सुम्पिनुपर्ने सर्त राखेको प्रसङ्गबाट प्रशान्तले पुरुषसत्ताको घिनलाग्दो एवम् अनैतिक वीभत्सतालाई प्रतिबिम्बन गरेको देखिन्छ । यहाँ महिलाको शरीर यौन प्रयोजनका निम्ति प्रयोग गरिने वस्त्र हो जुन प्रयोग गरिसकेपछि पुनः प्रयोग गर्न सकिँदैनझैँ गरी प्रशान्तले श्रीमतीको बदलामा उसकी छोरी मागेको प्रसङ्गबाट ऊ सुकिला कपडाभित्र लुकेको विषाक्त यौन पिपासुको चरित्रका रूपमा चित्रित छ। पितृसत्ताको पक्षधर प्रशान्त 'म' पात्रबाट जन्मिएका सन्तानलाई आफ्नो स्वीकार गर्न सक्दैन र उसको शरीरको रक्तबीज नभएकै कारण नवयौवना छोरीको शरीरलाई निर्जीव वस्त्रका रूपमा भोग गर्न चाहन्छ। बौद्धिक सेलिब्रेटी गायत्री चक्रवर्ती स्पिभाकले "एउटै चिज औषधी हो, विष पनि हो" (पाण्डे, २०७४, पृ. १५५) भने झैँ प्रशान्तसँग पाएको प्रेम र जीवनमा विकसित खुसीका अनेक रङ्गहरू नै 'म' पात्रका लागि घातक भएको र त्यसको क्षतिबाट मानवीय संवेदनामा लागेको चोटको उद्बोधन यस कथनमा गरिएको छ । आफ्नो लगानीको व्याजका रूपमा यौवनको रस लिन पर्खिरहेको छु भन्ने प्रशान्तको अभिव्यक्तिबाट समाजमा पत्नी, छोरी, बुहारी... सबै सधैँ यौनहिंसाको केन्द्रबिन्दुमा पर्ने देखाइएको छ ।

इल्या भट्टराईको *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'निःशब्द प्रश्नहरू' कथाकी पात्र तुलसाको शरीर पनि यौनिक एवम् प्रजनन शक्तिमाथि पितृसत्ताले प्रयोग गरेको देखिन्छ । प्रहरी सेवामा कार्यरत जवानसँग विवाह गरेकी तुलसाको पति प्रतिकूल परिस्थितिका कारण मारिन पुग्छन् । पति गुमाएको पीडाको आहालमा अर्धमूर्च्छित उनलाई सासू ससुरा एवम् परिवारले 'पोइटोकुवी अलच्छिनी' को रूपमा विभूषित गरिदिन्छन् । त्यसपछि तुलसा घरको सदस्यको आँखाको कसिङ्गर बनी परिवारकै सदस्यबाट शारीरिक, मानसिक एवम् यौनिक हिंसामा परेको तलको कथनबाट पुष्टि हुन्छ ।

> "उनी मरेको तीन महिना मात्रै भाथ्यो । घरको सबै धन्दा सकेर भान्छाचुलो छेउमा भुसुक्क निदाएकी थिएँ । मेरो विवशताको फाइदा उठाउन मेरो ससुरा त्यहाँ आइपुगेछन् ।"

आफ्नो छोरो त मरिगो भने तँसित केको नाता ? छोरा भए पो नाता हुन्थ्यो । मैले बाबुसमान मानेको त्यस नरपशुले त्यस दिन आफ्नो मर्यादालाई रसातलमा पुऱ्यायो । त्यसपछि त त्यो उसको दैनिकी नै बन्यो । यो कुरा सुनाउने न मेरो माइती थिए । न त सासूलाई नै भन्न सकेँ । केही महिनापछि गर्भ रहेको थाहा पाएपछि मैले रुँदै सासूलाई बताएँ । ए मेरो छोरो खाएर पुगेन, अब मेरो लोग्नेलाई ताक्दै छेस् ? कसैलाई नआएको बैँस तँलाई आएछ हैन ? आफू कसकसकहाँ चहार्न गइस्, उहाँ भने दोषचाहिँ बाउजस्तो ससुरालाई लाउँछेस् । पापिनी ! यस्तो कुरा भन्न तँलाई लाज लागेन ? यस्तो पाप बोल्नुभन्दा पहिले तँ किन मर्न सकिनस् हँ ? (भट्टराई, २०६३, पृ. ८७)

उपर्युक्त उद्धरणमा पितृसत्ताले नारी शरीरलाई केवल भोग्या र यौनप्यासीका यौन चाहना शान्त पार्ने साधनका रूपमा प्रयोग गरेको छ । अधिकांश महिलाहरू परिवार र नाताभित्रैका पुरुषबाट पीडित हुन्छन् भन्ने घटनाको साक्षी 'निःशब्द प्रश्नहरू' कथाकी नारीपात्र तुलसा बन्न पुगेकी छिन् । छोराको मृत्युपश्चात् बुहारीसँग जबरजस्ती यौन सम्बन्ध राख्ने ससुरो पितृसत्तात्मक समाजको आफ्नो वृत्ति एवम् इन्द्रिय नियन्त्रणमा राख्न नसक्ने पुरुषहरूको प्रतिनिधि पात्रका रूपमा आएका छन् । ससुराको अनैतिक सम्बन्धबाट गर्भधारण गरेकी तुलसाको माध्यमबाट घरपरिवारभित्र विधवा महिलाले भोग्नुपर्ने उत्पीडनको बोध गराइएको छ ।

बलात्कारी ससुरोको यौनहिंसाले पीडित तुलसाले सासूको सहायता पाउन नसक्नु उल्टै बुहारीमाथि लाञ्छना लगाई किन पहिले नै मरिनस् भनी मानसिक हिंसा गर्नुबाट उनमा पनि पितृसत्तात्मक सामाजिक निर्मितिकै परिणति भेटिन्छ । तुलसालाई अनेक दुर्व्यवहार एवम् भाषिक लाञ्छनाले चिथोरेर घाइते पारी उत्पीडनको नियतिचक्रमा बाँच्न विवश बनाइएको छ । पितृसत्ताको प्रतिरोध गर्न नसक्दा तुलसाको ससुरोले यौन शोषण साथै गर्भवती बनाई उनको शरीरको प्रयोग गरेको छ । विधवा नारी घरपरिवारबाट हिंसाको सिकार बन्न पुग्ने भएकै कारण पुरुषहरू विधवाको शरीरलाई यौनतृप्तिका लागि खाली भाँडो सम्भन्छन् र यौनतुष्टि लिएर चरित्रहीनको संज्ञा दिन्छन् । सासूले आफ्नो श्रीमान्को कर्तुत थाहा पाएर पनि पीडकलाई कानुनी सजाय दिलाउनुको सट्टा उल्टै निरीह जीवन बाँच्न विवश तुलासलाई पापी भन्दै पीडितलाई नै पीडाको सङ्घारमा फालिदिएबाट महिलाहिंसा तथा यौन हिंसा घरआँगनबाटै सुरू हुन्छ भन्ने तथ्यको दृष्टान्त तुलसा बन्न पुगेको स्पष्ट हुन्छ । महिलामा हिम्मत र साहस

भए पनि पुरुषका अगाडि आफूलाई निरीह, अबला ठान्ने व्यवहार तुलासका माध्यमबाट व्यक्त भएको छ। यसरी तुलसाको यौनिकता र प्रजनन् अधिकारमाथि नियन्त्रण, दमन र शोषण गरेर पितृसत्ताले महिलाहरूको शरीरमाथि राजनीति गरेको छ।

महिलाको प्रजनन अधिकारमाथि पुरुषसत्ताले नराम्रोसँग खेलबाड गरी तुलसालाई मानसिक, शारीरिक एवम् यौनिक यातना दिएको उद्धरण प्रस्तुत कथनमा यसरी व्यक्त गरिएको छ :

> सासूसँग आएकी आइमाइले मेरो जीउमा केके गरी कुन्नि ? मेरो शरीरको तल्लो भाग काटेको जस्तो भएको थियो । दुखाइको रन्कोले मलाई बेहोस बनाएछ । म मर्नु न बाँच्नुको दोसाँधमा पुगिछु । त्यो आइमाइ त सुँडिनी रहिछे । त्यल्ले केके गरी मलाई थाहा भएन तर जब बेहोसीबाट केही होस खुल्यो तब मैले थाहा पाएँ, मेरो गर्भ तुहिसकेको रहेछ । सासू ससुरा आफ्नो काममा सफल भएछन् । तर म भने मृत्युको सँघारमा पुगेकी थिएँ । गर्भ तुहिएकोमा मलाई कुनै प्रकारको संवेदना भएन । तर दुखाइले अब म पनि बाँच्तिनँ जस्तो मलाई लागेको थियो । रातको अँध्यारोमा तिनीहरूले खोल्सामा फाल्यौं भन्ठानेको त्यो चार महिनाको मृतपिण्डलाई दिनको उज्यालामा सारा गाउँलेले देखे । मेरा सासूससुरा सरक्क पन्छिए । अनि दाग लाग्यो मेरो चरित्रमाथि । म पल्लो घरको लाटोसँग सल्किएकी ठहरिएँ । आफ्नो इज्जत जोगाउन मैले आफैले केके गरेर भ्रूणहत्या गरेँ भनेर म साबित भएँ । अनि त्यही अपराध गरेको आरोपमा त्यसको सजायँ काट्न म यो कारावासमा ल्याइपुऱ्याइएँ । (भट्टराई, २०६८, पृ. ८८-८९)

उपर्युक्त पितृसत्तात्मक मूल्य मान्यताले महिलाको शरीरलाई पृथक् अस्तित्व स्वीकार नगरी उसलाई पुरुषको हातको खेलौना ठान्ने यथार्थको उद्घाटन गरिएको छ। पितृसत्तात्मक मूल्यमा पोषित सासू र सुँडिनीसमेत षड्यन्त्रपूर्ण तरिकाले तुलसाको गर्भ तुह्याउन संलग्न हुनु, तुलसा शारीरिक, मानसिक एवम् भावनात्मक प्रताडना खेपी भ्रूणहत्याको दोषी सावित भई कारागारमा पुग्नुबाट विभेदकारी पुरातन पितृसत्ताको त्रासदिपूर्ण व्यवहार यस कथनमा सशक्त रूपमा आएको छ । बुहारीसँग अनैतिक सम्बन्ध राख्ने ससुरो, गर्भवती भएपछि जबरजस्ती गर्भपतन गराउने र जबरजस्ती सोझो/लाटो पुरुषसँग सम्बन्ध राखेको अफवाह

फैलाई तुलसालाई हत्यारा सावित गराउने सासूका कारण महिलाहरूको स्वतन्त्र अस्तित्व, मातृत्व एवम् यौनिकतामा नकारात्मक असर परेको छ । तुलसा घरव्यवहार, सांस्कृतिक मूल्यमान्यता, सासू ससुरा, सुँडिनीलगायतको षड्यन्त्रको जेलाइभित्र जेलिँदै आफ्नै कोखको भ्रूणहत्या गर्ने हत्याराको पहिचान स्वीकार्न बाध्य देखिन्छिन् । अपराध गर्नेले नै अपराधको खाडलमा जाकिदिनुबाट तुलसा पुरुषलाई नै बलियो बनाउने सामाजिक विमर्शको मारमा परेको देखिन्छ । पितृसत्तात्मक पुरुषप्रवृत्ति, त्यसको प्रभाव र विभेदकारी व्यवहारका कारण यौनिक तथा प्रजनन उत्पीडनमा महिला शरीर पर्ने गरेको पीडादायी सन्दर्भ 'निःशब्द' कथाले कलात्मक रूपमा अभिव्यञ्जित गरेको छ ।

इल्याको *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'डोल्मा' शीर्षकको कथामा यौनिकता र प्रजननशक्तिमाथि हस्तक्षेप गरी पुरुषसत्ताले डोल्माको शरीर प्रयोग गरेको देखिन्छ । पुरुषहरूले असल प्रेमी बनेको अभिनय गरी महिलालाई फसाउँछन् र महिलाको शरीर प्रयोग हुन्छ भन्ने यथार्थ तल उल्लिखित कथनबाट पुष्टि हुन्छ :

> ऊ कुमारी आमा बन्ने परिबन्दमा परेकी रहिछे । उसको त्यो पसलमा सहायताको लागि राखिएको आमाको भदा पर्ने केटा दोर्जेसँग ऊ सल्किन पुगेकी रहिछे । उनीहरूको बीचको प्रेमसम्बन्ध देखेर उसकी आमा घरज्वाइँको आशामा आशान्वित भएकी रहिछन् । छोरीज्वाइँ मिलेर चलाएको पसलमा ढुक्क भई आफ्नो बाँकी जीवनयापन गर्नेमा आमा निकै आश्वस्त भएकी रहिछन् । दोर्जेसँगको उसको प्रेम शारीरिक तृप्तिसम्म पुगेको रहेछ । तर उसको महिना नाघेको थाहा पाएपछि माया मारेर सुटुक्क घरबाट भागेको थियो । (भट्टराई, २०६८, पृ. ९१)

प्रस्तुत उद्धरणमा दोर्जेले प्रेमको अभिनय गरी डोल्माको शरीरको प्रयोग गरेको छ । दोर्जेसँग आफ्नी छोरी प्रेमसम्बन्धमा रहेको थाहा पाएपछि आफू, पसल र छोरीको भविष्य ढुक्क हुने देखेकी आमा पात्रमा पुरुषाश्रित पितृसत्तात्मक सामाजिक दृष्टि रहेको पाइन्छ । दोर्जे डोल्माको प्रेमी नभई डोल्माको शरीरसँग खेली तृप्त हुने पितृसत्ताकेन्द्री पुरुष चरित्र हो । दोर्जे पात्रमार्फत् यहाँ महिलाहरू यौनिक उत्पीडनमा परेका हुन्छन् भन्ने सामाजिक यथार्थको उद्‌बोध गरिएको छ ।

डोल्मा गर्भवती भएको थाहा पाएपछि दोर्जे अचानक बेपत्ता हुनुबाट उसलाई पितृसत्ताको दूषित मनसाय भएको स्वार्थी पुरुष प्रवृत्तिका रूपमा प्रतिबिम्बिन गरिएको छ । एकातिर आफूले गरेको प्रेम र भरोसा बेपत्ता हुनुको पीडा अर्कोतिर यही समाजमा कुमारी आमा बनेर गर्भको शिशुलाई जन्म दिनुका असजिला पक्षहरू हेर्दा डोल्मा प्रेम, यौनिकता एवम् मातृत्वमाथि पुरुषले गरेको उत्पीडनमा परेकी देखिन्छ ।

इल्या भट्टराईको *त्यो एउटा बिहान* कथासङ्ग्रहभित्र सङ्गृहीत 'जीवनको अर्थ खोज्दै' कथाकी प्रमुख नारीपात्र महालक्ष्मीको शरीर पितृसत्तात्मक सामाजिक सङ्कीर्णताका कारण उत्पीडनमा परी बाँच्नुपरेको विवशतालाई कथ्य बनाइएको छ । कथामा प्रयुक्त प्रमुख पुरुष पात्र सुधीरले नारी शरीरलाई यौन उपभोग्य वस्तुको रूपमा उपभोग गरेको कुरा कथाकी पात्र महालक्ष्मीमार्फत् यसरी व्यक्त गरिएको छ :

> डेरा... साँघुरो कोठा... असीमित असजिलाहरू... । आफन्तको नाममा त्यही एउटा श्रीमान्, जो पहिला मेरा गुरु थिए, पछि पतिदेव भए । गुरुको रूपमा उनीप्रतिको मेरो मनको धकलाई उनले उपभोग गरे । मलाई सधैँ आफ्नो नियन्त्रणमा राखे । शारीरिक अनि मानसिक । मप्रति असुरक्षाको भावना अनि आफूप्रतिको हीनभावना उनको व्यक्तित्वको अंश नै बन्न पुग्यो । (भट्टराई, २०७४, पृ. ३०)

प्रस्तुत कथनमा पितृसत्तात्मक समाजमा महिला शरीरलाई पुरुषका सोखका निम्ति निर्मित यौन उपभोग्य निजी पुँजीका दृष्टिले हेर्ने गरेको देखाइएको छ । पुरुषशक्तिका आडमा सुधीरले महालक्ष्मीको शरीरमाथि यौनशोषण गरेको देखिन्छ । महिला पुरुषद्वारा संरक्षित हुन्छन् भन्ने पितृसत्तात्मक सामाजिक निर्मितिमा हुर्किएका कारण नियतिले महालक्ष्मीलाई सुधीरको वासनापूर्तिको साधन बन्न पुऱ्याएको देखिन्छ । रङ र कूचीले संसार रङ्गीन बनाउने सपना बोकेर सुधीरसँग सहर आएकी महालक्ष्मीको सफल चित्रकार बन्ने रहरहरू तिरोहित हुन पुगेको देखाइएको छ । यहाँ पितृसत्ताले महिलाहरू अगाडि बढेको, कलाले संसारमा चिनिने पहिचान खोजेको सहन सक्दैन बरु आफ्नो यौनतुष्टिको निजी भाँडो बनाई मन लागुन्जेल उपभोग गर्छन् भन्ने यौनिक उत्पीडनको यथार्थको प्रतिबिम्ब बनेर उक्त कथन आएको छ ।

पितृसत्तात्मक सामाजिक चिन्तनले महिलाको यौनिकता, प्रजनन र पहिचानमाथि नियन्त्रण गरेको विषयवस्तु समेटिएको इल्याको यसै सङ्ग्रहमा सङ्गृहीत अर्को कथा 'बेनाम

सम्बन्ध' विश्लेषणका निम्ति लिइएको छ । महिलाको शरीर पुरुषको मनोरञ्जनको साधन मात्र नभएर नारी स्वयम्‌को अस्तित्व, पहिचान र जीवनशक्ति हो भन्दै शान्तिमाया गिरीले लेखेकी छिन्- "नारी यौनिकता र प्रजनन अधिकार पुरुष नियन्त्रित हुनुहुँदैन" (गिरी, २०७७, पृ. ४१७) । एउटी महिलाले आफ्नो पति, घर, बेग्लै पहिचान र प्रजनन अधिकार राखेकी हुन्छिन् तर आर्थिक अभाव र पितृसत्ताकै चेपमा चेपिएर पहेंलिएका कयौँ युवतीहरू पुरुषको यौनदासीका रूपमा बाँच्न विवश भएका छन् । भट्टराईको 'बेनाम सम्बन्ध' शीर्षकको कथा अत्यन्त सान्दर्भिक रहेकाले यहाँ विश्लेषणका निम्ति केही कथन लिइएको छ :

> को हो यो ? के सम्बन्ध हो तिमीहरूको ? नयाँ सम्बन्ध सुरू भएको रहेछ र पो तिमीलाई मसँग भेट्न मन नलागेको रहेछ । म हुँदा हुँदै तिमीलाई अर्को मान्छे किन चाहियो ? के दिएको छैन मैले ? कि एउटाले पुग्दैन तिमीलाई ? आफ्नो स्वास्नी छोराछोरी छाडेर मैले तिमीलाई अपनाएको परिणाम यही हो ? धोका ? (भट्टराई, पृ. ९९)

उपर्युक्त कथनमा आफ्ना स्वास्नी, छोराछोरी छाडेर बाहिर युवती राखी यौनसुखमा लिप्त हुने 'म' पात्रमा पितृसत्तात्मक आडम्बर देखिएको छ । एम.ए. पढ्दै गरेकी युवतीलाई मिस्ट्रेस नाम दिई उनकै शरीरसँग निस्फिक्री खेल्ने आदत बनेका 'म' पात्रको रिस, क्षोभ र आक्रोस एकैचोटी पोखिन्छ जब आफ्नी मिस्ट्रेस विनय नामको युवकको बाहुपाशमा रमाइरहेकी देखिन्छिन् । महिला विवाहित होस् वा अविवाहित महिलाको सम्पूर्ण अधिकारमाथि पुरुषले नियन्त्रण गर्न खोज्छ । युवतीलाई खान, लाउन, पढ्न र बस्न घर दिएर सम्पूर्ण खर्च बेहोर्न पुगेका 'म' पात्रमार्फत् पैसाको गणितीय हिसाबकिताबले जैविक अस्तित्वलाई नै गणितीय स्वरूप प्रदान गर्न प्रवृत्त रहेको देखाइएको छ । आफ्नो चाहनाविरुद्ध आफ्नी मिस्ट्रेस अर्को पुरुषको सान्निध्यमा रमाइरहेकी देख्दा 'म' पात्रको पुरुष अहम्‌मा ठेस पुगी प्रतिशोध उब्जिएको देखिन्छ । पितृसत्तात्मक चिन्तनले ग्रस्त उनले युवतीको शरीरमाथि शोषण गरेका छन् । तिमीलाई अर्को मान्छे किन चाहियो, म मात्रले पुगेन भन्दै गाली गलौजको शब्द प्रयोग गरेबाट युवतीको शरीरमाथि राजनीति भएको पुष्टि गर्छ ।

महिलाहरू पनि पूर्ण रूपमा यौनिकता एवम् प्रजनन शक्तिको प्रयोग गर्न चाहन्छन् तर कथनमा आएका 'म' पात्रले महिलाको स्वत्व एवम् प्रजनन शक्तिलाई यौनतृप्तिका निम्ति निर्मित कारखाना सम्झी शरीरलाई नियन्त्रण गरेको देखिन्छ ।

"म को हुँ तपाइँको ?"

"तिमी मेरी पत्नीसरह हौ ।"

"मात्र पत्नीसरह, पत्नी त होइन नि मलाई यो सरहको बन्धनबाट मुक्त गरेर मात्र पत्नी भन्न सक्नुहुन्छ ? म सरह होइन पत्नी हुन चाहन्छु, मात्र पत्नी । यो सम्बन्धहीन सम्बन्धको बोझ म कति दिन बोकुँ ? म पनि पत्नी भएर बाँच्न चाहन्छु । सक्नुहुन्छ त्यो परिचयसहितको सम्बन्ध दिन मलाई आज विनयले त्यो सम्बन्ध दिँदै छ भने तपाइँलाई केको आपत्ति ?" (भट्टराई, २०७४, पृ. ९९)

प्रस्तुत कथनमा म तपाइँकी श्रीमती होइन, मेरो तन र मनमा तपाइँको अधिकार छैन र आजदेखि तपाइँको मिस्ट्रेस भएर बाँच्न सक्दिनँ भन्ने प्रतिरोधी अभिव्यक्तिबाट 'म' पात्रमा निस्सृत अनुराग, अहम् र शक्ति परिस्थिति विपरीत बनेको कुरा देखाइएको छ। परपुरुषसँगको अनैतिक सम्बन्ध अन्त्य अस्तित्वपूर्ण जीवन बाँच्ने अठोट लिएकी मिस्ट्रेसले प्रतिरोधी चेतना अङ्गीकार गरेको देखिन्छ। यौन, प्रेम र प्रजनन महिला र पुरुष दुवैको समान हृदयको समपर्ण हुनुपर्ने तर पत्नी होस् या प्रेमिका दुवैलाई 'म' पात्रले गरेको विश्वास र मायाको धरातल कमजोर अथवा पितृसत्तात्मक भएको कारण उनको जीवनबाट दुवै टाढिएको यहाँ देखाइएको छ । प्रेम र विश्वासको धरातल कमजोर बनेकै कारण छुट्टिन बाध्य हुन पुगेकी 'म' पात्रकी श्रीमती र यौनिक उपभोग्य वस्तु एवम् मनोरञ्जनको साधनका रूपमा प्रयोग भएकी मिस्ट्रेस दुवै नारीपात्र पितृसत्तात्मक चिन्तनबाट ग्रसित हुन पुगेको निष्कर्ष उक्त कथनमा आएको छ। भमराजस्तै युवतीका यौवनका रस चुस्न पल्केका पुरुषहरूले महिलाको शरीरलाई यौनतृप्तिका लागि प्रयोग गरिने वस्तु बनाएको बोध भएपछि मिस्ट्रेसले स्वनिर्णयप्रति अडिग रही मुक्तिको वैचारिकता प्रकट गरेको देखिन्छ।

पितृसत्तात्मक सामाजिक निर्मितिले नारीमाथि गरेको उत्पीडनको विद्रुप यथार्थको प्रतिबिम्बन उक्त कथनमा प्रयुक्त 'म' पात्रद्वारा गरिएको छ भने मिस्ट्रेस नारीपात्रको विद्रोहमार्फत् व्यक्ति नारीको स्वत्व, यौनिकता र प्रजनन अस्तित्वको उद्बोधन गरी पुरुषकेन्द्री विधान विपरीत सुन्दर भविष्यको खोजी गरिएको छ ।

इल्या भट्टराईको 'म के गरुँ' शीर्षकको कथामा महिला प्रजनन र मातृत्व अधिकारमाथि पुरुषको नियन्त्रण रहेको देखिन्छ । मातृत्वमाथि पितृसत्ताले गरेको हस्तक्षेपबारे कुमारी लामाको वैचारिकी यस्तो रहेको छ- "मातृत्वप्रतिको उनको स्वतन्त्रता महिलाका अस्तित्व र स्वतन्त्रतासँग जोडिएको एक सघन विषय हो । के नेपाली महिलाहरूलाई बच्चा जन्माउने या नजन्माउने स्वतन्त्रता छ ? निश्चय नै आजसम्म छैन । विवाह भएपछि वंश धान्न सन्तान जन्माउनै पर्छ" (लामा, २०७६, पृ. ९७) । महिलाको गर्भाशय पुरुषको बीजभूमि हो जहाँ पुरुषले कस्तो मनस्थिति बनाएर बीउ रोपेको हुन्छ त्यसमा महिला अनभिज्ञ नै हुन्छन् । पत्नीले पतिलाई आफ्नो सम्पूर्ण अस्तित्व सुम्पने पितृसत्तात्मक सामाजिक दृष्टिको प्रतिबिम्बन उक्त कथनमा गरिएको छ । दुई सन्तानलाई जन्म दिएपश्चात् पतिको व्यवहार कठोर, उग्र र रुढ हुँदै गएबाट प्रेमको नाममा घृणा र धोका दिने पतिको मानसिक, भाषिक र गर्भाशयमाथि भएको हिंसा भोग्न विवश नारीको दयनीय अवस्थाको चित्रण प्रस्तुत कथनमा यसरी आएको छ - "आखिर छोरी त मेरी स्वास्नीले पाएकी तर त्यसको रूपरङ्ग कसरी तिम्रो आयो निलिमा" "तिम्रो प्रतिरूप भएकीले नै यो छोरी प्राणप्यारी छ" (भट्टराई, २०७५, पृ. ११५) ।

माथिको उद्धरणमा आएकी निलिमा तिनै प्रेमिल जोडीमध्ये पतिकी प्रेमिका हुन् । पत्नीको शरीरको सौन्दर्यपान गरिसकेपछि प्रेमिकासँगको सम्बन्धमा रहेका उनका पतिले लेखेको डायरीबाट उक्त कथन निकालिएको हो । महिलाको योनी र कोखलाई गज्जबकै बिम्ब बनाई पुरुषकेन्द्री विधानका माध्यमबाट पितृसत्ताले महिला शरीरको राजनीति गरेको छ । यहाँ पुरुषहरूको उन्मुक्त चरित्रले नारी अस्तित्वमाथि भएको विश्वासघातलाई उक्त कथनले पुष्टि गरेको छ । मासिक धर्म, गर्भादान एवम् प्रसवजस्ता जैविक भूमिका महिलाको प्राकृतिक अधिकारभित्र पर्दछन् । ममतापूर्ण मातृत्वले आफ्नो कोख छलिएको थाहा पाएपछि आफैले कोखमा नौ महिना राखेर जन्माएकी छोरीलाई आफ्नो सन्तान स्वीकार गर्दैन । प्रस्तुत उद्धरणलाई पुष्टि गर्न हेमकुमारी सुवेदीले आफ्नो शोधप्रबन्धमा राखिएको उद्धरणलाई कथामा प्रयुक्त विश्लेषणका निम्ति लिइएको छ- "पत्नी भनेको पतिको खेत हो । खेतको मालिक भन्नु पति हो । तसर्थ खेतमा बाली जोसुकैले लगाए तापनि त्यसमा उब्जिएको बालीको स्वामित्व खेत मालिककै हुन्छ" (सुवेदी, २०८१, पृ. २२) ।

परम्परागत पितृसत्ताले महिला शरीरलाई पुरुषको खेतका रूपमा प्रयोग गरेको उक्त कथनलाई विश्लेषण गर्दा यहाँ पत्नीको खेतमा रोपेको बिउको मालिक मात्रै होइन प्रयोग गरिएको खेतलाई प्रेमिकामा प्रतिस्थापन गरी पतिले पत्नीको कोखमाथि छल गरी पत्नीको

शरीरमाथि राजनीति गरेको पुष्टि हुन्छ । यौनिकता र प्रजननसम्बन्धी आफ्नो अधिकारमाथि नियन्त्रण मात्रै नगरी दुरूपयोग समेत गरेकाले बिक्षुब्ध बन्न पुगेकी पत्नीको पीडा यसरी पोखिएको छ :

> त्यस रात शारीरिक रूपमा मसँग रहेको अन्तरङ्ग क्षणमा पनि उनी मानसिक रूपमा त त्यही आइमाइसँग आबद्ध रहेछन् । मेरा लागि त्यो अन्तरङ्ग क्षण, मायाको चरम परिणति थियो । मनले मात्र नपुगेर आफ्नो प्रियलाई शरीरले सुख दिँदै छु भन्ने भावनाको आह्लादमा विमोहित थिएँ म । तर मेरो शरीरलाई माध्यम बनाएर तिम्रो बाबा आफ्नी प्रेमिकासित पो चरम सुख भोग्दै रहेछन् । कत्रो धोका मेरो भावनाको, कत्रो अवहेलना मेरो अस्तित्वको । (भट्टराई, २०७५, पृ. ११६)

## २.२.३ शक्ति र प्रभुत्वका मान्यतामा पितृसत्तात्मक सामाजिक दृष्टि

शक्ति भनेको कुनै पनि कमजोर संरचनालाई अधीनमा राख्ने क्षमता हो जुन सामाजिक संरचनामा व्याप्त हुन्छ । ज्ञानु पाण्डले उद्धृत गरेकी छिन्- "व्यक्तिहरू शक्तिका वाहन हुन्, जीवनको थालनी र त्यसको अभिवृद्धिमा शक्तिको मुख्य चासो रहन्छ र शक्ति सम्बन्धात्मक हुन्छ । शक्ति सत्तासँग सम्बन्धित पक्ष हो । शक्तिले शक्तिहीनलाई बल, बुद्धि र विचारधाराद्वारा आफ्नो नियन्त्रणमा राख्ने गर्छ" (पाण्डे, २०७४, पृ. ५१) । फुकोको उक्त परिभाषाले समाजमा रहेका लिङ्ग, वर्ग, जाति, धर्म, संस्कृति आदिका बिच शक्ति सम्बन्धित हुने देखाएको छ । त्यसैगरी इटालियन चिन्तक एन्टोनियो ग्राम्सीले प्रभुत्वलाई सामाजिक वर्गभित्रको शक्तिको बनावटका रूपमा अर्थ्याएका छन् । सांस्कृतिक प्रभुत्वसम्बन्धी मान्यताअनुसार एउटा विशेष मूलधारमा रहेको प्रभुत्वको ज्ञानबाट सामाजिक सत्यहरू निर्माण हुन्छन् । घरपरिवार, समाज वा सबै एकाइमा शक्ति हुन्छ । पुरुषप्रधान समाजमा पिता अर्थ आर्जन गर्ने शक्ति भएकाले परिवारभित्र पिताको प्रभुत्व शक्तिशाली भएको हुन्छ (गुरागाईं, २०२०, पृ. १२७) । शक्तिले नै प्रतिरोध जन्माउँछ र समाजमा नयाँ नयाँ शक्तिको जन्म भइरहन्छ भन्ने मान्यता फुकोले राखेका छन् । शरीरको राजनीति शक्ति संरचनासँग सम्बन्धित हुने र उक्त शक्ति संरचनाको केन्द्रमा पुरुषकै प्रभुत्व रहने भएकाले सामाजिक, धार्मिक, आर्थिक, नैतिक ज्ञानको निर्माण आफू अनुकूल निर्माण गरेको पाइन्छ । यसको अर्थ महिलाको शरीर नियन्त्रण गर्ने मापदण्ड पुरुषकै दृष्टिकोणबाट निर्देशित छन् । विवाहपूर्व यस्तो शक्ति र प्रभुत्व प्रदर्शन पिता र

दाजुभाइबाट हुन्छ भने विवाहपश्चात् पति र पुत्रको अधीनस्थताबाट हुन्छ । मिसेल फुकोले आफ्नो निबन्ध 'बडी कन्डेम' मा लेखेका छन् - "शरीरको राजनीति यस्तो विषय हो, जसले शरीर, शक्ति संरचना र त्यसले गर्ने ज्ञानको सम्बन्धबारे प्रस्ट पार्छ अनि त्यसको प्रत्यक्ष सम्बन्ध शरीर र शक्ति संरचनासँग रहन्छ" (पाण्डे, २०७४, पृ. ५१) । शक्तिको उपयोग सामाजिक, सांस्कृतिक, राजनीतिक साम्प्रदायिक आधारमा गरिने विभिन्न क्रियाकलाप र तिनले पार्ने प्रभावलाई शक्ति भनिन्छ ।

सामाजिक, सांस्कृतिक निर्मितिअनुसार नारी शरीर छोरी, बुहारी, पत्नी, आमा, सेविका अनेक नाममा विभाजित छ । त्यही शरीरमाथि अनेक विमर्श गर्दै प्रभुत्वशाली शक्तिको प्रयोग हुने गरेको सन्दर्भ यहाँ फुकोले गरेका छन् । पुरुष शरीर बलिष्ठ, निडर, शक्तिशाली र निर्णायक हुन्छन् भन्ने शक्तिमा आसीन प्रभुत्वको कारण पुरुषले महिला शरीरमाथि आफ्नो शक्ति प्रदर्शित गरिरहेको हुन्छ । यसै सन्दर्भमा कुमारी लामाले लेखेकी छिन्- "शरीर शक्ति चलखेलको एक संवेदनशील स्थल हो । सर्वमान्य सत्य यो हो कि, जहिल्यै बलियो र शक्तिशाली शरीरले निर्धो र कमजोर शरीरमाथि नै शोषण गर्ने गरेको छ" (लामा, २०७६, पृ. ८२) । यसरी शक्तिशाली समूहले निमुखामाथि आफ्नो प्रभुत्व कायम राख्न सधैं बलको मात्र प्रयोग नगरी सहमतिमार्फत् पनि प्रभुत्व निर्माण र प्रयोग गरेको हुन्छ ।

शक्ति र प्रभुत्वको आडमा शक्तिशाली वर्गले शक्तिहीन वर्गमाथि विचारधारा राख्ने अभीष्ट राखेको हुन्छ । सोही विचारधाराबाट महिलाको मन, मस्तिष्क र शरीरमाथि नियन्त्रण गरेको छ । "घरपरिवार, समाजमा स्थापित विशिष्ट पद प्रतिष्ठामा स्वामित्व प्राप्त व्यक्ति पुरुष नै रहने व्यवहार पनि शक्ति र प्रभुत्वको प्रतिनिधित्वमा रमण गरेको पाइन्छ" (पौड्याल, २०७७, पृ. ३३४) । शक्ति र प्रभुत्वको आडमा महिला शरीरको प्रयोगसम्बन्धी विषयलाई आधार मानी इल्या भट्टराईका कथाहरूका पात्रहरूले आफूमाथि भएको शोषण, दमन र प्रयोग थाहा पाएका छन् कि छैनन्, प्रतिरोधी चेतना के कस्तो रहेको छ भन्ने कुराको विश्लेषण यहाँ गरिएको छ ।

### २.२.४ इल्या भट्टराईका कथामा शक्ति र प्रभुत्वका मान्यतामा पितृसत्तात्मक सामाजिक दृष्टि

इल्या भट्टराईका 'कुनै दिन शिरिष ढकमक्क फुल्ला', 'अनुवाद', 'आज पनि हामी राम बेहोर्दै छौँ', 'कठै इन्दिरा', 'दाजु, मलाई मद्दत गर्नुहोस्' र 'त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन' छओटा चयनित कथाहरूको विश्लेषण गरिएको छ ।

इल्या भट्टराईको *मन मनै त हो* कथासङ्ग्रहमा सङ्गृहीत 'कुनै दिन शिरिष ढकमक्क फुल्ला' शीर्षकको कथामा शक्ति विरासतको एक हिस्सा बन्न पुगेकी महिलाको भावनात्मक स्थिति, शैक्षिक गतिविधि एवम् सामाजिक स्थितिमाथि नियन्त्रण गरी महिला शरीरको प्रयोग गरिएको छ । जसलाई प्रस्तुत कथनले पुष्टि गरेको छ :

> मामुले बुबालाई थाहै नदिई एमएस्सी पढ्न थाल्नुभयो । उहाँको यस मौन विद्रोहलाई, उहाँ बुबाबाट लुकाउन चाहनुहुन्थ्यो । त्यसैले प्रयोगात्मक कक्षाका लागि मात्र कलेज जानुहुन्थ्यो । बाँकी पुस्तकालयबाट किताब तथा साथीभाइका नोट्सको मद्दत थियो । बिचरी मामु ! आफ्नो क्षमता बढाउन चाहनुहुन्थ्यो । आफूमा खुबी बढाउन चाहनुहुन्थ्यो । अरू परिवारमा भए उहाँको त्यो प्रयास शिक्षाप्रतिको समर्पणको एउटा उदाहरणीय कार्यको रूपमा प्रशंसित हुन्थ्यो होला, तर हाम्रो घरमा त्यस्तो सत्कार्य पनि डराई-डराई लुकाई लुकाई गर्नुपरेको थियो । बुबा आउने बेलामा उहाँ ती सबै किताबकापीहरू लुकाउने गर्नुहुन्थ्यो । यसरी आफ्नो साधनालाई कुकृत्यको रूपमा स्वीकार्दै उहाँले जीवनको त्यस कठिन खुड्किलोलाई सजिलैसँग प्रथम श्रेणीमा पास गर्नुभयो । (भट्टराई, २०६०, पृ. १७)

उपर्युक्त कथनमा पढाइमा असाध्यै रुचि राख्ने नारीपात्रले आफ्नो श्रीमान्लाई समेत थाहा नदिइकन एमएस्सी भर्ना हुनु, पुस्तकालयबाट पुस्तकहरू ल्याएर लुकिछिपी पढ्नु र प्रथम श्रेणीमा एमएस्सी पास भएको कुरा अपराधी झैँ डराइ डराइ सुनाउनुपर्ने स्थिति आउनुबाट यहाँ पुरुषको श्रेष्ठतालाई महत्त्व दिने र महिलाको निजी बौद्धिकतालाई अस्वीकार गर्ने प्रणालीगत प्रभुत्वको चित्रण भएको पाइन्छ । पितृसत्ताले पुरुषलाई बलियो बनाएको सामाजिक विमर्शमा निर्मित यस कथाका पुरुष पात्रले आफू धनी, निर्भिक इन्जिनियर भएकै आडमा श्रीमतीको शरीरको शोषण गरेका छन् ।

पढ्न पाउनु सबैको नैसर्गिक अधिकार हो तर विवाह पश्चात् महिलाको समय घरगृहस्थी समाल्नुपर्छ, श्रीमान् र परिवारको अधीनस्थ भई सामाजिक, पारिवारिक र सांस्कृतिक नियमभित्र बाँधिएर बस्नुपर्ने सामाजिक निर्मितिका कारण उनीहरूको आफ्नो वैयक्तिक चाहना एवम् भावनामाथि पितृसत्ताले नियन्त्रण गर्न खोजेको देखाइएको छ ।

शक्तिले दमन मात्रै होइन प्रतिरोध र सम्भावनाको खोजी गर्छ भन्ने फुकोको भनाइलाई प्रस्तुत कथनले पुष्टि गरेको छ :

> आफ्नो जानकारीबिना नै स्वास्नीले पाएकी त्यत्रो सफलताबाट बुबा अवाक हुनुभएको थियो । सके आफू धनी बाबुको छोरा भएको कारण आफ्नो विशेष प्रतिभा नहुँदा नहुँदै पनि पैसाको भरमा इन्जिनियर हुन पाएको बुबामा मामुको सफलताप्रति पलाएको हीनभावनाले होला, ईर्ष्याग्रस्त भई धेरै दिनसम्म बोल्नुभएको थिएन । उहाँले मामुलाई कसैगरी पनि जागिर खान मञ्जुरी मात्र दिनुभएन कि, "तँ मबाट अघाएर बाहिर ... जान खोजेकी ... ?" भनेर अत्यन्त अपशब्द बोल्दै मामुको अपमान गर्न बाँकी राख्नुभएन । उहाँको व्यवहारबाट विद्रोही बन्नुभएकी मामु आफू जसरी भए पनि जागिर खाने भन्नेमा दृढ निश्चयी रहनुभयो र जागिर खाएरै छोड्नुभयो । (भट्टराई, २०६०, पृ. १९)

उपर्युक्त कथनमा श्रीमान्को लाञ्छना, अपमान एवम् भयावह स्थिति पार गरेकी नारी पात्रमा प्रतिरोधी चेतनासँगै प्रशस्त सम्भावना प्रतिध्वनित भएको देखाइएको छ । तँ मबाट अघाएर... बाहिर जान खोजेकी... ? भनेर कथामा प्रयुक्त पुरुष पात्रले पितृसत्तात्मक प्रभुत्वलाई बलपूर्वक जोगाइराख्ने यत्न गरे पनि बदलामा नारीपात्रले जागिर खाएरै पुरुषको उत्पीडनविरुद्ध उभिएर प्रतिरोध गरेको देखिन्छ । यहाँ प्रयुक्त नारीपात्रमा आफ्नो क्षमता र प्रतिभाको प्रस्फुटन गराई आफ्नो पहिचान लिएर बाँच्ने मूल्यबोधी चेतनाको प्रादुर्भाव हुनु र श्रीमान्को पराधीनताबाट मुक्त भई स्वाबलम्बी जीवन बिताउने अठोट लिएबाट पितृसत्ताप्रतिको विद्रोह यस कथनमा सशक्त रूपमा आएको देखिन्छ ।

इल्या भट्टराईको *मन मनै त हो* कथासङ्ग्रहमा सङ्गृहीत 'अनुवाद' शीर्षकको कथामा पनि शक्ति र प्रभुत्वको आडमा रही पितृसत्ताले महिलाको शरीरलाई खेलौनाको रूपमा प्रयोग गरेको छ । वैवाहिक जीवनमा बाँधिएपछि महिलाहरू श्रीमान्को चाहनाअनुरूप आफूलाई परिवर्तन गर्छन्, भन्दै सिमोन द बुभायर लेख्छिन् :

> स्त्री अब पुरुषको वस्तु हुन गई । पुरुषले उसमाथि आफ्नो सत्ता आरोपित गरिदियो । व्यक्तिको गरिमाबाट ऊ बञ्चित हुन गई । अब ऊ पुरुषको विरासतको एक हिस्सा मात्र हुन गई । पहिले पिताको अधीनस्थ पछि पतिको

> अधीनस्थ । उसको अस्तित्व समेत पुरुषको कृपामा निर्भर हुन गयो । (बुभायर, २०७५, पृ. ४१)

उपर्युक्त साक्ष्यमा भनेअनुसार इल्याको 'अनुवाद' शीर्षकको कथामा प्रयुक्त नारी पात्रलाई विवाह गरेर ल्याएपछि उनको लोग्नेले आफ्नो इच्छाअनुसार परिवर्तन गराउन खोजेको देखिन्छ । यस कुरालाई कथामा यसरी चित्रण गरिएको छ :

> तिमीले अब पौडी खेल्न सिक्नुपर्छ । स्विमिङ सुट लगाउनुपर्छ र पोखरीमा माछासरी तिमी सुलुलु चिप्लन सक्नुपर्छ । मेरी प्रेमिका त पौडिन सिपालु थिई । .... तिमीले गाडी चलाउन जान्नुपर्छ । भोलिदेखि तिमी ड्राइभिङ सिक्न जाऊ । .... साधना यति स्मार्ट थिई कि ऊ घोडा पनि चढ्ने गर्दथी । घोडचढी कलामा ऊ निकै निपूर्ण थिई । .... उसको श्रीमान् भन्दै थियो, "बिहेमा हालिएका यी सारीहरूको के काम ? यी सबै बाँडिदेऊ तिमीले त प्यान्ट लगाउनुपर्छ । म तिमीलाई प्यान्ट किनिदिन्छु । बरू आजै बजार जाऔँ ।" (भट्टराई, २०६०, पृ. २६-२९)

उपर्युक्त उद्धरणमा विवाह पश्चात् छोरी माइतीका लागि परायाधन मानिनु, श्रीमान्को घरमा श्रीमान्कै आज्ञापालक बनिनुपर्ने र उनकै इच्छाअनुसार लगाउने, खाने, हिँड्ने जस्ता हरेक व्यवहारमा नियन्त्रण गरिनुबाट नारीत्वलाई पुरुषत्वले उपभोग्य वस्तुका रूपमा हेरेको पाइन्छ । मेरी प्रेमिका पौडी बाजमा निकै सिपालु थिई अब तिमी पनि स्विमिङ सुट लगाएर माछा जसरी चिप्लन सिक्नुपर्छ भन्दै प्रेमिकालाई श्रीमतीको शरीरमा आरोपित गरी पुरुषले महिलाको शरीरमाथि राजनीति गरेको छ । एउटी नारीको निम्ति उनको श्रीमान्सँग कुनै पनि नारीको नाम जोडिएको छ भन्ने बोध हुनु नै पीडादायी बन्छ भने यहाँ त उनको श्रीमान्ले प्रेमिका गाडी चलाउन, घोडा चढ्न निकै सिपालु भएकाले तिमीले पनि उनले जस्तै सबै कुराहरू सिक्नुपर्छ र साडीको सट्टा प्यान्ट लगाउनुपर्छ भन्दै प्रेमिकामा भएको आकर्षण, हँसिलो व्यवहार र प्रेमको चर्चा मुक्त कण्ठले गरेबाट यहाँ महिलाको रूचि, स्वाभिमान र स्वत्व निस्तेज पार्न खोजेको देखाइएको छ । नारीका विशेष गुण, प्रेम, धैर्यता र विश्वासलाई कमजोरी ठानी प्रेमको अभिनय गरी आफ्नो जग बलियो बनाउने पितृसत्तात्मक निर्मितिका कारण उनका श्रीमान्ले उनको शरीरमा प्रेमिकाको व्यवहार आरोपित गरी मानसिक रूपमा शोषण गरेको अभिव्यक्ति उक्त कथनमा प्रकट भएको छ ।

यस कथाकी नारी पात्रमा आफूमाथि श्रीमान्ले दमन एवम् शोषण गरेको पितृसत्ताभित्रको पारिवारिक खुल्ला झ्यालखानाको बन्धनभित्र बाँधिएको बोध गरेपछि प्रतिरोधका माध्यमबाट नारीवादी चेतना यसरी प्रस्तुत गरेकी छिन् :

> व्यक्तित्व परिवर्तन उसको अभीष्ट होइन । ऊ आफू जस्ती छे त्यसैमा ठीक छे । ऊ अरू कसैको व्यक्तित्वमा अनुवादित भएर, अर्काको जीवन बाँच्न तयार छैन । उसलाई कसैको अनुवाद बन्नु छैन, न त कसैको फोटोकपी नै हुनु छ। अरूको हातबाट सञ्चालित हुने ऊ कठपुतली होइन । उसलाई चिच्याएर भन्न मन छ उसको आफ्नै अस्तित्व छ, उसको आफ्नै व्यक्तित्व छ । ऊ कसैको अनुवाद हुँदिन । (भट्टराई, २०६०, पृ. ३१)

उक्त कथनमा महिलाको शरीरलाई एक यन्त्रणाको रूपमा प्रयोग गरिएको छ। तिमीले पनि प्रेमिकाले जस्तै क्षमतावान्, स्मार्ट बन्न सक्नुपर्छ भन्ने विचार वाक्यबाट 'म' पात्रको हृदयमा गहिरो चोट पर्नु, आफ्नो इच्छा, चाहना एवम् अस्तित्वलाई नियन्त्रणमा राखेर कमजोर अदना ठान्ने श्रीमान्को अपेक्षाप्रति विमति प्रकट गरी लेखकले 'म' पात्रमार्फत् प्रतिरोधी चेतलाई अभिव्यक्त गरेकी छिन् ।

यस कथाकी केन्द्रीय नारी पात्र प्रेमिकाको रूपमा उल्था भएर प्रेमिका बराबर भई आफ्नो अस्तित्व मेटाउन नसक्ने अभिव्यक्ति दिनुबाट यहाँ मूल्यहीन जीवन भोगाउने पुरुषसत्ताप्रति विमति जनाई नारीको अस्तित्व एवम् वैयक्तिक भाव अभिव्यक्त भएको पाइन्छ ।

व्यक्तित्व व्यक्ति विशेषको निजीपन भएकाले अनुदीत हुनु ठिक होइन यसले महिलाको आत्मसम्मान र आत्मविश्वासमा कमी ल्याई आकर्षणको साधन मात्रै बनाउँछ भन्ने चेतनाको विकास गराई यहाँ 'म' पात्रमार्फत् महिलाको वैयक्तिक अस्तित्वको खोजी गरिएको छ । यहाँ प्रयुक्त नारी पात्रले श्रीमान्को हातबाट डोरिने निर्जीव वस्तु होइन भन्दै आफ्नै अस्तित्व र व्यक्तित्व बोकेर हिँड्नुले पितृसत्तात्मक एकाधिकारप्रति विद्रोहात्मक अभिव्यक्ति प्रस्तुत भएको छ ।

इल्याको 'आज पनि हामी राम बेहोर्दै छौँ' शीर्षकको कथामा रामायणकी सीता पात्रका माध्यमबाट पितृसत्तात्मक समाजका शक्ति र प्रभुत्वमा अधीनस्थ नारीहरूले भोग्नुपरेका अन्याय र दमनको चित्रण गरिएको छ । यसमा रामले औधी प्रेम गरेका कारण रावणको चङ्गुलबाट

फिर्ता ल्याई सीताको अग्नि परीक्षा लिएको सन्दर्भलाई मूल विषय बनाई सीताप्रति गरिएको अन्यायपूर्ण व्यवहारको चित्रण गरिएको छ । सीताको सहनशीलता र कोमलतालाई कमजोर ठानी पितृसत्ताले राजनीतिक सत्ता र शक्तिका आडमा महिला शरीरको प्रयोग गरेको अभिव्यक्ति कथामा यसरी प्रकट भएको छ :

> आफ्नो देवत्व दुनियाँसामु देखाउने कस्तो सुनौलो अवसर थियो- रावणमाथिको विजय । बिचरी ! सीता, कति सोझी थियौ तिमी । तर ... तिम्रै रामले तिम्रो मायामा, तिम्रो निष्ठामा, तिम्रो श्रद्धामा, तिम्रो विश्वासमा कुठाराघात गर्दै साराको सामुन्ने तिम्रो अपमान गर्दै तिम्रो अग्निपरीक्षा लिए । लोग्नेसँगको पुनर्मिलनको सुखमा डुबेकी सीता के त्यो परीक्षाको अपमानरूपी अग्निले तिमीलाई पोलेको थिएन ? त्यस अग्निबाट तिमी कसरी निस्पृह रहन सक्यौ ? (भट्टराई, २०६०, पृ. ५२)

उपर्युक्त कथनमा रामायणकी सीताको चरित्रमा वर्तमान समयका नारीको परिवर्तनशील चेतनालाई आरोपित गरी रामायणकालीन सीताको अग्निपरीक्षा विषयलाई पुनर्सिजन गरिएको छ । सीताको सहनशीलता, आज्ञाकारिता, स्वतन्त्रताको त्याग, मौनता एवम् अग्निपरीक्षालाई आदर्श पतिब्रता नारीको पहिचान बनाइएको सन्दर्भलाई यहाँ उजागर गरिएको छ । यहाँ पितृसत्ताको कारण सूक्ष्म रूपमा गढेर बसेका नारी विभेदी मानसिकताको चित्रण गरिएको छ । परचक्रीले अपहरण गरी दूर देश पुऱ्याइएकी डर, त्रास एवम् मानसिक दुश्चिन्तामा विह्वल बन्न पुगेकी सीताको आफ्नै प्यारा श्रीमान्ले सार्वजनिक स्थलमा अग्निपरीक्षा लिनु तर रामको चरित्रका विषयमा कतै कुनै प्रश्न नउठ्नु बरु आदर्श पुरुषोत्तमका रूपमा रामलाई देवत्वकरण गरिरहँदा सीताको आत्मा अग्निले भन्दा कति बढी आत्मग्लानीले जलायो होला भनी 'म' पात्रका प्रश्नात्मक आँखाले हेरेको प्रसङ्ग यहाँ सुन्दर तरिकाले प्रस्तुत गरिएको छ ।

पत्नी वियोगमा विह्वल बनेका भनिएका रामले पत्नीप्रतिको प्रेम र विश्वासलाई भन्दा भारदारको कुरालाई महत्त्व दिएर सीतालाई सतीत्वको परीक्षा दिन लगाएको सन्दर्भबाट यहाँ नारीको प्रेम, श्रद्धा, निष्ठा र विश्वासमाथि प्रभुत्वशाली शक्तिले कमजोर नारी शरीरमाथि राजनीति गरेको पुष्टि हुन्छ । सीताको हृदयमा पर्न गएको बेहिसाब चोटप्रति सहानुभूति प्रकट गर्दै 'म' पात्रमार्फत् पितृसत्ताको शक्ति एवम् प्रभुत्वप्रति विद्रोह प्रकट गरिएको छ ।

इल्याको अर्को ‘कठै ! इन्दिरा’ शीर्षकको कथामा परिस्थिति र नियतिको मारमा परेकी पात्र इन्दिराको निरीह अवस्थाको चित्रण गरी कथाकारले पितृसत्तात्मक समाजको त्रुटिपूर्ण परिपाटीको विरोध गरेकी छिन् । महिला माइत, घरभित्र र घरबाहिर हिंसाग्रस्त जीवन बाँच्न बाध्य छन् । पुरुषप्रधान सामाजिक संरचनाभित्र पोषित महिलाहरूको मानसिकता पनि पुरुषकेन्द्री नै रहेको कुरा प्रस्तुत कथनमा यसरी अभिव्यक्त भएको छ :

> माइतको दमनबाट आत्मविश्वास गुमाउन पुगेकी त्यो १६ वर्षे बालिका आफ्नी ३० वर्षकी जर्खराउँदी, कडा स्वभाव भएकी सौताबाट सजिलैसँग दमित भएकी थिइन् । जुँगामुठे लोग्नेलाई त आफ्नो बोलीका रवाफले थर्काउन सक्ने जेठीले त्यो फुच्ची सौतालाई कुन गणनामा राख्थी र ! घरमा सौताको थिचोमिचो, माइतीमा सौतेनी आमाको दमन । बिचरी ! इन्दिरा, नियतिले उनको भाग्यमा मायाको रेखा कोरेको थिएन । (भट्टराई, २०६०, पृ. ९३)

विवेच्य कथनमा आमाबुबाको काखमा खाइखेली पढ्नेलेख्ने उमेरमा बाबु र सौतेनी आमाले निकै जेठो अर्धबैंसे पुरुषसँग सौतामाथि विवाह गरी पठाइदिनु, माइतमा सानिमाको टोकसो घरमा सौताको बुहार्तन सहन बाध्य हुनुपरेको घटनाले पितृसत्ताले तुलसाको शरीरको दुरूपयोग गरेको प्रस्ट हुन्छ । १६ वर्षकै उमेरमा ३० वर्षको पुरुषसँग विवाह गर्न बाध्य कथानकको केन्द्रबिन्दु पात्र इन्दिराको जीवन कथा सुरूदेखि अन्त्यसम्मै अत्यन्त निरीह, निरस, रिक्त एवम् परिचयशून्य छविमा प्रस्तुत भएको छ । माइतमा सौतेनी आमाको हेलामा मिल्काइएकी घरमा सौताको टोकसो, दुर्व्यवहार र दुर्वचनको मारमा परेकी इन्दिराको निस्सार जीवनमार्फत् प्रभुत्वचेतका कारण नारीजातिले प्रताडना सहनुपरेको तीतो यथार्थ प्रस्तुत कथनमा यसरी आएको छ - “एउटा अखबारमा उनीबारे लेखिएको पढेँ, पढाइमा सामान्य भए पनि उनले एम.ए. गरेकी रहिछिन् उनको कसैसँग प्रेम भएको रहेछ, तर उसले पनि धोका दिएछ र त्यो धोका खप्न नसकी  उनी बौलाएकी रहिछिन्” (भट्टराई, २०६०, पृ. ९७) ।

उपर्युक्त कथनमा सबैतिरबाट हेला र तिरस्कार मात्रै बेहोरेकी इन्दिराले एम.ए.सम्मको अध्ययन गरेकी, माया र प्रेमको आभास गर्न नपाएकी उनले प्रेममा धोका पाएर बहुलाएकी प्रसङ्ग उद्धृत गरी पितृसत्तात्मक शक्ति र प्रभुत्वले नराम्रोसँग चिथोरेका कारण दुर्घटित इन्दिराको जीवनको यथार्थ चित्र उतारिएको छ ।

इन्दिरालाई पारिवारिक गृहस्थीबाटै परिधिमा फ्याँकिएकी दुर्भाग्यपूर्ण जीवन बाँच्न विवश कमजोर पात्रका रूपमा चित्रण गर्दै प्रस्तुत कथनमा 'म' पात्रमार्फत् भट्टराईले प्रतिरोधपूर्ण अभिव्यक्ति प्रस्तुत गरी सबैको ध्यानाकर्षण गराएकी छिन् :

> इन्दिरा तिमी एउटी उदाहरण हौ । नारीद्वारा नै नारीहरू पीडित छन् भन्ने कुराको । तिमी एउटी बिम्ब हौ पछुतो र पलायनकी । तिमी एउटा व्यङ्ग्य हौ यो समाजको र तिमी एउटा परिणति हौ हेपिएकी नारीको । .... "कामना गर इन्दिरा, अबका नारीले नारीद्वारा नै शोषणको मार खप्न नपरोस् । .... तिमीजस्तै कसैले पनि जीवनमा पागल भएर पलायन हुनु नपरोस् । इन्दिरा अब उप्रान्त कुनै पनि नारीले तिम्रो नियति बेहोर्नु नपरोस् ।" (भट्टराई, २०६०, पृ. ९९)

उपर्युक्त उद्धरणमा पितृसत्ताको दमन, उत्पीडनका कारण प्रतिरोध गरी अध्ययनलाई अगाडि बढाई स्वतन्त्र वैयक्तिक जीवन बाँच्न खोज्दा इन्दिराको जीवन दुर्घटित हुन पुगेको देखिन्छ । उनमा भएको योग्यता, प्रतिभा र अस्मितालाई पुरुषत्वले वस्तुका रूपमा उपयोग गरी अन्ततः घृणापूर्वक लत्याएको विषयवस्तु उक्त कथनमा अभिव्यक्त भएको छ । नारीलाई अस्तित्वको सङ्कटमा पुऱ्याई दुःख दिने पितृसत्ताका उपज पुरुष नै भएकाले स्वार्थपूर्ण प्रेमको भासमा डुबाई बहुलाउने स्थितिमा पुऱ्याइएकी इन्दिरालाई समाजकी एउटी व्यङ्ग्य र समाजसँग प्रतिरोध गर्न नसकी बहुलाएकी सङ्कटपूर्ण अस्तित्वका रूपमा चित्रण गरी 'म' पात्रमार्फत् विद्रोहको चेतना प्रतिबिम्बित गराइएको छ ।

इल्या भट्टराईद्वारा लिखित *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहभित्र सङ्गृहीत 'दाजु, मलाई मद्दत गर्नुहोस्' कथामा समाजको शक्ति वा सत्तामा आसीन पुरुषले महिलाको शरीरमाथि आफ्नो प्रभुत्व जमाएको देखिन्छ । पुरुष शक्तिसम्पन्न भएकै कारण उसले महिलाको शरीरलाई समान दर्जामा राख्न अस्वीकार गरेको छ । पितृसत्तात्मक सामाजिक निर्मितिले महिलालाई लिङ्ग भेदकै कारण कमजोर, निरीह, रक्षिता एवम् निमुखा बनाएको छ जसले गर्दा पुरुषले महिला शरीरमाथि प्रभुत्व स्थापित गरी राजनीति गरेको कथन यहाँ यसरी आएको छ ।

> अस्ति हजुरसँग चिनाजानी भएदेखि नै मलाई त मेरो आफ्नै दाजु नै भेटेजस्तो लाग्यो । अस्तिको दाजु त मुखले मात्रै मलाई बहिनी भनिटोपल्ने, कामले भने, त्यस्ताको के कुरो गर्नु । मेरो बारे सोचिबक्सने साख्खै मेरो दाजुजस्तै मैले

> हजुरलाई पाइहालें । अब मलाई अरू कसैको मद्दत किन चाहियो र ? मलाई त हजुरले नै गरिहालिदिसिन्छ नि । (भट्टराई, २०६३, पृ. १४-१५)

उपर्युक्त कथनमा दाजु बनेर प्रभावशाली व्यक्तिले जागिरमा लगाइदिने प्रलोभनमा पारी सुषमाको शरीरको प्रयोग गरेको प्रसङ्ग आएको छ । जागिर लगाइदिएर मद्दत गर्ने निहुँमा आफ्नो शरीर सुम्पिनुपर्ने वर्तमान समयको बाध्यात्मक परिस्थिति यहाँ मुख्य विषय बनेर आएको छ। जीविकोपार्जनको बाध्यतालाई माध्यम बनाएर पुरुषले शारीरिक कुण्ठा तृप्ति पार्ने साधनका रूपमा सुषमाको शरीर प्रयोग भएको देखाई व्यवस्थामा देखिएका भनसुन, चाकडी एवम् समग्र प्रणालीप्रतिको उदासीनतालाई प्रस्तुत गरिएको छ । 'म' पात्रको कार्यालयमा जागिरका लागि भनसुन गरिदिन आउने व्यक्ति नकारात्मक चरित्रका रूपमा दर्सिनु, अब त आफ्नै सहोदर दाजुजस्तै मान्छे भेटिहालें भनेर ढुक्क भएको भाषिक अभिव्यक्तिबाट सुषमाले सुरक्षाको ओत खोजेको देखिन्छ । गाउँका दूरदराजबाट शैक्षिक उन्नयनका लागि सहर पढ्न आएकी सुषमा जागिर खोज्ने सिलसिलामा आफ्नो शरीर नै सुम्पिन विवश युवतीहरूको प्रतिनिधि पात्र हुन् भने कथित दाजुलाई युवतीहरूको बाध्यताको फाइदा उठाउने पुरुष प्रभुत्ववादको प्रतिनिधि पात्रका रूपमा विश्लेषण गरिएको छ ।

इल्या भट्टराईको *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'त्यहाँ सधैं सत्यमेव जयते हुँदैन' शीर्षकको कथामा शक्ति र प्रभुत्वका आधारमा अनिताको शरीरको प्रयोग भएको छ । अनिता कथाको सुरूमै सशक्त चरित्र र चिन्तन बोकेको एक शिक्षित एवम् विद्रोही नारीका रूपमा उपस्थित भएकी छिन् । विद्यालयको प्रिन्सिपलले सबै शिक्षक शिक्षिकालाई आफ्नो अधीनमा बस्न बाध्य पार्नु, स्वतन्त्र वैचारिक अस्तित्वमाथि हस्तक्षेप गर्नुबाट पितृसत्ताको अभ्यासमा पोषित शक्ति र प्रभुत्वको अवशेष प्रिन्सिपलको चरित्रमा स्पष्ट देखिएको छ ।

> शक्तिको अभ्यास युद्ध वा राजनीतिमा मात्र हुँदैन । अफिस, स्कुल वा पारिवारिक एकाइभित्र पनि हुन्छ । .... शक्तिको शोषण र सिर्जना दुवैको इन्जेन हो (उप्रेती, २०७९, पृ. २९-३०) भन्दै फुकोले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई एउटै मानेका छन् ।

फुकोको उक्त कथनलाई हेर्दा कथाकी नारीपात्र अनिता विद्यालयमा शक्तिशाली प्रभुत्वद्वारा गरिने विभेद, शोषण र दमनका विरुद्ध स्वतन्त्र पहिचानका निम्ति सङ्घर्षशील देखिएकी छिन् । जुन कुरा प्रस्तुत कथनमा व्यक्त भएको छ ।

> "ए तिमीहरूले आफूखुसी निर्णय लिने ? यो स्कूलभित्र आइसकेपछि तिमीहरू कुनै पनि निर्णय लिन स्वतन्त्र छैनौ । तिमीहरूलाई पक्कै पनि अनिताले भड्काएकी होली हैन ? अनिता नाइकिनी भएकी होली हैन ? अनि मीना ! आफ्नो दुःख यसरी बाहिर सार्वजनिक गरेर अरूसँग भीख माग्न तिमीलाई लाज लागेन ? त्यस्तै पैसा चाहिए, माग्नै परे बरू सडकको छेउमा बस्नू नि । अहिलेभन्दा बढी पैसा पाइन्छ ।" (भट्टराई, २०६८, पृ. ३०)

उपर्युक्त कथनमा शक्तिको आडमा अनावश्यक मालिक्याइँ छाट्ने प्रिन्सिपलले अनिताको इमानदार श्रमशक्तिमाथि वक्रदृष्टि लगाई शोषण गरेको देखाइएको छ । पितृसत्तात्मक चिन्तनले पोषित प्रिन्सिपलले अनितामा निहित निडरपन, स्वाभिमान र कामप्रतिको निष्ठामा दासत्वको छवि भेट्टाउन नसकेपछि उनी अनितामाथि शोषण, उत्पीडनको ताण्डव मच्चाउन उद्यत देखिएकी छिन् ।

मानसिक एवम् वैचारिक अस्तित्व एवम् स्वतन्त्र पहिचान बोकेकी अनिता बनिबनाउ समाजको चाकडी, चाप्लुसीजस्ता मान्यताहरूको भञ्जन गर्दा विद्यालयबाट भँडुवा नाइकिनीको आरोप खेप्न पुग्छिन् । आफ्नो स्वाभिमानी छवि सुरक्षित राख्ने हकी पात्र अनिताका माध्यमबाट पुरातन जड मान्यताहरूप्रति असहमति जनाई यहाँ प्रतिरोध गरिएको छ । पितृसत्ताको कुरूप छवि छर्लङ्गसँग दर्सिएको कथन र अनिताको प्रतिरोधी चेत प्रस्तुत उद्धरणमा यसरी आएको छ :

> हैन यो स्कूलमा छिरेपछि आफ्नो स्व नै बन्धकी राख्नुपर्ने रहेछ कि के हो ? नभए त आफूले कमाएको पैसा कसलाई दिने, कसलाई ऋण दिने भन्ने विषयमा पनि आफूले निर्णय गर्न नहुने यो कस्तो दासता हो ? व्यक्तिको स्वतन्त्र निर्णयको अधिकार पनि यहाँ पसेपछि सिद्धिन्छ कि क्या हो ? होइन भने त मीनालाई पैसा दिनु वा नदिनु भन्ने कुरो त स्कूलसँग सरोकार राख्ने कुरै होइन । .... तर किन यहाँका शिक्षकशिक्षिकाहरू यतिविधि लुते भएका ? (भट्टराई, २०६३, पृ. ३०)

उपर्युक्त कथनमा शक्तिका आडमा व्यक्तिको वैयक्तिक निर्णयमाथि गरिएको दमन, शोषण एवम् हस्तक्षेपका यावत् प्रपञ्चको अन्त्यको माग गरिएको छ । यहाँ सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनीतिक आदि क्षेत्रका पृष्ठभूमिमा शक्ति एवम् वर्चश्वले जरा गाडेको

देखाई आवाजविहीनहरूको मुखपात्र अनितालाई बनाइएको छ तर शोषणको विरोध गरी चेतनाको नयाँ बाटोको खोजी गरे तापनि एक्लो वृहस्पति भुटो भने झैं सधैं सत्यको पाठ पढाइने ठाउँमा समेत सधैं सत्यमेव जयते हुँदैन भन्ने शीर्षक दिई लेखकले अनिता एक्लिनुपरेको विषय उठाएकी छिन् ।

शैक्षिक संस्था जहाँ दुःख-सुख, माया-प्रेम, दया-करुणाको पाठ सिकाइन्छ, त्यहीँ गुरुत्व वहन नगर्ने शिक्षकशिक्षिकाको एकत्व, स्वत्व धराशायी बन्न पुगेपछि जन्मिएको विद्रोह अनिताको परिवर्तनको प्रतिच्छाया एवम् मौलिक चिनारी बन्न पुगेको देखाइएको छ । अरूको तिरस्कार तथा घृणाले कुण्ठित भई दबिन, हेपिन नचाहने अनिताले नारी अस्तित्व र पहिचान खोज्ने आम नारीहरूको प्रतिनिधित्व गरेकी छिन् ।

### २.२.५ लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि

लैङ्गिकता शब्दले व्यक्तिको यौन आकर्षण, यौनव्यवहार, यौन पहिचान र यससँग सम्बन्धित जैविक, मानसिक, सामाजिक र सांस्कृतिक समग्र अर्थ बहन गर्दछ । व्यक्ति जन्मँदा जैविक रूपमा भिन्न शरीर संरचना लिएर जन्मन्छ । व्यक्तिको प्राकृतिक लिङ्ग उसको जन्मजात जैविक विशेषता हो भने सामाजिक लिङ्ग उसको शारीरिक बनावटलाई आधार बनाई समाजले पछि निर्माण गरेको धारणा मात्र हो । लैङ्गिक सिद्धान्तले विशेष गरी जन्मिसकेपछि समाजद्वारा निर्मित महिला तथा पुरुषको सामाजिक भूमिका एवम् व्यवहारलाई लैङ्गिकता भनिन्छ (पाण्डे, २०६९, पृ ३) । लैङ्गिकता शिशु गर्भावस्थामा हुँदा नै सुरू हुने भएकाले शरीरको लिङ्गगत संरचनात्मक भिन्नताका आधारमा महिलाको पृथक् शरीरको बनोटलाई केन्द्र बनाएर शरीरप्रति विभेद गर्न थालेबाट यसलाई प्रकृतिप्रदत्त नभई सामाजिक निर्मितिका रूपमा विश्लेषण गर्न सकिन्छ । अथवा नारी र पुरुषको भिन्नताको अध्ययन गर्ने सिद्धान्तलाई लैङ्गिकताको सिद्धान्त मानिएको छ ।

भारतीय प्रख्यात लैङ्गिक विज्ञ कमला भासिनले लैङ्गिकताका सम्बन्धमा लेखिएको विषयलाई ज्ञानु अधिकारीले यसरी उद्धृत गरेकी छिन्- "लैङ्गिकताले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक परिभाषाको बोध गराउँछ । समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोतसाधन दिन्छ र उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकताको विकास गर्न सिकाउँछ त्यसको बोध गर्नु लैङ्गिकताको अर्थ हो" (अधिकारी, २०७६, पृ. १५५) ।

यथार्थमा पितृसत्ता भन्नु पुरुष होइन यो त समाजव्यवस्थाको विशेष किसिमको ढाँचा हो जसले पुरुषलाई मालिक देखाएको छ र नारीलाई उसको सेवक बन्न अराएको छ। समाजमा पितृसत्ताद्वारा निर्मित विभिन्न खालका निर्मितिहरू निर्माण गरी महिला शरीरप्रति दोहन, शोषण एवम् वस्तुकरण गर्न थालियो। लैङ्गिकताका विषयमा रमेश भट्टराईले लेखेका छन्- "समाजमा पुरुष र महिलाका बिचमा सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा लैङ्गिक विभेदको जन्म भएको कुरा पुरुष र महिलासँगका परम्परागत व्यवहारले प्रस्ट्याउँछन्" (भट्टराई, २०७७, पृ. १३५)।

महिलाको शरीर आमाको गर्भमा रहँदादेखि नै शोषित बन्न पुगेको छ। पितृसत्ताको हावी भएकै कारण गर्भावस्थामा भ्रूणको लिङ्ग पहिचान गरी छोरी भए गर्भपतन गर्ने, छोरी जन्मिए भने आमा र छोरी दुवैको शरीरप्रति विभेद गर्ने प्रवृत्ति नेपाली समाजमा रहेको छ। बच्चाहरूको जन्मको श्रेय पुरुषको शुक्राणुलाई दिनासाथ परिवारमा स्त्रीको अधिकार समाप्त गरिदियो र अधीनस्थ प्राणीजस्तो व्यवहार गर्न लाग्यो। स्त्री अब पुरुषको विरासतको एक हिस्सा मात्र हुन गई। पहिले पिताको अधीनस्थ पछि पतिको अधीनस्थ। उसको अस्तित्वसमेत पुरुषको कृपामा निर्भर हुन गयो (बुभायर, २०७५, पृ. ४१)। महिलाको शरीरलाई वस्तुकरण गरी आफ्नो स्वार्थअनुकूल भोग गरी स्वार्थ सकिएपछि वस्तुसरह मिल्काउनु महिलाप्रति गरिने चरम राजनीति हो। लैङ्गिक चेतनाको प्रयोगका दृष्टिले इल्या भट्टराईका सबै कथाहरू महत्त्वपूर्ण देखिए तापनि सबै कथाको अध्ययन विश्लेषण गर्ने सम्भव नभएकाले यहाँ लैङ्गिक दृष्टिले शक्तिशाली 'अनुवाद', 'वेभलेन्थ', 'नियति', 'कसको दोष थियो' र 'त्यो एउटा बिहान' गरी जम्मा पाँचओटा कथाहरूलाई विश्लेषणका निम्ति छनौट गरिएको छ।

इल्या भट्टराईको *मन मनै त हो* कथासङ्ग्रहमा सङ्गृहीत 'अनुवाद' शीर्षकको कथामा पितृसत्तात्मक समाजमा निर्मित लैङ्गिक असमानताका कारण महिला पात्रहरूको शरीरमाथि विभिन्न किसिमले राजनीति गरेको पाइन्छ। परिवारमा पितृसत्ता हावी भएपछि नारीमाथिको दमन आफ्नै परिवारबाट सुरू हुन्छ। पुरुषद्वारा विभिन्न बहानामा महिला शरीरमाथि शोषण दमन गरिन्छ। 'अनुवाद' शीर्षकको कथामा प्रयुक्त नारीपात्र प्रेमिका र श्रीमतीमाथि प्रेमी/श्रीमान्ले भेदभावपूर्ण व्यवहार गरी महिलाको शरीर प्रयोग गरिएको कुरा श्रीमतीको यस कथनबाट पुष्टि हुन्छ :

> ऊ आफ्नी सद्य विवाहिता पत्नीलाई आफ्नी प्रेमिकामा अनुवाद गर्न खोज्दै थियो । आफूले अत्यन्त चाहँदा चाहँदै पनि पाउन नसकेको कुराको प्रतिलिपि बनाई त्यसबाट सन्तुष्ट हुने उपाय रच्दै थियो । ऊ स्वास्नीको व्यक्तित्वमाथि प्रेमिकाको खोल ओढाउँदै थियो । ऊ आफ्नी स्वास्नीमा प्रेमिकाको छाया खोज्दै थियो । ऊ आफ्नी पत्नीसँग नभै उही प्रेमिकाको छायारुपि व्यक्तित्वसँग जीवन बिताउने उपक्रम गर्दै थियो । ऊ आफ्नी स्वास्नीलाई हैन प्रेमिकालाई माया गर्न खोज्दै थियो । (भट्टराई, २०६०, पृ. ३०)

उक्त कथनमा प्रयुक्त पात्र लोग्ने पुरुषसत्ताको प्रतिबिम्बन हो । प्रेमिकाले विवाह गर्न अस्वीकार गरेपछि परिवारले खोजेर विवाह गराइएकी सरल, सुशील पत्नीमाथि लोग्नेले प्रेमिकाको रूप, गुण, कला एवम् सौन्दर्यसँग तुलना गर्नु, सर्वगुण सम्पन्न ठानिएकी प्रेमिकाको प्रशंसा अधिक मात्रामा गर्नु र पत्नीमाथि ती गुणहरू आरोपित गर्न खोजेको देखाइएबाट यहाँ पत्नीलाई साध्य नभएर साधन, लक्ष्य नभएर माध्यम र प्रेमिका व्यक्तित्वसँग एकाकार गर्ने सेतुको रूपमा प्रस्तुत गरी महिला शरीरको प्रयोग भएको प्रस्ट हुन्छ । आमाबाबाले पाले पुण्य मारे पाप भनेर श्रीमान्को हातमा सुम्पिएकी श्रीमतीका भावना, चाहना, कर्तव्य र जिम्मेवारीलाई पुरुषसत्ताले वस्तुकरण गरी महिलाको स्वतन्त्र पहिचानलाई नियन्त्रण गरेको छ । यहाँ आफ्नो स्वअस्तित्व गुमाउन पुगेकी श्रीमतीको मनमा विद्रोह जन्मिन पुगेको देखाइएको छ । व्यक्ति आफ्नो शरीर प्रयोग गर्न स्वतन्त्र छ । आफ्नो इच्छामा जिउनु उसको अधिकार हो । आफ्नो शरीर कसरी प्रयोग गर्ने, केमा प्रयोग गर्ने व्यक्तिमा स्वनिर्णयको अधिकार हुन्छ भन्ने लैङ्गिक मान्यता 'अनुवाद' शीर्षकको कथामा अभिव्यक्त भएको छ । यहाँ श्रीमान्ले श्रीमतीको भावनात्मक संवेग एवम् अस्तित्वको वास्तै नगरी पूर्व प्रेमिकाको व्यक्तित्व भिराइदिएर उसकी स्वास्नी + उल्था = उसकी प्रेमिका बनाई स्वास्नीबाट प्रेमिकाको तृप्ति लिन चाहेको बोध भएपछि स्वास्नीको मनमा विद्रोह जन्मिन पुगेको देखिन्छ ।

महिला शरीर केवल पुरुषको भोग्या, पुरुषको सेविका, उपभोग्य साधन मानिने परम्परागत सोचका विपरित पत्नीमा आफ्नो जीवन स्वतन्त्र छ, लाउने, खाने, सिक्ने विषय रुचिमा निर्भर रहन्छ भन्ने सोच आएको छ । पत्नीले आफ्नो शरीरप्रतिको आफ्नै अधिकार व्यक्त गरेको अभिव्यक्तिका माध्यमबाट भट्टराईले विद्रोहको आफ्नो लैङ्गिक दर्शनलाई ध्वनित गरेकी छिन् ।

इल्या भट्टराईको वेभलेन्थ शीर्षकको कथामा पितृसत्ताले महिलाको विवेक, विचार, रायसल्लाहलाई अनावश्यक ठानी सोहीअनुसारको व्यवहार गरेको प्रसङ्ग कथामा यसरी व्यक्त भएको छ :

> लोग्नेले बोल्ने बित्तिकै आज्ञा शिरोपर गर्नुपर्ने, उसलाई सल्लाह दिने कुरो दिमागमै पनि ल्याउन नहुने किनकि स्वास्नीको मूल्यहीन रायहरूले लोग्नेको कानसम्मको दूरी छिचोल्न सक्तारहेनछन् । घरव्यवहारको लिनेदिनेमा आफूसँग सोधेनन् भनेर चित्त दुखाउनु पनि व्यर्थ रहेछ, पैसा उनैका हुन् र आफन्तहरू पनि उनैका हुन् । .... निगाहामा पाएको खुसीमा खुसी भएँ भन्ठानी खुसी हुनुपर्ने । मनमा घाउ नै भए तापनि बाहिर हाँसेर देखाउनुपर्ने र यही जीवनलाई सम्पूर्ण ठान्नुपर्ने किनकि लोग्नेको दृष्टिमा स्वास्नी ....... । (भट्टराई, २०६०, पृ. ४७)

उपर्युक्त कथनले सहनशीलता आदर्श नारीको पहिचान हो भन्ने पितृसत्तात्मक मान्यताभित्र जेलिएकी एक महिलाले अपराधै नगरे पनि दण्डित जीवन बाँच्न बाध्य हुनुपरेको मूल आशयलाई पुष्टि गरेको छ । पतिपत्नी एक रथका दुई पाङ्ग्रा वा अर्धाङ्गिनी भनिए तापनि उक्त कथनमा स्वास्नीलाई लोग्नेसँग वेभलेन्थ मिलाउन नसक्ने निरीह नारीको रूपमा प्रस्तुत गरिएको छ । घरधन्दा, भान्छा, छोराछोरी, पढाइ, कार्यक्षेत्र, सामाजिक व्यवहार धान्ने स्वास्नी लोग्नेद्वारा पालिने जात ठान्ने लोग्नेको सोच दोषी मान्यताले पोषित भएको देखिन्छ । पितृसत्तात्मक सोचले ग्रस्त लोग्नेका अनुसार घरव्यवहार, सरसल्लाहका बारेमा बोल्ने अधिकार पुरुषको मात्र हुन्छ, महिलाको हुन्न । महिलाले पुरुषले अह्राएका कुरा विना प्रश्न खुरुखुरु गर्नुपर्ने, आफ्ना विचार, राय राख्न नहुने, घर तथा समाजमा निर्णयात्मक भूमिकामा रहनु नहुने विचार व्यक्त गरिएको छ ।

परम्परागत पितृसत्तामा महिलाले लोग्नेको आग्रहलाई अटेर गर्ने अधिकार स्वीकार गर्दैन । लोग्नेको हैकम, हुकुम र दुवर्चन चुपचाप सहन सके मात्र ऊ स्वास्नी कहलिन सक्छे भन्ने विवरणका माध्यमबाट कथाकारले नारीविद्वेषी चरित्रप्रति सबैको ध्यानाकर्षित गर्न खोजेकी छिन् ।

इल्या भट्टराईको 'नियति' शीर्षकको कथामा प्रयोग भएका महिला पात्रहरूको शरीरमाथि पितृसत्ताबाट कुनै न कुनै कोणबाट राजनीति भएको छ । कथामा प्रयुक्त नारीपात्रहरू सरु,

सरुकी छोरी र काम गर्न राखिएकी माइलीले भोग्नुपरेको समस्या, जटिलता, यौन शोषण, पारिवारिक विघटन यहाँ राम्ररी दर्सिएको छ । सहरिया केटोसँग विवाहबन्धनमा बाँधिएकी सरुको लोग्ने रक्स्याहा, आवारा, बेरोजगारी हुनु, गुजारा चलाउन सरुले पाटीमा चिया पसल खोल्नु, सहयोगीका रूपमा राखिएकी माइलीको शरीर यौन दुर्व्यवहारमा पर्नु र सरुले रातदिन लोग्नेको पिटाइ खान बाध्य हुनुबाट यहाँ नारी शरीर घरेलु हिंसा एवम् शोषणमा परेको पुष्टि हुन्छ । "महिलामाथि हुने शोषण, दमन र प्रयोगको प्रमुख कारक पितृसत्ता हो । पितृसत्ता एउटा परम्परागत संरचना भएकाले पुरुषले महिलालाई संस्थागत रूपमै दमन गरेको हुन्छ" (भट्टराई, २०६८, पृ. २६६) । पितृसत्ताद्वारा स्थापित विभिन्न भाष्यहरू निर्माण गरी नारी शरीरमाथि सामाजिक संरचना, धर्मसंस्कृति, राजनीति, श्रम आदिका माध्यमबाट शोषण गरिएको विषय बुझ्न सरुको भनाइलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

> एकदिन माइलीका संवेदनशील अङ्गसँग जिस्कन खोजेका उसका हातहरूले मेरो मनको शान्ति भङ्ग गरिदियो । ... मलाई माइलीको चिन्ता थियो । बिचरी गरिब, मालिकको मुठीको माखो भएकी थिई । केही गरी पेट बोकी भने के गर्ने ? ... फेरि माइलीलाई निकाल्न सम्भव पनि थिएन । मेरा व्यापार बढाउनमा उसको ठुलो भूमिका थियो । यसैकारण उसलाई लिएर लोग्नेसँग मेरो बारम्बार भनाभन भइरहन्थ्यो र म अनाहकमा चुटाइ खाएर आफ्नो शरीरमा नीलडाम थप्दै जान्थेँ । (भट्टराई, २०६०, पृ. ६७)

प्रस्तुत तथ्यलाई हेर्दा नेपाली समाजमा छोरी मान्छे पुरुषले उपभोग गर्ने उपभोग्य वस्तुका रूपमा बाँधिएको पुष्टि हुन्छ । लोग्ने आवारा बनेर हिँड्ने त्यसमाथि चिया पसल गर्न सहयोगीका रूपमा राखिएकी केटीमाथि लोग्नेले गरेको कुकृत्य रोक्न खोज्दा स्वास्नीले कुटाइ खानुपरेको छ । पितृसत्तात्मक लैङ्गिक विभेदी सामाजिक व्यवस्थाले यस कथनमा आएका महिलाहरूको शरीर दमन गरेको छ । यौनको विषयमा पुरुषलाई हरेक पाइलामा सजायमुक्त जीवन बाँच्ने अवसरको उपलब्धता छ । पितृसत्ताको युगौँदेखिको अभ्यासका कारण थाहै नपाई खराब एवम् एकतर्फी व्यवहार हावी हुन पुग्नाले कतिपय पुरुषहरूबाट बेलाबेलामा नारीप्रति हिंस्रक व्यवहार हुन पुगेको छ भन्ने तथ्यलाई प्रस्तुत कथनले पुष्टि गरेको छ । रक्सीकै सुरमा भावुक भएर एकदिन प्रशान्तले मेरो उद्धार गर्ने प्रस्ताव राखे । सरु म तिम्रो उद्धार गर्न चाहन्छु । ... "तिमीलाई यो दुःखको सागरबाट निकालेर आफ्नो घरमा लान चाहन्छु" (भट्टराई, २०६०, पृ. ६९-७०) ।

उपर्युक्त कथनमा नारीलाई परिस्थितिसँग हार मानी बाँच्न विवश सरुलाई प्रशान्तले प्रेमको आभासभन्दा पनि उद्धार गरी छोराछोरीसहित घर लैजाने निर्णय सुनाएबाट प्रशान्त क्षणिक शारीरिक प्रेमाकर्षणमा परेको देखिन्छ । छोराछोरीसहित तिम्रो उद्धार गर्छु भन्ने अभिमानपूर्ण अभिव्यक्तिबाट प्रशान्तले असल पुरुषको अभिनय गर्न खोजेको देखिए तापनि 'उद्धार' शब्दले कथाभित्र ऊ नकारात्मक चरित्रको पुरुषको रूपमा दर्सिएको छ । शारीरिक आकर्षण एवम् मायाजालमा पारेर भए पनि आफ्नो स्वार्थपूर्तिका लागि सरुलाई अपनाउन खोज्नु प्रशान्तको चरित्रको दोष हो भन्ने कुरालाई तल दिइएको कथनले पुष्टि गरेको छ :

> "तेरी छोरी मलाई दे" एक्कासी उसको अप्रत्यासित माग सुनेर 'म' सन्न हुन्छु । ... "तिमीले भन्न खोजेको कुरो मैले बुझिनँ ।" के बुझिनस् तैंले ? म तेरा यी सुकेका लाम्टा र यो खोक्रो शरीरदेखि अघाइसकेँ । तेरो शरीरको त्यो रस र माधुर्य सिद्धिसके । यो निरस शरीरले मेरो मनको र मेरो तनको प्यास मेटाउन सक्तैन, त्यसैले त भन्या मलाई तेरी छोरी दे । मेरो अतृप्त मन अब त्यसैबाट तृप्ति खोज्दै छ । घरैमा कुवा भएपछि, बाहिर खोला किन धाउने ? (भट्टराई, २०६०, पृ. ६१-६२)

कथाको आरम्भमा नै प्रशान्तले उक्त कथन बोलेको छ । एक छोरा एक छोरीसहित अर्काकी स्वास्नी सरुलाई विवाह गरेको प्रशान्तले कालान्तरमा त्यही छोरीमाथि वासनात्मक दृष्टिले हेरेबाट उसको चरित्रको कुटिलताबारे स्पष्ट हुन मनग्गे सघाउ पुग्छ । विवाहका केही वर्षपछि नै थोत्री भई भन्दै छोरीलाई यौनप्यास मेटाउने साधनको रूपमा प्रयोग गर्न खोज्ने प्रशान्तको कलुषित चरित्रको भित्री पत्रको दर्शन उक्त कथनले गराएको छ । आफ्नो रक्तबीजलाई मात्र सन्तान मान्ने पितृसत्तात्मक सोचमा जेलिएको प्रशान्त सरुलाई पुत्रीभावले नभई पालनपोषण गरी पुष्ट शरीरको तृप्ति लिन खोज्ने यौनपिपासुको रूपमा प्रस्तुत गरिएको छ । यसबाट कथाकारको मूल आशय पितृसत्ताको कमीकमजोरी खुट्याउने रहेको तथ्य स्पष्ट हुन्छ ।

बाबुको माया, स्नेह र सुरक्षा नपाएकी छोरीमाथि पितृत्वभावले हेर्नुको सट्टा बाबु नामको मुखुण्डो भिरेर यौनतृष्टिको साधनका रूपमा देख्ने प्रशान्त पुरुषत्वको गर्जनले बाक्लैसित अन्धिएको देखिन्छ । लैङ्गिक विभेदकारी सामन्ती मूल्य मान्यताले मक्किएको प्रशान्तको चरित्रलाई सरुका अगाडि नङ्ग्याई भट्टराईले खराब पुरुष प्रवृत्तिको चिनारी दिन खोजेकी

छिन् । 'तेरो सुकेको खोक्रो शरीरसँग अघाइसकेँ अब तेरी तरुनी छोरी दे भन्ने प्रशान्तको हृदयमा निसृत तिखा दाह्राहरूले कोमल प्रेम भावना, विश्वासलाई नराम्रोसँग कोपर्न पुग्छन् र ऊप्रति स्वास्नीको घृणा थामिनै नसक्ने गरी चुलिन पुग्छ । सरुलाई बिहे गर्नु उसको लगानी हो र ब्याजका रूपमा छोरीलाई पर्खिरहेको छु भन्ने प्रशान्तको अभिव्यक्तिबाट परिवारमा पत्नी, छोरीबुहारी ... सबै सधैँ यौनहिंसाको केन्द्रबिन्दुमा पर्ने देखाइएको छ । वास्तवमा नारीले जीवनमा अत्याचार, शोषण एवम् व्यभिचारीलाई ठेगान लगाई समाजमा नारी अस्तित्वको सम्मान गर्ने प्रेम र यौनलाई व्यवस्थित गर्ने संस्कृति बसाउन विद्रोहको आँट गर्नैपर्छ भन्दै यहाँ लैङ्गिक विभेदकारी परिपाटीका त्रुटिहरू केलाउन लेखकीय कलम केन्द्रित भएको देखिन्छ ।

इल्या भट्टराईको *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'कसको दोष थियो' शीर्षकको कथामा महिलामाथिको शोषण र दमनको प्रमुख कारक पितृसत्ता बनेको विषय आएको छ । पितृसत्ताले पुरुष मात्र नभई महिलाको मानसमा पनि पुरुषले महिलाका लागि बनाएका नियमहरू न्यायसङ्गत नै छन् भन्ने भ्रम सिर्जना गरिदिएको हुन्छ र महिलाहरू तिनै नियमको धारमा हिँडेको देखिन्छ । 'कसको दोष थियो' कथामा आफैँलाई पढाउने शिक्षकले व्यक्तित्वप्रति मोहित भई प्रेम प्रस्ताव राखेको र अन्तत 'म' पात्रले त्यसलाई स्वीकारेको विवरण प्रस्तुत गरिएको छ भने त्यस उपरान्त विकसित घटना विवरणमा तल्लो जात र सौन्दर्यगत त्रुटि दसाई घरबाट निस्कन बाध्य हुनुपरेको तथ्य खुलाइएको छ । 'म' पात्रमा निहित विशेष कला, क्षमता एवम् प्रतिभाबाट प्रभावित भई प्रेमको रहर गर्ने तर प्रेमको मर्मबोध गरी त्यसप्रति न्याय गर्न नसक्ने पुरुषलाई त्यागेर काखकी छोरी काखी च्यापेर घरबाट हिँडी समाजमा प्रचलित लैङ्गिक विभेदकारी पितृसत्तात्मक रुढ मूल्यमान्यताप्रति असन्तुष्टि देखाइएको छ ।

परिवार, समाजभित्र नारी समुदायले भोग्नुपरेका समस्या यथार्थमा नारीका मात्र नभएर सिङ्गै समाजका समस्या हुन्, विकासका समस्या हुन् भन्ने तथ्यलाई उजागर गरी लैङ्गिक विभेदकारी परम्परागत ढर्राबाट बाहिर निस्किनुपर्ने आशय अभिगुञ्जित भएको विषय यहाँ यसरी प्रस्तुत गरिएको छ :

> उसो भए के आफू साधारण रूपरङ्गकी हुनु अनि तल्लो जातकी हुँदाहुँदै पनि आफूभन्दा माथिल्लो जातको सौन्दर्यवान् केटासँग बिहे गर्नु मेरो दोष थियो ? यदि त्यो दोष हो भने त्यसमा उनी पनि उत्तिकै सहभागी थिएनन् र ? होइन भने आफ्नो अस्तित्व र आफ्नो व्यक्तित्वलाई उनीहरूको बन्धकी नराखी

> आफ्नो स्वाभिमान र आफ्नो आत्मसम्मानलाई जिउँदो राख्दै एउटा सम्मानपूर्ण जीवन बाँच्न खोज्नु के मेरो दोष हो ? छोरीलाई व्यक्तित्वको पूर्णता दिन खोज्नु के मेरो दोष थियो ? के छोरीलाई अधूरो र अपूरो जीवन भोग्न बाध्य पानुमा के मेरो मात्रै दोष थियो ? तर पनि आज छोरीको दृष्टिमा किन म मात्रै दोषी ठहरिएँ त ? (भट्टराई, २०६३, पृ. ७९)

उपर्युक्त कथनमा 'म' पात्रमा त्यस किसिमको स्वाभिमानी एवम् प्रतिकार गर्न सक्ने शक्ति अरू कसैले जगाइदिएको होइन, उसभित्रको चेतनाकै वरदान थियो । आफैँभित्रको बलले उसले परिवार, लोग्ने र समाजद्वारा कुजात एवम् निरीह प्रमाणित गर्न खोजिएकी छोरी र आफ्नो अस्तित्वको पीडालाई बोध गरी त्यसैलाई मूल शक्ति स्वीकार्दै लैङ्गिक समानताको प्रमुख चुनौतिलाई सही ढङ्गले उठाएको देखिन्छ । जीवनमा आफ्नो कमजोरीले नभई अरूको कमजोरीका कारण 'म' पात्रले जति पनि दुःख र अनिच्छित परिस्थितिसँग जुध्नुपरेको देखिन्छ । पितृसत्तात्मक समाज व्यवस्थामा सामाजिक रीतिरिवाज, मर्यादा नाघेर अन्तरजातीय विवाह गरेकै कारण पतिको घरबाट निकालिनु परेको तर तल्लो जातकी केटी ल्याउने छोराप्रति सबैको सहानुभूति देखाइएको परिस्थिति विवरणमा उल्लिखित छ । कालान्तरमा आफ्नै छोरीले समेत पतिलाई फेसन गरेर, स्मार्ट बनेर रिझाउन सकेको भए बाबा हजुरसँग अघाउनुहुन्नथ्यो कि भनेबाट यहाँ भट्टराईले समाजको चित्र अगाडि सारेर मानिसहरू आफ्नो वैयक्तिता प्राप्त गर्न नभई प्रचलित परम्परालाई निरन्तरता दिन मात्रै बाँचिरहेको पितृसत्तात्मक सामाजिक परिपाटीको दोष खुट्याउन खोजेको देखिन्छ ।

इल्या भट्टराईको *त्यो एउटा बिहान* कथासङ्ग्रहमा सङ्गृहीत 'जीवन एउटा सम्झौता नै त रहेछ' शीर्षकको कथामा जयकी श्रीमती मिना र विवेककी श्रीमती 'ऊ' दुई पात्रको शरीरमाथि राजनीति गर्ने जय र विवेकमा पितृसत्ताको कुपाठ ध्वनित भएको देखिन्छ । नारी अस्मिता, स्वतन्त्रता र स्वाभिमानी चेतना प्रशस्त हुँदाहुँदै उनीहरू नियतिको मारमा परेका देखिन्छन् । श्रीमान्ले नारी र पुरुषका सम्बन्धको सौहार्दतामा अतिक्रमण गरिरहँदा पनि बालबच्चा र समाजका लागि भए पनि स्वाभिमान र आत्मसम्मानलाई पोको कसी मनको कुनामा थन्काउन बाध्य नारीहरूको मनस्थितिलाई यस कथामा उजागर गरिएको छ । पितृसत्ताद्वारा प्रतिपादित पुराना ढुसी परेका मूल्य मान्यतालाई आदर्शको सीमाका रूपमा स्वीकारेर लोग्नेको भोग्या बनी समर्पण, त्यागका साथ उनीहरूकै महिमागानमा भुल्न सके

मात्र दाम्पत्य जीवनको चिरस्थायित्व रहन सक्ने दृष्टिकोण प्रस्तुत कथनमा यसरी अभिव्यक्त भएको छ :

> "दिदी हिजो जयले बेसरी रक्सी खाएको थियो । आज होसमा आएपछि रोइकराइ गरेर मसँग माफी माग्यामाग्यै छ ।" .... उसले तिम्रो चरित्रमाथि मात्र होइन तिम्रो स्वाभिमानमाथि अनि तिम्रो अस्मितामाथि आक्षेप लगायो । तैपनि आज तिमी उसलाई माफ गरेर उसको अघिपछि गर्दै छ्यौ । .... "दिदी भन्न त सजिलो हुन्छ, तर आफूलाई परेपछि मात्र थाहा हुँदो रहेछ स्वाभिमान, आत्मसम्मान भन्ने कुराहरू कति निरर्थक रहेछन् । यी कुराहरू जोगाउन मानिसले अरू धेरै कुराको तिलाञ्जली दिनुपर्दोरहेछ । मैले त्यो आँटै गर्न सकिन । त्यसैले धेरै कुरा बचाउनका लागि नै दिदी मैले मेरो स्वाभिमान मेरो आत्मसम्मान मर्न दिएकी हुँ । (भट्टराई, २०७४, पृ. ९०)

उपर्युक्त कथनमा इल्याले मिना (जो आफ्नो घरको भाडामा बस्छिन्) लाई पितृसत्तात्मक संस्कारले ग्रसित पति जयको कठोर नियन्त्रणभित्र अस्तित्वशून्य जीवन बाँचिरहेकी एक निरीह नारीको रूपमा अगाडि ल्याएकी छिन् । जयले बारम्बार रक्सी खाएर स्वास्नी कुटिरहने हुँदा मिनालाई लोग्नेको अत्याचारविरुद्ध आवाज उठाऊ भन्ने ऊ पात्र/घरभेटी दिदी अन्ततः स्वयम् लोग्नेको छलमा परी आवाजविहीन बन्न पुगेको देखाई लेखकले लैङ्गिक उत्पीडनको उजागर गरेकी छिन् ।

पतिको सेवामा समर्पित हुनु नै विवाहिता नारीको धर्म हो, पति, बालबच्चा र परिवारलाई मात्र उसले आफ्नो संसारको सीमा स्वीकार्नुपर्छ र त्यही सीमामा रमाएर बाँच्न उसले अभ्यास गर्नुपर्छ भन्ने दोषी मान्यताले विवेकको सोच पोषित हुन पुगेको देखाई यहाँ पाठकीय मनमा उक्त संस्कारप्रति वितृष्णाभाव जगाइएको देखिन्छ । जड्याहा लोग्नेको कुटाइ, हेपाइ र ज्याजति सहँदै जीवन गतिलाई अगाडि बढाइरहेकी मिनाको परिस्थितिलाई अन्ततः ऊ पात्रले पनि स्वीकार गर्नु परेबाट लैङ्गिक विभेदको अन्त्य व्यवहारमा अझै भइनसकेको पुष्टि हुन्छ । उक्त कथनमा कथाकारले पुरुष प्रभुत्वले कोपरिएको नारी अस्तित्वको घाउलाई भित्रैसम्म च्यातेर देखाई लैङ्गिक विभेदी पुरुषसत्ताको बर्बर संरचनालाई परित्याग गर्नुपर्ने अभिप्राय प्रस्तुत गरेकी छन् ।

## २.२.६ निष्कर्ष

इल्या भट्टराईद्वारा लिखित *मन मनै त हो, अनि ... , निःशब्द प्रश्नहरू, जीवनका रंगहरू* र *त्यो एउटा बिहान* गरी पाँचओटा कथासङ्ग्रहमा सङ्गृहीत कथामा सोद्देश्य छनोट गरिएका 'नियति', 'अनुवाद', 'कुनै दिन शिरीष ढकमक्क फुल्ला', 'आज पनि हामी राम बेहोर्दै छौँ', 'कठै ! इन्दिरा', 'दाजु ! मलाई मद्दत गर्नुहोस्', 'त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन', 'डोल्मा', 'निःशब्द प्रश्नहरू', 'जीवनको अर्थ खोज्दै', 'बेनाम सम्बन्ध', 'म के गरुँ', 'कसको दोष थियो ?', 'जीवन एउटा सम्झौता नै रहेछ' र 'बेभलेन्थ' कथामा प्रयुक्त नारी पात्रहरूमाथि पितृसत्ताले गरेको दमन, उत्पीडन र उनीहरूको शरीरप्रति गरिएको राजनीतिको विश्लेषण गरिएको छ । प्रस्तुत कथामा पत्नीको शरीरलाई माध्यम बनाएर पतिले प्रेमिकासँग सुख भोग्ने क्रममा बीजारोपित सन्तानलाई अर्की आइमाइको मानसपुत्रीका रूपमा उभ्याएर यहाँ कथाकारले महिलाको गर्भाशय तथा मातृत्वप्रतिको अधिकार तिरोहित हुन पुगेको देखाई यस्ता निर्मितिको भञ्जन गर्नुपर्ने विषय उठाएकी छिन् । पितृसत्तात्मक समाजमा लामो समयदेखि नै महिला शरीर शोषणमा पर्दै आएको पाइन्छ । उत्तरसंरचनावादी युगसम्म आइपुग्दा शोषणको आयाम झन् व्यापक बन्दै गएको छ । सामाजिक र राजनीतिक परिवर्तनसँगै मानिसमा आएको चेतनाले गर्दा महिलाहरूले स्वत्व, पहिचान र अधिकारका लागि आवाज उठाउन थाले तापनि नेपाली समाजमा महिलाको शरीरलाई हेर्ने दृष्टिकोणमा सापेक्षित परिवर्तन भएको देखिँदैन । कथामा प्रयुक्त नारीपात्र नेपालमा मात्र नभएर विदेशी भूमिमा पुगेर समेत शोषित, दमित हुन पुगेका छन् । विशेष गरी नेपालको परिवेशलाई केन्द्रभूमि बनाएर लेखिएका उक्त कथाका नारीपात्रहरू पितृसत्तात्मक चिन्तनबाट दमित एवम् शोषित हुन पुगेका छन् । यी कथामा आएका महिला पात्रहरूको यौनिकता तथा प्रजनन्, शक्ति र प्रभुत्व, लैङ्गिकता आदि विषयमा नियन्त्रण गर्दै पितृसत्ताले यिनीहरूको शरीरमाथि राजनीति गरेको छ ।

# तेस्रो परिच्छेद

# इल्या भट्टराईका कथामा महिला शरीरमाथि निर्वासनको प्रभाव

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा इल्या भट्टराईका कथामा महिला शरीरमाथि निर्वासनले पारेको प्रभाव शीर्षकअन्तर्गत भट्टराईका *मन मनै त हो ...*, *अनि ...*, *निःशब्द प्रश्नहरू*, *जीवनका रङ्गहरू* र *त्यो एउटा बिहान* कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूमा निर्वासनले महिला शरीरमाथि कस्तो प्रभाव पारेको छ भन्ने विषयमा अध्ययन गरिएको छ । शरीर राजनीतिको महत्त्वपूर्ण पक्षका रूपमा निर्वासनलाई लिइन्छ । शक्ति र प्रभुत्वका कारण कथामा प्रयुक्त पात्रहरूको शरीर निर्वासित भएको पाइन्छ । यसरी निर्वासित शरीरले आफ्नो स्वत्व वा पहिचान गुमाएको हुन्छ । परम्परागत पितृसत्तात्मक समाजमा द्वन्द्व र युद्ध, शक्ति र प्रभुत्व, हिंसा, उपभोक्तावादी प्रवृत्ति, धार्मिक-सांस्कृतिक परम्परा, वर्गीयता र आर्थिक, राजनीतिक अवस्था आदिका कारण महिला शरीर निर्वासित भएको पाइन्छ । यसरी निर्वासनमा परेका शरीर कतै स्वनिर्वासन, कतै आन्तरिक निर्वासन त कतै बाह्य निर्वासनका रूपमा आएको छ । यहाँ इल्या भट्टराईका कथा प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त गहन, समस्यामूलक र अनुसन्धेय भएकाले निम्नलिखित सूचक द्वन्द्व र युद्ध, अनि उपभोक्तावादी संस्कृतिका कारण महिलाहरूको शरीर केकसरी निर्वासनको अवस्थामा पुगेको छ र महिला शरीरमाथि निर्वासनले केकस्तो प्रभाव पारेको छ भन्ने मूल समस्यामा केन्द्रित भई चयनित कथाकै उद्धरणका आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## ३.२ द्वन्द्व र युद्धका कारण महिला शरीरको निर्वासन

द्वन्द्व भनेको विरोधी वा शत्रुतापूर्ण स्थिति हो । द्वन्द्व सिर्जनामा धार्मिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक र राजनीतिक कारणहरू हुन सक्छन् । विशेष गरी 'श' लाई द्वन्द्वको कारणका रूपमा हेरिन्छ । 'श' भन्नाले शक्ति, सत्ता, सम्पत्ति, शासन, शोषण र सञ्चयजस्ता कुरा द्वन्द्वका मुख्य कारण मानिन्छ (शिवाकोटी, २०७२, पृ. ९२) ।

उक्त परिभाषाबाट स्पष्ट हुन्छ द्वन्द्वको मुख्य विषय भेदभाव, अपहेलना, तिरस्कार वा बहिष्कृतमा परेको, आफूमाथि दमन, शोषण वा अत्याचार अन्याय भयो भनी उत्पन्न हुने विचारले प्रतिरोधको रूप लिँदा द्वन्द्व उत्पन्न हुन्छ । द्वन्द्वको विकसित रूप हिंसा हुँदै युद्धमा

परिणत हुन्छ। हिंसात्मक द्वन्द्वको उग्र वा माथिल्लो चरण युद्ध हो। परस्पर दुई दल, दुई विचार वा दुई पक्षका बिचमा एकले अर्कालाई दमन गर्ने, शोषण गर्ने, परास्त गर्ने उद्देश्यले गरिने आक्रमणलाई युद्ध भनिन्छ। युद्ध राज्य वा वर्गका बिच हुने मतमतान्तरको अन्तिम परिणति हो। समुदाय, समाज वा राष्ट्रमा परिचालित स्रोत, साधन, अवसर, पहुँच, न्याय, दण्ड एवम् पुरस्कारमा असमान वितरण एवम् विभेद भएकै कारण युद्ध जन्मिन्छ। "युद्ध शक्तिको टकराव हो तर अमूर्त शक्तिको मूर्तरूप भन्नु योद्धाहरूले बेहोरेको शारीरिक र मानसिक आघातहरू हुन्। शारीरिक र मानसिक दुवै आघात युद्धसँगै जन्मिन्छन् र मृत्यु, स्थानान्तरण साथै युद्धका ती नमिठा सम्झनाहरू जसले जीवनलाई कायापलट गरिदिन्छन्। शरीर र युद्धको सम्बन्ध एकदम निकट छ त्यसमा पनि महिला शरीर झन बढी प्रभावित हुन्छन्" (लामा, २०७६, पृ. ८५)। कुनै पनि झगडा, वादविवाद, हिंसा, युद्ध, लडाईंका कारण मानिसमा मानसिक लगायत भौतिक संरचनामा क्षति पुऱ्याउँछ। युद्ध, युद्धजन्य परिस्थितिले व्यक्तिमा बिछोड, विनास, मृत्यु, बलात्कारजस्ता घटनाले तत्काल स्वीकार गर्न नसक्ने परिस्थिति सिर्जना गराउँछ।

रुबा सालिहको अनुसन्धानमा उल्लिखित युद्ध अभिघातका विषयलाई समकालीन नेपाली कथामा शरीर राजनीति शीर्षकको लेखमा कुमारी लामाले उद्धृत गरेकी छिन् :

> सालिहले भनेजस्तै महिलाका कथाहरू निकै हृदयस्पर्शी हुनुका पछाडि युद्धले उनीहरूको जीवनमा पार्ने क्षतिले पनि मुख्य भूमिका खेलेको हुन सक्छ। युद्धमा धेरैजसो लोग्नेमानिसहरू मारिन्छन् तर त्यसको सबैभन्दा बढी आघात महिलाहरूमा पर्छ, किनकि घाइते हुने या मारिने त उनीहरूकै लोग्ने या छोराहरू न हुन्। युद्ध महिलाका लागि कहिल्यै निको नहुने घाउ बनिदिन्छ। (लामा, २०७६, पृ. ८५-८६)

शान्तिपूर्ण तरिकाले द्वन्द्वलाई समाधान गर्न नसक्दा युद्धको रूप धारण गर्दछ। युद्ध आफैँमा त्रासदिपूर्ण अवस्था हो। द्वन्द्वकालमा युद्धले निम्त्याएका त्रास, करुणा, बलात्कार, दुःख, वेदना, आतङ्क र मृत्युको चपेटामा सर्वसाधारण नै पर्छन्। युद्ध क्षेत्रमा खटिएका सरकारी पक्ष हुन् वा लडाकु युद्धको मातले महिलाको शरीरमा आफ्नो शक्ति प्रदर्शन गर्ने भएकाले सबैभन्दा बढी आघात महिला शरीरमाथि परेको हुन्छ।

द्वन्द्व र युद्धले शरीर निर्वासनको अवस्था सिर्जना गर्दछ। शरीर राजनीतिको महत्त्वपूर्ण पक्ष निर्वासनलाई मानिन्छ। आत्मनिर्वासन, आन्तरिक निर्वासन र बाह्य निर्वासन गरी

निर्वासनलाई अध्ययन गर्न सकिन्छ । आत्मनिर्वासन भन्नाले आफैंभित्र हराउनु भन्ने हुन्छ (शर्मा, २०७३, पृ. १९६) । परम्परागत समाजमा महिलाहरू घरपरिवार, छोराछोरी खेती इत्यादिमा व्यस्त हुँदाहुँदै आफ्नो पहिचान नै भुलेर पहिचानविहीन अवस्थामा पुगेको पाइन्छ जसलाई आत्मनिर्वासनको संज्ञा दिइएको छ । आन्तरिक निर्वासन भन्नाले परिवार, समुदाय, समाज र राष्ट्रभित्रको निर्वासन भन्ने बुझिन्छ । यस्तो अवस्थामा व्यक्ति अरू कसैको पहिचान बोकेर आफू पहिचानविहीन भएर हिँड्नुपर्ने परिस्थिति आउन सक्छ । शिक्षा, विवाद, रोजगारी आदि कारणले आन्तरिक निर्वासन हुन्छ । आन्तरिक निर्वासन स्वेच्छिक एवम् बाध्यात्मक हुन्छन् । गरिबी, राजनीति, शिक्षा, स्वास्थ्य एवम् अवसर खोज्ने क्रममा आफ्नो देश छोडेर बाहिरी देशमा निर्वासन हुनुलाई बाह्य निर्वासन भनिन्छ । यसरी निर्वासित हुँदा व्यक्ति आफ्नो पहिचान गुमाएर अरूको पहिचान बोकेर हिँड्न बाध्य हुन्छ । बाह्य निर्वासन पनि बाध्यकारी र स्वेच्छिक दुई किसिमको नै हुन्छ (सुवेदी, २०८१, पृ ४९) ।

युद्धको नकारात्मक प्रभाव विशेष गरी महिला तथा बालबालिकाहरूमा परेको हुन्छ, जसले यौनहिंसा निम्त्याउँछ । बलात्कार एवम् घरेलु हिंसामा परेकाहरू समाजबाट तिरस्कृत हुने डरले त्यो ठाउँ छाडी निर्वासित जीवन बाँच्न बाध्य हुन्छन् । शरीरप्रति निर्वासनले पारेको प्रभावका दृष्टिले यहाँ इल्या भट्टराईका 'डेफोडिल अझै फुलेको छैन', 'विप्लवी', 'आखिर त्यही भयो', 'नसिमा अकस्मात् पराई भइन्' र 'निःशब्द प्रश्नहरू' गरी जम्मा छओटा कथालाई विश्लेषणका निम्ति चयन गरिएको छ ।

## ३.३ इल्या भट्टराईका कथामा द्वन्द्व र युद्धका कारण महिला शरीर निर्वासन

इल्या भट्टराईद्वारा लिखित अनि ... कथासङ्ग्रहभित्र सङ्गृहीत 'डेफोडिल अझै फुलेको छैन' शीर्षकको कथामा द्वन्द्व र युद्धले विश्व मानव जीवनमा पारेको प्रभावलाई मुख्य विषयवस्तु बनाइएको छ । 'डेफोडिल अझै फुलेको छैन' शीर्षकले प्रतीकात्मक रूपमा डेफोडिललाई शान्ति र फुल्न नसक्नुलाई शान्ति आउन बाँकी नै रहेको अवस्थाको प्रतिबिम्बन गरेको छ । युद्धलाई दुई वा दुईभन्दा बढी राज्यबिचमा आफ्ना सशस्त्र सेनाद्वारा अर्को पक्षलाई पराजित गरी आफ्नो मन लागेको सर्त लागू गर्ने उद्देश्यले गरिने सङ्घर्षका रूपमा व्याख्या गरिएको छ । जब निजी सम्पत्तिसँगै वर्गीय समाजको उत्पत्ति भयो तब एक एक पक्ष, एक समूह, एक राज्य, अर्को राज्यका बिचमा लडाईं हुन पुग्यो र त्यसैको निरन्तरतामा आधुनिक विश्वमा रासायनिक युद्ध, ग्यास युद्ध, जैविक युद्ध, पुस-बटम वार, अन्तरिक्ष युद्धजस्ता युद्धहरू हुन थाले (शिवाकोटी, २०७३, पृ. १७७-१७८) ।

विश्वमा शक्ति प्रदर्शन गर्ने क्रममा शक्तिशाली राष्ट्रले कमजोर राष्ट्रमाथि साङ्घातिक आक्रमण गर्ने सिलसिलामा कथामा प्रयुक्त 'म' पात्र पिटरकी प्रेमिकामार्फत् युद्ध निरर्थक र निन्दनीय साधन भएकाले यसलाई निषेध गरी विश्वमा शान्ति, संयमता मानवता र न्यायको पक्षमा आवाज उठाइएको छ । अमेरिकाको आह्वानमा बेलायती नागरिक 'म' पात्रको प्रेमी पिटर सैन्ययोद्धा बोक्ने पाइलटको रूपमा जान बाध्य पारिएकाले यहाँ पिटरको शरीर निर्वासनमा परेको छ । विवाह गरी सुखी सुखी दाम्पत्य जीवन बिताउने तयारीमा रहेका उक्त जोडीमध्ये पिटर इराकमाथिको हमलामा संलग्न हुन लागेकोमा 'म' पात्रले विमति जनाएको प्रसङ्ग प्रस्तुत कथनमा यसरी व्यक्त गरिएको छ :

> युद्धभन्दा पहिलाको एउटा सुखी र समृद्ध देश तिमीहरूको कारबाहीपछि आज आएर सबैतिरबाट बिग्रेर र भत्केर गयो । तिनीहरूले गरेका आक्रमणबाट यहाँका राम्रा-राम्रा संरचनाहरू मात्रै ध्वस्त भएनन्, ती आक्रमणहरूले यहाँका मानिसहरूको मनलाई पनि ध्वस्त पारेको छ । .... युद्धभन्दा पहिलेसम्म सुखी त्यो देशमा अहिले आएर रोग, भोक, हत्या र हिंसाले जरै गाडेको छ । .... त्यहाँ गोलीको पर्रा नछुटेको र बम नपड्केको त दिनै हुँदैनजस्तो छ । .... कुरो बुझ्यौ तिनीहरूले हानेका ती गोलीहरू यदाकदा तिमीहरू जस्तालाई लागे पनि प्रायःजसो गोली लागेर मर्ने त तिनै अभागी इराकीहरू नै त हुन् नि । (भट्टराई, २०६२, पृ. ३५)

उपर्युक्त कथनमा वर्णित शान्त, सुखी र सम्पन्न देश इराक युद्धपछि ध्वस्त घर, उजाड भूमि र पीडित, निरीह जनतामाथि भावनात्मक संवेग प्रस्तुत गर्दै नैतिकता, मानवतावादलाई स्थापना गरी संसारमा समन्वय गर्नुपर्ने विचारधारा ध्वनित भएको छ । युद्धले केबल भौतिक संरचना मात्र ध्वस्त पार्दैन यसले महिला शरीरलाई रणभूमि बनाई महिलाहरूको प्रेम, विश्वास एवम् अस्तित्वमा समेत गहिरो असर गर्छ भन्ने सन्दर्भमा पिटरकी प्रेमिका 'म' पात्रलाई प्रतीकात्मक रूपमा युद्धबाट पीडित सम्पूर्ण महिलाहरूको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरिएको छ । उनले युद्धलाई अस्वीकार मात्र होइन यसले हजारौँ मानिस विस्थापित गराउँछ, परिवार, प्रेम, स्वाभिमानलाई विस्थापित गराउँछ भन्दै प्रतिरोधसमेत गरेकी उक्त कथनमा उल्लेख गरिएको छ ।

डेफोडिल फुलेपछि अवश्य छिट्टै आई विवाह गर्नेछु भनेर सरकारद्वारा युद्धका लागि लगिएका पिटर उतै युद्धमा मारिएको खबर आयो तर पिटर आएनन् । 'म' पात्रले पिटरको

मृत्युलाई अस्वीकार गर्नु भावनात्मक अस्वीकार मात्र नभएर युद्धले निम्त्याएका कठोरताविरुद्ध उभिएको प्रतीत हुन्छ । युद्धले भौतिक संरचनाभन्दा बढी मानवीय मन, विश्वास ध्वस्त पार्ने र त्यसको असर निकै पछिसम्म पर्ने भएकाले यसको प्रतिरोध गरी माया, शान्ति, प्रेम, विश्वास र सद्भावपूर्ण व्यवहारको अपेक्षा गरिएको छ ।

इल्या भट्टराईद्वारा लिखित 'विप्लवी' शीर्षकको कथाले द्वन्द्वकालीन समयको नेपाली समाजमा विद्यमान हिंसा, आतङ्कले जनमानसमा व्याप्त पीडालाई चित्रण गरेको छ । द्वन्द्वको दलदलमा फसेका मासुम किशोरीहरूको मनोदशा तथा कारुणिक अवस्थालाई यस कथाले मार्मिक रूपमा प्रस्तुत गरेको छ । युद्ध र राजनीतिको मारमा परेका महिलाहरूको शरीरको स्वत्व निर्वासनमा पुगेको विषयलाई विप्लवी कथाले उजागर गरेको छ । राजनीतिक अशान्ति, द्वन्द्व र सत्तासँगको सङ्घर्षमा महिला शरीर सधैँ दोहोरो मारमा पर्ने भएकाले सत्ता पक्ष र विद्रोही पक्ष दुवै महिलाहरूको हकमा निकै घातक सावित भएको प्रस्तुत कथनमा यसरी व्यक्त भएको छ :

> क्याम्प पुगेको राति उसलाई अपहरण गर्ने नाइके उसलाई क्रान्तिमा अग्रसर गराउन आइपुगेको थियो । एउटी नाबालिका यौनशोषणको शारीरिक र मानसिक पीडाले चिच्याउँदा, त्यो चिच्याहटमा उसले देशका गरिब, निमुखा, सर्वहाराहरूको मुक्ति देखेको थियो । त्यसैले ऊ पीडाले जति चिच्याउँथी ऊ आनन्दतिरेकले उति नै कराउँथ्यो । नाइकेको यौनको तृप्ति गरेर ऊ क्रान्तिको बाटोमा अग्रसर भएकी थिई । त्यही क्रान्ति गर्न अघि सार्नकै लागि नाइकेले त्यसै दिन बिहान विधिवत रूपमा उसको नाम विप्लवी राखेको थियो । .... खाली पेट र खाली मनले मान्छेले युद्ध गर्न सक्दैन रे, त्यसैले आफ्ना योद्धाहरूको पेटको तृप्तिका लागि उसले उनीहरूको भान्सा र शरीरको तृप्तिका लागि उसले उनीहरूको ओछ्यान ओछ्यानमा बस्नुपऱ्यो । यही नै उसले सर्वहाराहरूका लागि आफ्नो किसिमले गरेको जनयुद्ध हो रे । (भट्टराई, २०६२, पृ. ८८)

उपर्युक्त कथनमा द्वन्द्वग्रस्त समाजमा महिला शरीर र अस्तित्वको निर्वासनलाई मुख्य विषयवस्तु बनाइएको छ । जनयुद्धका लडाकुले एकातिर सर्वसाधारणको घर, सम्पत्ति र शरीर प्रयोग गर्ने, अर्कोतिर सुरक्षाकर्मीहरूले शान्ति स्थापनाका नाममा ज्याजति, यी दुईको डर र

त्रासले उक्त कथा सन्त्रासमय रहेको देखिन्छ । क्रान्तिमा सहयोग गर्न विद्रोहीहरूद्वारा अपहरण गरिएकी किशोरी खाली पेट र खाली मन भर्नका लागि हिंसा एवम् यौनशोषण सहन बाध्य हुनुपरेको तीतो यथार्थ प्रस्तुत गरिएको छ । क्रान्तिको नाममा महिला शरीरमाथि गरिएको दमनले अस्तित्वको विस्थापन मात्रै गर्छ, युद्ध सकिएपछि महिलालाई कुनै स्थान दिइँदैन अन्ततः महिला शरीर सामाजिक रूपमा निर्वासित हुन पुग्छ ।

यसरी निर्वासित मन र शरीर लिएर बाँच्न विवश शरीरमा युद्धको असर पछिसम्म निकै गहिरो पर्छ । हिंसा, शोषण र मृत्युको सन्त्रासमा बाँच्न वा युद्ध लड्न बाध्य पारिएको महिला शरीर सबैभन्दा बढी प्रयोग हुने देखाई युद्ध समाधान होइन झन् समस्याको चक्रव्यूह हो भन्ने आशयसहित न्याय, शान्ति र सुरक्षाका लागि यहाँ लेखकीय विचारधारा विप्लवी पात्रमार्फत् प्रस्तुत गरिएको छ ।

इल्या भट्टराईद्वारा लिखित *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'आखिर त्यही भयो' शीर्षकको कथामा प्रयुक्त पात्रहरू द्वन्द्व र युद्धको मारमा परेका छन् । कथामा प्रस्तुत मुख्य 'म' पात्र (इन्स्पेक्टर) को कार्यक्षेत्र दुर्गम पहाडी जिल्लामा हुनु, श्रीमतीले छ महिनापछि मात्र श्रीमान्सँग फोनमा बोल्न पाएकी, सपना नराम्रो देखेकाले मन निकै आत्तिएको बताई हाकिमसँग सरुवा माग्न अनुरोध गरेबाट स्पष्ट हुन्छ कि यो कथामा द्वन्द्वकालीन त्रासदिपूर्ण समय परिवेश बनेर आएको छ । कथामा उक्त समयको आम महिलाहरूको मानसिक स्थिति भयभित भएको वैचारिकता प्रकट भएको देखिन्छ ।

दशवर्षे जनयुद्धको चपेटामा परेका पुरुष र महिलाको मानसिक अवस्थाको सुन्दर चित्रण गरी कथाकारले युद्धजन्य व्यवहार कोही कसैलाई कहिल्यै स्वीकार नभएको मूलभाव कथामार्फत् अभिव्यञ्जित गरेकी छिन् । जसलाई प्रस्तुत कथनले पुष्टि गरेको छ :

> आमा, हाम्रो बाबा गा ठाउँमा त निकै डर छ रे, तिनीहरूले हाम्रो बाबालाई पनि मार्न सक्छन् रे । ऊ मलाई बाबालाई त्यहाँ नबस्न भन्नुस् न, त्यस ठाउँबाट अन्त सरुवा गराउन भन्नुस् न भनेर जिद्दी गर्दै थिई । छोरीले त्यसो भनेदेखि त मेरो मनमा पोलो भएको थियो । बल्ल हजुरसँग आज कुरा गर्न पाएँ । हो नि हजुर, यस्तो डरमर्दो बेलामा हजुर यहाँ नबसे नि हुने हो नि । हाकिमलाई भनेर बरु अन्तै सरुवा गराउनुस् न । सरुवा गर्न मिल्दैन भने भो बरु जागिरै छोडिदिनुस् । जसरी हुन्छ हजुर दुईचार दिनभित्र घर आउनुस् । (भट्टराई, २०६३, पृ. २-३)

उपर्युक्त कथनमा जागिरको सिलसिलामा नेपालको दुर्गम पहाडी जिल्लामा गएका पुरुष पात्र इन्स्पेक्टर आफ्नै देशभित्र निर्वासित हुन पुगेको विवरण प्रस्तुत छ । घरगृहस्थी र बालबच्चाको जिम्मेवारी बहन गरी बसेकी श्रीमतीका मनमा अनेक डर, शङ्का उपशङ्काले दिनरातै घेरिरहेको विषय उठाइ कथाकारले द्वन्द्व र युद्धले ग्रस्त तत्कालीन समयको महिलाहरूको मनोदशालाई अभिव्यक्त गरेको पाइन्छ । द्वन्द्व र युद्धकालीन समयमा नेपाली समाजले यस्ता अनेकौँ घटनाहरू व्यहोर्नु परेको थियो तर यो कसैका लागि स्वीकार्य थिएन । यस कथनमा मर्ने र मार्ने खेलको अन्त्यको प्रतीक्षा गरिरहेका आम महिलाहरूको प्रतिनिधित्व इन्स्पेक्टरकी श्रीमतीले गरेकी छिन् । युद्धले कसैको भलो नगर्ने भएकाले कसैलाई स्वीकार्य नभएको कथन यहाँ यसरी आएको छ- "यो युद्ध लडेर को जित्छ ? आफ्नै देशका नागरिकहरूलाई मारेर कोही कसरी बलियो हुन्छ र ?" उक्त कथनलाई हेर्दा नेपालीहरू युद्ध, झैझगडाबाट मुक्त भई भाइचारा, प्रेम, शान्ति र सद्भावपूर्ण जीवन व्यथित गर्न चाहेको अभिव्यक्ति प्रस्तुत गरी यसप्रति सबैको ध्यानाकर्षण गराएको स्पष्ट हुन्छ ।

शक्ति जसको हातमा हुन्छ उसले नै सत्ता प्राप्तिका लागि सर्वसाधारणलाई ढाल बनाई मर्न र मार्न बाध्य पार्ने युद्धको खेल खेल्छ र यसको अन्त्य हुनुपर्ने भन्दै सत्ताप्रतिको विमतिपूर्ण दृष्टिकोणलाई उक्त अंशले प्रतिबिम्बन गरेको छ । सञ्जीव उप्रेतीद्वारा प्रस्तुत विवरण यहाँ पाठ विश्लेषणका निम्ति सूचकका रूपमा प्रस्तुत गरिएको छ :

> हामी सबैको आत्मसंरचनाभित्र विभिन्न किसिमका अर्काहरूको बास छ । के हामी सबै श्रीमान्, श्रीमती, साथीभाइ, बुबा, आमा, छोराछोरी, आफन्त, छिमेकीलगायतका अन्य धेरै अर्काहरूको अस्तित्वले भरिएका छैनौँ त ? .... यथार्थको उपस्थितिको रूपमा वा स्मृतिको रूपमा ती सबै अर्काहरू हामीभित्रै लगातार सलबलाइरहकै हुन्छन् । ती विरुद्ध हिंसा गर्नु आफैँविरुद्ध हिंसा गर्नु हो । अर्कालाई दमित वा निषोधित गर्नु आफैँलाई निषेषित गर्नु हो । (उप्रेती, २०७८, पृ. २५४)

सञ्जीव उप्रेतीको उक्त कथनले 'अर्काहरू' भनेर सम्बोधन गरिइएका व्यक्तिहरू वास्तविक जीवनमा हाम्रो आफ्नै अस्तित्वको अंश भएकाले अर्कालाई हिंसा गर्नु, दमन गर्नु, मार्नु वा शोषण गर्नु भनेको आफैँलाई नोक्सान पुऱ्याई आफैँमाथि अन्याय गर्नु हो भन्ने पुष्टि गरेको छ । दलनमा पर्ने, हेपिने, बलात्कृत हुने, मर्ने र मारिने जो भए तापनि व्यक्तिसँग

जोडिएका अनेक 'अर्का' सँगको सम्बन्धले एक अर्कामा आघात पुग्ने र सुन्दर भविष्यको सपना निरर्थक हुने सार्थक अभिव्यक्ति प्रस्तुत गरिएको छ । श्रीमतीलाई सबै ठिक छ, यो युद्धग्रस्त क्षेत्र होइन तिमी ढुक्क भएर बस भनेर आश्वस्त पारेको केहीबेरमै छातीमा गोली लागेर ढलेका इन्स्पेक्टरले बालबच्चा र श्रीमतीलाई सम्झेको विवरण यहाँ प्रस्तुत गरिएको छ :

> बिचरी कति दिन भयो आँखा फरफराइरहेको छ । आजकाल लगातार सपना पनि नराम्रो देख्न थालेकी छु, मलाई त कस्तो पिर परेको थियो । हजुर आरामै हुनुहुँदोरहेछ, बल्ल मनलाई सन्तोक भो' भन्दै थिई बिचरी ! यस्तो हुनुरहेछ र पो उसले नराम्रो सपना देखेकी रहिछे । मेरा छोराछोरी सानैमा टुहुरा हुने भए । मुनुले कसरी हेर्ली तिनीहरूलाई ? (भट्टराई, २०६३, पृ. ५)

उपर्युक्त कथनमा उप्रेतीले भनेझैँ दशवर्षे युद्धको चपेटामा ज्यान गुमाउने व्यक्ति गए पनि युद्धका आलो घाउ लिएर बाँच्ने 'अर्काहरू' थुप्रै हुन्छन् । लाउँलाउँ र खाउँखाउँ उमेरमै पति गुमाएकी पत्नीको विधवापन, टुहुरा छोराछोरी, आमाबुबामा पर्न गएको चोट भुल्न निकै कठिन हुने भएकाले बालबच्चा र महिलामाथि परेको बज्रपातको उद्‌बोधन गरी द्वन्द्व र युद्धले महिला शरीरमाथि पर्न गएको त्रासदिपूर्ण अवस्थाको चित्रण यस कथनमा गरिएको छ । सुरक्षामा तैनाथ सुरक्षाकर्मी आफू नै सुरक्षित नभएको र त्यसको असर महिलामाथि पर्ने दर्दनाक अवस्थालाई इन्स्पेक्टरको विचारधारमार्फत् प्रस्तुत गरिएको छ ।

नेपालमा चलेको दशवर्षे युद्धकालीन समयमा समाजले भोग्नुपरेको युद्धको सन्त्रासलाई प्रस्तुत गरी युद्धको प्रत्यक्ष असर महिलाको शरीरमाथि पर्ने दृष्टान्त बनेकी इन्स्पेक्टरकी स्वास्नीको भयभीत अवस्थाले पुष्टि गरेको छ । राज्यपक्ष र विद्रोहीपक्षले आआफ्ना शक्ति प्रदर्शनका क्रममा सर्वसाधारण त्यसमा पनि महिला वर्ग प्रताडित हुनु परेको विषयलाई व्यक्त गरिएको छ । युद्धमा महिला वर्ग स्वयम् घटनामा नपरे पनि श्रीमान् वा पुरुषको अपहरण, वेपत्ता वा मृत्युपश्चात् पत्नी/महिलाको अवस्था कारुणिक रहने प्रसङ्ग यस कथनमा देखाइएको छ ।

इल्या भट्टराईद्वारा लिखित 'नसिमा अकस्मात् पराई भइन्' शीर्षकको कथामा प्रयुक्त मुख्य पात्र हनिफ र उसकी श्रीमती नसिमाको शरीर आर्थिक स्थिति कमजोर हुँदै गएका कारण निर्वासन हुनुपरेको विवरण प्रस्तुत गरिएको छ । आर्थिक अभावकै कारण हनिफ इराकजस्तो देशमा जान बाध्य हुनु, नसिमाले चोकमा चुरा पसल खोल्नु, इराकमा निरीह बाह्र जना

नेपालीहरू क्रूरतापूर्वक मारिएका कारण चौतर्फी बन्द, तोडफोड गरी जातीय हिंसा भड्किनु, नसिमाको परिवारले बसौंदेखि आफ्नो बनाएर बसेको कर्मथलो अचानक छाडेर बेपत्ता भएको विवरणबाट कथावस्तुको मूल सन्दर्भलाई व्यक्त गरेको स्पष्ट हुन्छ। नेपालमा चर्किएको दशवर्षे जनयुद्धका कारण देश छाड्न विवश युवाहरूको प्रतिनिधि पात्र हनिफको शरीरको बाह्य निर्वासन भएको देखाई त्यसको प्रत्यक्ष असर नसिमाको शरीरमाथि परेको विवरण यसरी प्रस्तुत गरिएको छ - "लोग्नेको खबर नपाउँदा यसै पनि नसिमा आत्तिराखेकी थिई । आफूले राति सधैँ देख्ने गरेका नराम्रा-नराम्रा सपनाले विचलित-विचलित भइराखेकी थिई । झन् हिजोको क्रूर र बीभत्स हत्याकाण्डले नसिमाको मनको सुख र शान्ति नै खोसिदिएको थियो" (भट्टराई, २०६३, पृ. ८) ।

उपर्युक्त कथनमा देशमा द्वन्द्व र युद्धले सीमा नाघेपछि सरकारी पक्ष वा माओवादी पक्ष दुवैको दोहोरो पक्षको डर र त्रासको कारण देश छोड्न बाध्य हनिफ लाखौं युवाहरूको प्रतिनिधि पात्र हो । स्वदेशको त्रासदिपूर्ण अवस्थाबाट भागेको ऊ विदेशी भूमि इराकमा झन् सन्त्रस्त जीवन बाँच्न विवश भएको युक्तिले कथामा त्रसित मन लिएर खाडी मुलुकमा बाध्यकारी जीवन बिताइरहेको आतङ्कमयी कथावस्तु यहाँ आएको छ। यस कथामा प्रयुक्त नारीपात्र नसिमाको पुर्खाले आफ्नो कर्मथलो बनाई बसेको ठाउँ छिमेकी र आफ्ना ठानिएका सबै बिरानो बनि ज्यान नै खतरामा परेको बोध गरेपछि स्वरक्षाको निम्ति बेपत्ता भएको कथन आएबाट यहाँ नसिमाको शरीर निर्वासित भएको प्रसङ्ग यसरी वर्णन गरिएको छ :

> कस्ता मूर्खहरू ! यिनीहरूले के गर्न खोजेका होलान् ? पराईले गरेको पापको सजाय यिनीहरू आफ्नालाई दिँदै छन् । आफ्नो मूर्खताको आवेगमा आएर आफ्नै खुट्टामा बन्चरोले हिर्काउँदै छन् । .... अहिले यिनीहरूले गरेको यो ताण्डव लीलाको फल भोलि फेरि मुसलमानको देशमा काम गर्न गएका ती लाखौं निर्धा र निरीह नेपालीहरूले भोग्नुपर्‍यो भने के होला ? कतै 'विनाशकाले विपरित बुद्धि' हैन यो ? .... सडकमा उभिरहेकी नसिमालाई डर,त्रास, लाज, रिस आदिको संवेगले एक्कासि छोप्यो । आफ्ना टोलमा सबै आफ्नाहरूका माझमा उभिरहेकी उसलाई परिस्थितिले अचानक पराई बनाइदियो । .... आफ्नो सुरक्षाका लागि ऊ घरभित्र पसी र मूल ढोका बलियोसँग लगाई । (भट्टराई, २०६३, पृ. १२)

उपर्युक्त कथनमा आफ्नाहरू ठानेर वर्षौंदेखि समाजमा जिउँदाको जन्ती मर्दाको मलामी बनेर कसैको केही नबिगारी बसेकी नसिमा एकाएक भीडमा पनि नितान्त एक्ली निरीह बन्न पुगेको घटना वर्णित छ। माओवादी द्वन्द्वको प्रभावमा परी पैसा कमाउने आसमा इराक पुगेका श्रीमान् बेखबर स्थितिमा हुनु, त्यही समयमा इराकमा बीभत्स तरिकाले मारिएका बाह्र जना नेपालीहरूको कारुणिक दृश्यले आम नेपालीहरू मुसलमानविरुद्ध नाराबाजी लगाउँदै तोडफोड एवम् आगजनी गर्दै हिँडेको विवरण प्रस्तुत गरी नसिमाले हिजो सबै आफ्ना ठानिएका पात्रहरूबाट नै आफू सुरक्षित नभएको महसुस गरी तत्काल उक्त ठाउँ छोड्न तयार भएको पीडादायी अवस्था यहाँ अभिव्यञ्जित भएको छ। उक्त घटनाले नसिमाको हृदयमा पर्न गएको आघात, मानसिक त्रास एवम् विषम परिस्थितिका कारण उसको शरीरले पनि बसोबास छोडी निर्वासित हुनुपरेको छ। हिंसा कसैलाई कहीँ पनि स्वीकार्य नभएकाले इराकमा घटेको घटनाको विषयलाई लिई नेपालमा साझा जाति, साझा भाषा, धर्म, संस्कृतिमा भाइचारा एवम् मैत्रीपूर्ण व्यवहारमा नेपालीहरूबिच जातीय दङ्गा मच्चाउनुको सट्टा संयमता अपनाई मानिसले मानवीय मूल्यलाई बोध गर्नुपर्ने वैचारिकता कथाकारले नसिमामार्फत् प्रस्तुत गरेकी छिन्।

इल्या भट्टराईको *निःशब्द प्रश्नहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'निःशब्द प्रश्नहरू' शीर्षकको कथामा द्वन्द्वकालीन समयमा नेपाली कथामा महिलाहरूले भोग्नुपरेको अन्याय, शोषण एवम् भयावह अवस्थाको चित्रण गरिएको छ। कथामा प्रयुक्त प्रमुख नारी पात्र तुलसाको माध्यमबाट द्वन्द्वले महिलाको शरीरमाथि पारेको प्रत्यक्ष प्रभावलाई उक्त कथाले प्रतिबिम्बन गरेको छ। श्रीमान्को हत्या भएपछि घरेलु हिंसा एवम् यौनशोषणमा परेर शारीरिक र मानसिक पीडामा अभिघातित हुन पुगेकी तुलसाको मनोदशा प्रस्तुत कथनमा यसरी आएको छ :

> "आफ्नो छोरो त मरिगो भने तँसित केको नाता ? छोरा भा' भए पो नाता।" मैले बाबुसमान मानेर इज्जत दिने गरेको त्यस नरपशुले त्यसदिन आफ्नो मर्यादालाई खसालेर रसातलमा पुऱ्यायो। .... गर्भ रहेको थाहा पाएपछि मैले रुँदै सासूलाई वास्तविकता बताएँ। मलाई लागेको थियो उनीबाट म न्याय पाउँली। .... "ए, मेरो छोरो खाएर, पुगेन, अब मेरो लोग्नेलाई ताक्दै छेस ? कसैलाई नआएको जोवन तँलाई आएछ हैन ? आफू कसकसकहाँ चहार्न गइस्, उहाँ भने दोषचाहिँ बाउजस्तो ससुरालाई लाउँछेस् पापिनी। यस्तो भन्न तँलाई लाज लागेन ? यस्तो पाप बोल्नुभन्दा पहिला तँ किन मर्न सकिनस् हँ ?" (भट्टराई, २०६३, पृ. ८७)

नेपालको सशस्त्र द्वन्द्वले महिलाहरूमाथि हुने अनेकौं हिंसालाई बढायो । वैवाहिक जीवनको रङ्गीन सपना देखेकी तुलसाको विवाह भएको एक साता नपुग्दै माओवादीद्वारा श्रीमान्‌को हत्या हुनु, छोरो नै नभएपछि बुहारीसँगको नाता नरहेको भन्दै आफ्नै ससुराले बुहारीलाई जबरजस्ती गर्नु, सहाराका लागि सासूलाई सुनाउँदा उल्टै बुहारीलाई अनेक लाञ्छना लगाइएको घटना विवरणबाट द्वन्द्व र युद्धका बेला महिला शोषणको प्रमुख शिकार हुने गरेको पुष्टि हुन्छ । उक्त कथनमा तुलसामाथि आफ्नै ससुराबाट जबरजस्ती करणी हुनु, सासूमाथि भरोसा गरी सहाराका लागि याचना गर्दा उल्टै यी सब हुनुअघि किन मरिनस् भनेबाट पीडितलाई न्यायभन्दा अपमान, घृणा र गालीगलौज गरेको विवरण प्रस्तुत गरी यहाँ घरपरिवारभित्र विधवा महिलाले भोग्नुपर्ने अवस्थितिको बोध गराइएको देखिन्छ । ससुराबाट बलात्कृत तुलसाको अवैध मानिएको गर्भपतन गराउन घरपरिवारले गरेको अपराधलाई तुलासामार्फत् यसरी व्यक्त गरिएको छ :

> रातको अँध्यारोमा तिनीहरूले खोल्सामा फाल्यौं भन्ठानेको त्यो चार महिनाको मृत पिण्डलाई दिनको उज्यालामा सारा गाउँलेले देखे । .... गाउँमा सरजमिन भयो । मेरा सासूससुरा सरक्कै पन्छिए । अनि दाग लाग्यो मेरो चरित्रमाथि । म पल्लो घरको लाटो घर्तीसँग सल्किएकी ठहरिएँ । आफ्नो इज्जत जोगाउन मैले आफैँले केके गरेर भ्रूणहत्या गरेँ भनेर म साबित भएँ । अनि त्यही अपराध गरेको आरोपमा त्यसको सजाय काट्न म यो कारावासमा ल्याइपुऱ्याइएँ । (भट्टराई, २०६३, पृ. ८९)

अधिकांश महिलाहरू परिवार र नाताभित्रैका पुरुषबाट पीडित हुन्छन् र सजायको भागिदार पनि उनीहरू नै हुन्छन् भन्ने घटनाको दसी यस कथामा प्रयुक्त नारी पात्र तुलसा बन्न पुगेकी छिन् । विधवा बुहारीसँग जबरजस्ती करणी गर्ने पीडक ससुरोलाई निर्दोष साबित गराई पीडित तुलसालाई भ्रूणहत्याको आरोपमा जेल पुऱ्याइएको घटनाले न्यायलय प्रणालीभित्र रहेको असमानता साथै महिलामाथि हुने दोहोरो अत्याचारलाई पुष्टि गरेको छ । द्वन्द्व र युद्धकै कारण तुलसाले श्रीमान् गुमाउनु, बलात्कृत हुनु, परिवारबाट तिरस्कृत हुनु, जबरजस्ती गर्भपतन गराइनु र भ्रूणहत्याको आरोपमा जेल पुऱ्याइएको अवस्था सिर्जना गरी यहाँ कथाकारले युद्धले महिलालाई मात्र नभई उनका अनेक सपना नमिठा पाटा बनेर युद्धको डढेलोमा डढेको विषयवस्तु जीवन्त रूपमा उतारेकी छिन् ।

महिला हिंसाविरुद्धको कानुनी संरचना सिर्जना गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिलाई पितृसत्तात्मक सामाजिक सोचमा परिवर्तन ल्याउनुपर्ने विचारधाराप्रति यहाँ सबैको ध्यानाकर्षण गरिएको छ ।

इल्या भट्टराईद्वारा लिखित *जीवनका रङ्गहरू* कथासङ्ग्रहमा सङ्गृहीत 'टाँकीको फूल र एक जोडी आँखा' शीर्षकको कथामा द्वन्द्व र युद्धले नेपाली जनजीवनमा परेको प्रभावलाई मुख्य विषयवस्तु बनाइएको छ। यहाँ टाँकीको फूललाई प्रतीकात्मक रूपमा कठिन परिस्थितिमा फुल्ने, सङ्घर्ष, आत्मनिर्भरता र सरलताको रूपमा र एक जोडी आँखालाई सत्यता, प्रेम, घृणा वा आशाका रूपमा प्रतिबिम्बन गरिएको छ । कथामा प्रयुक्त नारीपात्रहरू आमा र छोरीले भोग्नुपरेको कहालीलाग्दो भोगाइका माध्यमबाट यहाँ महिला सधैँ पीडित अथवा अभिघातित हुन पुगेका छन् भन्ने अभिव्यक्ति प्रस्तुत गरिएको छ । उक्त विषय प्रस्तुत कथनमा यसरी आएको छ :

> तेरा बालाई यहीँ निरी आँगनमा छप्काए, ती जंगलीले ! के चाइया थ्यो कुन्नि तिनरुलाई त्यस्तो असल तेरा बालाई नचाइने फतुर लाए। .... "अनि तिनरले त्यो बालख, तेरी बहिनीलाई पनि छाडेनन्। बाउकै लासको अगिल्तिर तिनरले उसलाई गर्नु नगर्नु गरे । आफ्नै अगिल्तिर आफ्नो खसम रेटिएको हेर्नुपऱ्यो । त्यतिले नपुगेर यै आँखाले आफ्नी बालख छोरीलाई ती नराधमहरूले कुकर्म गरे। बाबु ती जंगलीहरू त मानिसको भेषमा राक्षस पो रै छन्। नभए त्यस्तो दुष्कर्म कसले गर्छ र !" .... त्यसपछि त बाबु बैनी कति कतिसम्म छिन छिनमा मुर्छा पर्ने हुन थाली । बौरिएको बेलामा पनि सधैँ ऊ के सम्झेर हो कुन्नि मुट्ठि कस्थी । दाँत किट्र्‍याकटाउँदै बर्बराइरहन्थी । पछि त ऊ हिँडी । बालाई मार्ने ती जंगलीहरूसित बदला लिन्छु भनेर सेनामा भर्ना हुन गई । चार वर्ष भो बाबु ऊ गा पनि । (भट्टराई, २०६८, पृ. १००-१०२)

उपर्युक्त कथनमा स्कुल पढ्दा पढ्दैको छोरो बेपत्ता भएको पाँच वर्षपछि घर फर्किएको र छोराको अनुपस्थितिमा घरमा घटित घटनाको विवरण आमामार्फत् प्रस्तुत गरिएको छ ।

सर्वहारावर्गको प्रतिनिधित्व गरेका जनमुक्ति सेना नामधारी केही व्यक्तिहरू आई आफ्नै आँखा अगाडि निर्दोष पतिको घाँटी रेटी हत्या गर्नु, नाबालक छोरी बलात्कृत भएको दृश्यले आमाको हृदयमा अत्यन्त गहिरो आघात परेको विवरण प्रस्तुत गरी यहाँ कथाकारले द्वन्द्व र

युद्धको समयमा महिला शोषणको प्रमुख शिकार हुने गरेको देखाएकी छिन् । कथनमा आएको उल्लिखित साक्ष्यले समाजमा पितृसत्तात्मक सोच, कमजोर न्यायिक प्रणाली, युद्ध र द्वन्द्वको आघातित अवस्थाको चित्रण गरेको छ । निर्दोष बाबुको निमर्म हत्या र आफूमाथि भएको सामूहिक बलात्कारको पीडाले मुर्छित हुने, टोलाउने गरेकी किशोरीको मनोदशामा गम्भीर असर परेको विवरण उक्त कथनमा व्यञ्जित भएको पाइन्छ ।

समाजको डरले होस् वा पितृसत्ताप्रतिको अविश्वास र असुरक्षाको कारण घर छोडी आत्मरक्षाका निम्ति होस् वा प्रतिशोधको भावले सेनामा भर्ना भएकी छोरी टाँकीको फूलको प्रतिबिम्बन हो । यहाँ महिलाको शरीर मात्र नभई मनको समेत निर्वासन भएको देखिन्छ । सेनामा भर्ना भएकी किशोरी माओवादी आक्रमणमा परी पुनः बलात्कृत हुँदा पनि सङ्घर्ष गरी आफ्नो पहिचान बनाउन सफल भएको देखाई कथाकारले जीवनमा आइपर्ने चोट, आघात एवम् समस्यासँग पौँठाजोरी खेल्दै अगाडि बढ्नुपर्ने विचार पक्ष दुई आँखाका माध्यमबाट सशक्त रूपमा अभिव्यञ्जित गरेकी छिन् ।

## ३.४ उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन

शरीर राजनीतिको एउटा अध्ययनीय विषय शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोग पनि हो । उपभोक्ता भन्नाले कुनै पनि वस्तु वा सेवाको उपभोग गर्ने व्यक्तिलाई बुझिन्छ । उपभोक्तावादी संस्कृतिका विषयमा विमल कुमार सुवेदी लेख्छन्- “कला, साहित्य, धर्म, ज्ञान, नैतिकता, यौन, प्रेम, आदर्श, देशभक्ति, मानवता वा सामाजिकता सबैको साझा माध्यम पैसा भयो । योगीको योग, ध्यानीको ध्यान, साथीको मित्रता, लेखकको काव्यता, चिन्तकको चिन्ता, कलाकारको कलाकारिता अनि विद्वान्को विद्वता पैसाले नापिने भौतिक मालवस्तु वा सोसरह भयो” (सुवेदी, २०७०, पृ. ३९४) । उपभोक्तावादी संस्कृतिमा व्यक्तिको पहिचान, शक्ति, क्षमता, इज्जत, मानप्रतिष्ठा र सामर्थ्यको मापन पैसाले गरी क्रयविक्रय गर्ने काम गर्दछ । वर्तमान समयमा पैसा आमभाषा बन्न पुग्यो । यही पैसाले उपभोक्ता, श्रमिक, उत्पादक, पुँजीपति वा उद्योग सञ्चालक र सरकारसँग सम्बन्ध राख्छ । यस अर्थमा उपभोक्ताले जीवन आवश्यकताको भौतिकी मात्र खरीद नगरी शक्ति, पृथक् जीवनदर्शन र विश्वासको धरातल खरीद गर्ने सङ्कथन निर्माण गरेको देखिन्छ । यस प्रकारको सङ्कथनले पुरुषलाई केन्द्रीयतामा राखी महिलालाई परिधिमा राखेको हुन्छ र पुरुषका शरीरजन्य शक्तिले महिलाको शरीरमाथि, मस्तिष्कमाथि र विचारमाथि कब्जा जमाएर महिला शरीरमाथि राजनीति गरेको

हुन्छ भन्ने विमर्श सुवेदीले प्रस्तुत गरेका छन् । उपभोक्तावादी विमर्शले शरीरको छनौट, सौन्दर्यका महँगा वस्तु, वस्त्र एवम् आभूषण प्रयोगले व्यक्तिको व्यक्तित्व नष्ट भएर व्यक्ति नै वस्तुमा रूपान्तरण हुन्छ । "महिलाले आफूसँग भएका रूप, सौन्दर्य, शरीरलगायतका कुनै न कुनै वस्तु बेच्छ र त्यही पैसाले निरर्थक वस्तु किनी सामाजिक नियमको भञ्जन गरेर त्यसलाई वस्तुकरण गरिदिन्छ" (पौडेल, सन् २०२१, पृ. २१५) । पौडेलको उक्त परिभाषाले उपभोक्तावादी संस्कृतिको कटु यथार्थलाई दर्शाउँछ साथै यसले पारिवारिक विघटन र सामाजिक मूल्यको गिरावटलाई प्रतिबिम्बन गर्छ ।

पितृसत्तात्मक समाजले महिलाका शारीरिक सौन्दर्यलाई चरित्रका रूपमा विश्लेषण गर्दै महिलाको जैविक एवम् भौतिक पक्षलाई आदर्श शरीरको रूपमा मापन गरेको देखिन्छ । उपभोक्तावादी चिन्तनले महिलालाई आफ्नो घर, परिवार, गाउँ समाज तथा देश नै छोडेर निर्वासनको अवस्थामा पुऱ्याएको छ । पुँजीवादी समाजले मानव शरीर त्यसमा पनि महिला शरीरलाई बजार मूल्यमा मोलमोलाई गरी विक्रीको वस्तु बनाएको छ । यसै सन्दर्भमा ताराकान्त पाण्डेय लेख्छन्- "महिलाका शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा विज्ञापित गरेर अथवा सहमतीय माध्यमद्वारा तिनको शरीरको उपभोग गरेर तिनको कमोडिफिकेसन भइरहेको छ" (पाण्डेय, २०६३, पृ. ९९) । शरीर राजनीतिमा मानव शरीरलाई शक्तिले खेलाउने एक प्रकारको खेलौना एवम् मालको रूपमा स्वीकार गरिएको छ । मालले बजारको खोजी गर्छ, बजारले मालको खोजी गर्छ भन्दै पुँजीवादी समाजले नारी शरीरलाई सौन्दर्य प्रशासनको वस्तु र उत्पादनको केन्द्र बनाएको छ (पौड्याल, २०६८, पृ. ३८५-३८६) । पुँजीवादी सम्पन्न वर्गले विपन्न वर्गको नारी शरीरलाई विनिमय गर्ने वस्तुका रूपमा प्रयोग गरेको पाइन्छ। आर्थिक रूपमा फाइदा हुने देखेमा आफ्नै पत्नीलाई परपुरुषसँग विवाह गराउने, सुन्दर बन्न दबाब दिने, आफूलाई मन नपरे पनि पुरुषले भनेबमोजिम चल्नुपर्नेजस्ता बाध्यात्मक काम गराउँछ । पैसाका निम्ति नारी शरीरलाई व्यापारको माध्यम बनाई आर्थिक नाफा कमाएको पाइन्छ । "सामन्ती आर्थिक संस्कृति एउटा विचारधारा पनि हो जसले पैसाका निम्ति मान्छे बेच्ने कुरालाई अस्वाभाविक वा अमानुषित ठान्दैन" (पाण्डेय, २०७३, पृ. ९८) ।

यौन, शारीरिक सुखभोग, शरीर प्रदर्शन र उपयोगमा महिला शरीरलाई पुरुषले माध्यम बनाउने र दोषको भागीदार नारी चरित्रलाई बनाउने प्रवृत्तिले नारी शरीरको दोहन गरेको छ । पुँजीवादी संस्कृतिमा सबैभन्दा माथि उपभोक्ता हुने भएकाले शक्तिशाली शरीरले राजनीति,

अर्थनीति, धर्म, विज्ञान, कला, साहित्य वा दर्शन सबैले उपभोक्ता शरीरमाथि व्यावसायीकरण गरेको देखिन्छ ।

"महिलाहरू पुरुषको दबाबका साथै स्वयम् आफ्नो शरीरलाई निर्वासन गरिरहेका हुन्छन् । शरीरमा रङरोगन गर्ने, सौन्दर्यका प्रसाधन अधिक मात्रामा प्रयोग गर्ने, विज्ञापनको माध्यम बन्नेजस्ता काम महिला स्वयम्ले गरेको देखिन्छ" (पौडेल, २०७७, पृ. १५४) । वर्तमान समयसम्म आइपुग्दा सौन्दर्य प्रदर्शन, पोसाक प्रदर्शन, गरगहना प्रदर्शन गर्ने होडबाजीमा महिला शरीर राजनीतिको दलदलमा भाँसिदै स्वनिर्वासनको अवस्थामा पुगेको पाइन्छ । विश्व पुँजीबजार कस्तो प्रकारको शरीरको खोजीमा तल्लीन छ ? पहिचान गरी बजारले सोहीअनुसारकै विचार निर्माण गरिदिन्छ । यसरी उपभोक्तावादी समाजमा निर्वासनले महिलाको शरीरमा केकस्तो प्रभाव पारेको छ भन्ने विषयमा केन्द्रित भई इल्या भट्टराईका 'बिडम्बना', 'मेरी फुपू', 'दुई दिनको जीवन मायामा बितोस्', 'नियो' र 'उनी एक्ली हुने छैनन्' गरी जम्मा पाँचओटा कथाको विश्लेषण यस अध्यायमा गरिएको छ ।

## ३.५ इल्या भट्टराईका कथामा उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन

इल्या भट्टराईको *अनि...* कथासङ्ग्रहमा सङ्गृहीत 'बिडम्बना' शीर्षकको कथाले उपभोक्तावादी संस्कृति र निर्वासनले पारेको प्रभावलाई सशक्त रूपमा प्रस्तुत गरेको छ । वर्तमान समयले अमेरिकाजस्तो विकसित राष्ट्रलाई शिक्षा र समृद्धिको पर्याय ठानेको छ । यसैको प्रभावलाई कथामा प्रयुक्त नारी पात्र सुमित्राले यसरी अभिव्यक्त गरेकी छिन्- "अरू भन्या त्यस्तै हो, अब मेरा छोराछोरीको पढाइ राम्रो हुने भयो । उनीहरूको भविष्य बन्ने भो । यहाँको पढाइ त के पढाइ र । यस्तो पढाइले के हुनु । मेरा छोराछोरी मान्छे बन्ने भए नाई" (भट्टराई, २०६२, पृ. १३) । मध्यम वर्गीय नेपाली समाज स्वदेशमा प्राप्त शिक्षा, उन्नति र समृद्धिप्रति उदासीन देखिनु उपभोक्तावादी समाजको आकर्षण र स्वनिर्वासनको प्रमुख कारण बनेको छ । यहाँ नारी पात्र सुमित्राको श्रीमान्ले नेपालमै पढेर पिएचडी पूरा गर्नका लागि अमेरिकामा छात्रवृत्ति पाएका हुन् तर पनि अमेरिका पुगेपछि मात्र मेरा छोराछोरी मान्छे बन्ने भए भन्दै सुमित्राले छरछिमेक र आफन्तमाझ दम्भसित कुरा गर्नुले समाजमा गढेर बसेको पुँजीवादी चिन्तनले दिएको सपना र उपभोक्तावादी प्रभावलाई प्रतिबिम्बित गर्छ । भौतिक सुखसुविधा, वैयक्तिकता र अवसरका निम्ति अमेरिका सबैको रोजाइ बन्न पुगेको छ। छोराछोरी

अमेरिका पठाएपछि मानिस बन्ने छन्, भविष्य राम्रो हुने छ भन्ने आम नेपालीहरूको सपनाको प्रतिनिधित्व गरेकी सुमित्रा पात्रमार्फत् लेखकले यहाँ उक्त विवरण अभिव्यञ्जित गरेकी छिन् ।

विदेशी माटो, विदेशी संस्कृतिमा भासिएपछि पारिवारिक, सामाजिक र सांस्कृतिक रूपमा सम्बन्ध टुट्दै गएर एक्लिनुपरेको पीडा सुमित्राले यसरी व्यक्त गरेकी छिन्- "अमेरिका पुगेपछि स्वर्गै पो पुग्छु भन्ने दिवास्वप्नामा डुबेकी सुमित्रा, आज आएर पछुताएकी छिन् । लोग्ने, छोराछोरीबाट मानसिक रूपमा टाढिएकी उनी अहिले नितान्त एक्ली भएकी छिन्" (भट्टराई, २०६२, पृ. १७) । वैयक्तिकता, स्वतन्त्रता र भौतिकता पुँजीवादको अभीष्ट हो । यसैको प्रपञ्चमा जेलिएपछि व्यक्ति आफ्नो संस्कृति र मूल्यमान्यताबाट निर्वासित भई अर्कैको जीवनशैली संस्कृति र परम्परामा समाहित हुन बाध्य हुन्छ । उपर्युक्त कथनमा निर्वासनले नेपालीहरूको पारिवारिक, सामाजिक र सांस्कृतिक मूल्यमान्यता क्षयीकरण हुँदै गएको र सम्बन्धमा दूरी बढ्दै गएको विषय वर्णन गरिएको छ । छोराछोरी पश्चिमी संस्कृतिमा भुल्दै गएको देखेर सुमित्राले आफू एक्लिएकी र अलग्गिएकी महसुस गरेको देखिन्छ । अमेरिका जानु अगाडि नेपालको पढाइ त के पढाइ भन्ने सुमित्रा अन्ततः आफूलाई अमेरिकी सभ्यताभित्र अशिक्षित र बाउन्ने ठान्नु उपभोक्तावादी चिन्तनमा समाहित हुन नसक्दाको पीडा व्यक्त गर्नु हो । निष्कर्षमा भन्नुपर्दा पुँजीवाद र उपभोक्तावादको यथार्थ चित्रण गरी भौतिक सपनाका ठुला ठुला भारी बोकेर निर्वासित जीवन भोग्नेहरूको साझा कथाव्यथाको प्रतिनिधित्व 'बिडम्बना' कथाले गरेको देखिन्छ ।

इल्या भट्टराईद्वारा लिखित *अनि ...* कथासङ्ग्रहमा सङ्गृहीत 'मेरी फुपू' शीर्षकको कथामा 'देशअनुसारको भेष' भनाइलाई यथार्थ रूपमा अङ्गीकृत गरेकी एउटी वृद्धा महिलाको परिवर्तित जीवनशैलीलाई प्रस्तुत गरिएको छ । नेपाली समाज, मूल्य मान्यता र संस्कृतिमा हुर्किएकी 'म' पात्रकी फुपू छोरीहरूसहित बाह्य निर्वासनमा पुगेको विवरण प्रस्तुत गरिएको छ। शुभ्र र सम्भ्रान्त देखिने फुपू स्वनिर्वासित भएको कयौँ वर्षपछि भेट्दाको दृश्य 'म' पात्रद्वारा कथामा यसरी अभिव्यक्त गरिएको छ - "सानो जुरो बाँधेकी, हलुका रङ्गको सुती धोतीचोलोमा सजिएकी, शुभ्र र सम्भ्रान्त देखिने मेरी कल्पनाकी फुपूको विपरीत झ्याम्ल्याङ्गे टीसर्टको मुनि त्यस्तै खुकुलो पिडौँलासम्म आउने पाइन्ट लगाएर ढोकामा उभिएकी मेरी फुपूलाई मैले चिन्नै सकिनँ" (भट्टराई, २०६२, पृ. २९) ।

उपर्युक्त कथनमा अमेरिका पुगेकी 'म' पात्रकी बहत्तर वर्षकी फुपूको भेषभूषा झ्याम्ल्याङ्गे टीसर्ट, हाफ पाइन्ट, कपालको जुरोलाई आधुनिक बन्ने दबाबको प्रतिबिम्बनका रूपमा लिइएको छ । फुपूले आफ्नो मौलिक पहिचान त्यागेर अमेरिकी जीवनशैली अपनाउनुलाई पुँजीवाद र उपभोक्तावादले निर्धारण गरेको मापदण्ड हो भन्न सकिन्छ । यसले महिलाहरूलाई आफ्नो शरीर एवम् पहिचानलाई बजार अनुकूल बनाउन बाध्य पारेको देखिन्छ । यहाँ 'म' पात्रकी फुपूको पहिरन र जीवनशैलीमा आएको परिवर्तनले नेपाली पहिचान एवम् मौलिकतालाई उपभोक्तावादी संस्कृतिले वस्तुकरण गरी अर्कैको संस्कृति एवम् पहिचानलाई अवलम्बन गर्न बाध्य पारेको देखिन्छ ।

उपभोक्तावादी संस्कृतिले भौतिक सुखसुविधा र सम्पत्तिको मूल्याङ्कन गर्छ, आत्मीयताभन्दा वैयक्तिकता अवलम्बन गर्न बाध्य पारेको विचार 'म' पात्रले यसरी व्यक्त गरेकी छिन् :

> अमेरिकाले मेरी आफ्नी फुपूलाई मैले चिन्नै नसक्ने गरी भिन्न बनाइदिएछ । उहाँको त्यो व्यक्तित्व परिवर्तनका थुप्रै सकारात्मक पक्षहरू होलान्, तर मलाई किन किन व्यक्तित्व परिवर्तन हुने क्रममा मेरी फुपूको मनबाट आत्मीयता हराएको अनुभव भयो । त्यसैले न्यानो आत्मीयता हराएकी मेरी फुपू पनि मलाई एउटी पराई अमेरिकीजस्तै लाग्यो । (भट्टराई, २०६२, पृ. ३०)

बाल्यकालीन समयमा 'म' पात्रले फुपूलाई परिवारको आत्मीय सदस्यको रूपमा स्वीकार गरेको देखिन्छ । फुपू बाह्य स्वनिर्वासन भएको निकै वर्षपछि भेट्दा फुपूको व्यवहारमा जन्मभूमिप्रतिको आत्मीयता न्यून भएको र नयाँ समाजको मूल्य मान्यता एवम् रहनसहनको झल्को अधिक मात्रामा रहेको देखाई कथाकारले यहाँ निर्वासनको प्रभाव शरीरमा मात्र नभई भावनात्मक सम्बन्ध र पहिचानमा समेत पर्ने विचार अभिव्यञ्जित गरेकी छिन् । उपभोक्तावादले अघिल्लो पुस्ताकी प्रतिनिधि पात्र फुपूलाई अमेरिकी जीवनशैली, परिवेश, खानपान, भेषभूषा र आत्मीयता प्रकट गर्ने तौरतरिका रूपान्तरण गरिदिएको छ । यसर्थ 'म' पात्रको मनमा फुपू एउटी पराई अमेरिकीजस्तै लागेको कथन यहाँ व्यक्त गरिएको छ ।

इल्या भट्टराईद्वारा लिखित *जीवनका रङ्गहरू* कथा सङ्ग्रहमा सङ्गृहीत 'दुई दिनको जीवन मायामा बितोस्' शीर्षकको कथामा प्रयुक्त नारीपात्र दिदी स्वनिर्वासित हुन पुगेकी छिन् । उपभोक्तावादी चिन्तनमा आत्मनिर्भरता, व्यक्तिगत चाहना र स्वतन्त्रता मुख्य विषय मानिन्छ ।

यस कथामा घरपरिवार र मामाघरका सदस्यहरूले गरेको उपेक्षा र पराया व्यवहारले आफ्नी बहिनीको भविष्य सुरक्षित राख्न कठिन भएको देखाई कथाकारले व्याप्त उपभोक्तावादी मानसिकताको चित्रण गरेकी छिन् । कथामा प्रयुक्त प्रस्तुत संवादले पितृसत्तात्मक संरचनाभित्र देखिएको पारिवारिक असुरक्षालाई चिनाएको छ :

> बाबाआमाको एकैपल्ट हवाइजहाज दुर्घटनामा मृत्यु हुनुपर्थ्यो त ? यत्रो यो संसारमा बाबाआमा बाहेक हाम्रा अरू पनि कोही आफन्त हुनुपर्ने थिएन त ? .... आफूले पढ्न खोजेको विश्वविद्यालयबाट छात्रवृत्तिसहितको स्वीकृति पत्र आएपछि दिदी ठुलो अन्योलमा पर्नु स्वाभाविकै थियो । बाबाआमाको मृत्युपछि अभिभावक भएर मलाई हुर्काइरहनुभएकी दिदीलाई अब मेरो रेखदेखको ठुलो चिन्ता आइलागेको थियो । मलाई कसको जिम्मामा छाडेर आफू सात समुद्रपारि पढ्नको लागि जाने ? .... काँचो मासुको स्वाद पाउन जिब्रो तिखार्दै हिँड्ने ब्वाँसैब्वाँसाले भरिएको यो निर्दयी समाजमा दिदीले मलाई कसको भरमा छाडेर त्यति टाढा जान पाउनुहुन्थ्यो र ? (भट्टराई, २०६८, पृ. १४-१५)

मातृपितृबिहीन दुई छोरीको सन्तानको आडभरोसा परिवारका अन्य सदस्य र मावली बन्न नसकेको प्रसङ्ग उक्त कथनमा आएको छ । एकातिर समाजमा उपभोक्तावादले ग्रस्त व्यक्तिवादी चिन्तनमा पैसालाई सर्वोपरि ठान्ने प्रवृत्तिले समाज कर्तव्यविमुख बन्दै गएको देखाइएको छ भने अर्कातिर कमजोर, असहाय महिलाको शरीरलाई आफ्नो स्वामित्वको वस्तुका दृष्टिले हेर्ने उपभोक्तावादी क्रूर समाजको प्रतिबिम्बन उपर्युक्त कथनमा गरिएको छ । परिवारको अभिभावकीय भूमिकामा रहेकी दिदी आफ्नो व्यक्तित्व निर्माण गर्न चाहन्छिन् तर बेसहारा बहिनीलाई सुरक्षित रूपमा अवतरण गर्न उपर्युक्त वातावरण नहुँदा उनमा कर्तव्य र जिम्मेवारीबिच अर्न्तद्वन्द्व सिर्जना भएको विषय बहिनी सरुमार्फत् यसरी प्रस्तुत गरिएको छ ।

> “राजेश यदि तिमी मलाई साँच्चिकै माया गर्छौ र मेरो उन्नति चाहन्छौ भने तिमी मेरी सरुलाई अपनाऊ । उसलाई आफ्नो जीवनसाथी बनाऊ ।” .... आफ्नै प्रेमको लागि उहाँले आफ्नो बलिदान दिनै पर्‍यो । दुःख त दिदीलाई पनि कम्ति भएन । त्यसैले त उहाँले सधैँको लागि आफैँले आफैँलाई स्वनिर्वासनको सजाय तोक्नुभयो । (भट्टराई, २०६८, पृ. १६)

उपर्युक्त कथनमा आफ्नै प्रेम, चाहना एवम् भावी जीवनसाथी राजेशलाई साँचो प्रेमको कसम खुवाई दिदीले बहिनीको जीवनसाथी बनिदिन निकै अनुनय विनय गरेको देखिन्छ । यहाँ दिदीले आफ्नै बहिनीको भविष्य एवम् जीवनरक्षाका निम्ति आफ्नो प्रेमको आहुती दिएकी छिन् । पितृसत्तात्मक समाजले महिलालाई त्यागी बन्नुपर्ने सङ्कथन निर्माण गरेको छ यसै अनुरूप अभिभावकीय कर्तव्य र आफ्नो व्यक्तिगत खुसीमध्ये दिदी पात्रले बहिनीको भलाइका निम्ति कर्तव्य रोजी आफ्नो प्रेमको त्याग गरेको विचार उक्त कथनमा आएको छ । उपभोक्तावादी चिन्तनमा आत्मनिर्भरता, व्यक्तिगत चाहना र स्वतन्त्रता मुख्य विषय भएकाले यहाँ दिदीले आफ्नी बहिनीको जीवन सुरक्षित राख्न उपर्युक्त पात्र छनौट गर्ने क्रममा आफ्नै प्रेमी सुम्पिदिएर आफू सदाका लागि निर्वासन भएको देखाइएको छ ।

यसरी उक्त कथनमा व्यक्ति स्वयम्को निर्णय स्थापित गराई समकालीन पुस्ताको उपभोक्तावादी मानसिकतालाई व्यञ्जित गर्न लेखकीय उद्देश्य अनुकूल दिदी पात्रलाई प्रभावकारी रूपमा व्यवस्थापन गरिएको देखिन्छ ।

इल्या भट्टराईद्वारा लिखित 'नियो' शीर्षकको कथा पितृसत्तात्मक समाज र पुँजीवादले सिर्जना गरेको उपभोक्तावादी संस्कृतिको टकराबमा निर्मित कथा हो । उच्च शिक्षा हासिल गर्न बाह्य निर्वासनमा परेकी कथाकी पात्र नियोमार्फत् स्वतन्त्र एवम् स्वच्छन्द जीवनशैलीको वरणलाई यस कथामा व्यक्त गरिएको छ । नियो लन्डन विश्वविद्यालयकी छात्रा हुन् । विश्वविद्यालयीय अध्ययन पूरा गरी आमाबाबाले नै खोजेका विनयसित व्यवस्थित गृहस्थ जीवन बिताउन स्वदेश फर्किने सर्तमा स्वनिर्वासित नियो हैरीसँगको सम्बन्धमा जोडिएपछिको अनुभूति कथनमा यसरी आएको छ :

> एउटा अपरिचित रोमाञ्चले उसको सर्वाङ्ग तरङ्गित भएको थियो । एउटा नौलो मदको उसलाई मात लागेको थियो । एउटा अनौठो आनन्दले उसको सारा शरीर लफ्रक्क भिजेको थियो । त्यो रात उसको शरीरले पनि आकाशको पूर्ण चन्द्रले जस्तै पूर्णता पाएको थियो । (भट्टराई, २०६८, पृ. ७७)

पुँजीवादी समाजले महिलाको शरीरलाई वासनात्मक वस्तुका रूपमा परिभाषित गर्छ । भौतिक वस्तुसरह सम्बन्ध पनि उपभोग्य वस्तु बन्न पुगेको विषय उपर्युक्त कथनमा आएको छ । विदेशी खुला संस्कृतिभित्र आत्मीय भाव गाँसी रमाउन पुगेकी नियोको शरीर उपभोग्य वस्तुको रूपमा प्रयोग भएको छ । निर्वासित जीवन, आत्मीयताको अभाव र एक्लोपनमा गुज्रिँदै

गर्दा हैरीसँगको निकटताले नियोको तन र मन दुवै रोमाञ्चित हुन पुगेको देखाई कथाकारले महिला शरीर वस्तुकरण बन्दै गएको विचार प्रेषित गरेकी छन् । कथामा सुरूमा हैरीसँगको सानिध्य प्रेमिल, रोमाञ्चक र मादक लागेको विचार व्यक्त गर्ने नियो अन्ततः प्रेम निरर्थक एवम् बाध्यात्मक बन्न पुगेको प्रसङ्ग कथामा यसरी अभिव्यक्त गरिएको छ :

> उसलाई हैरीसँग बोल्न मन लागेन । किन यति विवश छे ऊ ? किन हैरीको इशारामा नाच्ने कठपुतली हुन पुगेकी ? के हैरीको अघिल्तिर उसको इच्छाको कुनै मूल्य छैन ? उसको समयको कुनै मूल्य छैन ? उसको निजत्वको, आत्मसम्मानको कुनै मूल्य छैन ? .... उसलाई आज नियो चाहिएको थियो । नियोको काँचो मासुको स्वादको सम्झनाले आज उसको जिब्रो रसाएको थियो । .... ऊ नियोको वैँशसँग प्रशस्त खेल्न चाहन्छ, तर उसको वैँशलाई सधैँका लागि अपनाउन उसलाई रुचि छैन । बाहिर सित्तैमा थरीथरीका दूध खान पाइन्जेल घरैमा गाई पाल्ने झन्झट कसले गरोस् । (भट्टराई, २०६८, पृ. ८०)

उपर्युक्त कथनमा आएकी पात्र नियोको शरीर, निजत्व र आत्मसम्मानलाई उपभोक्तावादी संस्कृतिले उत्पादनको वस्तुका रूपमा रूपान्तरण गरिदिएको देखिन्छ । यहाँ नियोको शरीर पुरुषका यौन चाहना पूरा गर्ने मनोरञ्जनको साधनका रूपमा प्रयोग गरी पुँजीवादी शासन व्यवस्थाले महिलाको शरीरको दुरूपयोग गरेको छ । नेपाली परम्परागत पितृसत्तात्मक समाजमा हुर्किएकी नियो नेपाली भूमि पुत्र हैरीको बाहुपाशमा बाँधिएकी छ । एक्लोपनको अत्यास मेटाउन उपर्युक्त ठानिएको पुरुष पात्र अन्ततः नियोलाई दिक्कलाग्दो भएको अभिव्यक्ति उक्त कथनले पुष्टि गरेको छ ।

नारीको इच्छा, चाहना, एवम् भावनाप्रति उदासीन देखिएको हैरी पितृसत्तात्मक समाजमा स्थापित उपभोक्तावादी चरित्र बोकेको व्यक्ति चरित्र हो भने नियो परायाभूमिमा आफ्नोपनको भावनात्मक सम्बन्धमा प्रेमिल, सुन्दर, सफल र रङ्गीन सपना देखेकी वर्तमान समयकी पुँजीवादी दलदलमा भासिएकी वैयक्तिक चरित्रको प्रतिनिधि पात्र हो ।

पुँजीवादी समाजले महिलाको शरीरलाई एक प्रकारको खेलौना वा मालको रूपमा स्वीकार गर्नु, आफ्नो स्वार्थ एवम् फाइदाका लागि महिलाको इच्छाविपरीत भावनात्मक मनसँग खेलबाड गरी शारीरिक एवम् मानसिक शोषण गरी शरीरलाई वस्तुका रूपमा विनियम गरेको पाइन्छ । यही संस्कृतिको प्रभावमा इच्छानुसार हैरीले सितैमा नियोको शरीरसँग खेली

उपयोग गरेको छ । यस अर्थमा आफ्नो शैक्षिक स्तर र व्यक्तिगत जीवन सफल र समृद्ध पार्न अनेक रहर र सपना बोकेर विश्वविद्यालय पुगेकी नियोको उद्देश्य, समय, शक्ति र सामर्थ्य शिथिल हुँदै गएको र नेपाली 'हरि' हैरी बनेर आफ्नो अस्तित्व एवम् मूल्य चेतनालाई निरर्थक पार्दै गएको घटना वर्णन गर्दै कथाकारले पुँजीवादको दलदलमा भासिन पुगेका युवाहरूको शरीरसहित स्वाभिमान, आत्मसम्मान र पहिचानसमेत निर्वासित हुन पुगेको विषयलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेकी छिन् ।

इल्या भट्टराईको 'उनी एक्ली हुने छैनन्' शीर्षकको कथामा प्रयुक्त प्रमुख नारी पात्र सुचित्राको निर्वासित शरीरमा उपभोक्तावादले चरम राजनीति गरेको छ । निर्वासित शरीरले आत्मपहिचान गुमाएको हुन्छ, त्यसमाथि झन महिला शरीरले कठिन दुर्गति भोगेको हुन्छ भन्ने ज्वलन्त उदाहरण यस कथाकी पात्र सुचित्रा बन्न पुगेकी छिन् । कथाको सुरूमा श्रीमान् र छोराछोरीका साथ लागेर काठमाडौँ छोडी अमेरिका पुगेकी सुचित्रा स्वर्ग बिर्सिएझैँ गरी श्रीमान्को कमाइमा निर्मित भव्य महलमा बसेकी देखाइएको छ । श्रीमान्को माया छोराछोरीको सफलतामा मुग्ध बनेकी सुचित्राको जीवनमा पहिरो त्यतिबेला जान्छ जतिबेला छोरा अमेरिकन र छोरी कालाजातिसँग आफूखुसी विवाह गरी बस्न थाल्छन् । यहाँ मातृभूमि छोडेपछि परिवारमा नेपाली संस्कृति, पहिचान, स्वाभिमान र निष्ठाको धरातल कमजोर भई पश्चिमी संस्कृतिमा रूपान्तरण हुँदै गएको प्रसङ्ग ल्याई पुँजीवादको उद्देश्यमा व्यक्तित्व समाहित भएको विषय अभिव्यञ्जित गरिएको छ :

> "आमा, यत्रो घरमा अब हजुर एक्लै कसरी बस्नुहुन्छ ? यहाँ त हजुरलाई हजुरकै एक्लोपनले खान्छ । .... हजुरको सामाजिक घेरा पनि त्यतिविधि ठुलो छैन । .... अब हामीहरू यहाँ आएर हजुरसँगै बस्ने भनेको त्यस्तै हो, त्यो हुनै सक्दैन ।" बरु यो घर बेचौँ । .... जुडीले एउटा सानो आइसक्रिम पार्लर खोज्न खोजेकी छे । ऊ पनि दङ्गै पर्थी । बरु बहिनीलाई पैसाको उस्तो खाँचो छैन । त्यसकारण उसको भागको पैसा पनि मैलाई दिनुस् । उसै पनि बाबुको सम्पत्तिको सक्कली हकदार त छोरै हो । त्यही भएर आमा अब दोमन नगर्नुस्, खुरुक्क यो घर बेच्नुस् र आफू सिनियर सिटिजन्स होममा गएर बस्न थाल्नुस् । (भट्टराई, २०६८, पृ. ११६-११७)

उपर्युक्त कथनमा बाबुको रगत र पसिनामा निर्मित भव्य घर बाबुको मृत्युपश्चात् आमालाई बेच्न दबाब दिई बाबुको सक्कली अंशियार मै हुँ भनेबाट यहाँ छोराले पितृसत्तात्मक समाजको प्रतिबिम्बन गरेको देखिन्छ । बाबुआमाप्रति सन्तानको कर्तव्य निर्वाह गर्न चुकी आमाको इच्छा, स्याहार एवम् आवश्यकताबारे उदासीन देखिने छोरो अंशको हक दावी गर्ने पुरातन पितृसत्तात्मक सोचको प्रतिनिधि पात्र हो । यहाँ छोरोले बुहारी गाईको मासु खाने, छोरी त मान्छेकै मासु खाने जात परी तपाईसँग भान्सा नै मिल्दैन भनी जातीय एवम् लैङ्गिक मान्यताप्रति पूर्वाग्राही बनी महिला शरीरमाथि राजनीति गरेको छ । यहाँ पारिवारिक माया, प्रेम, स्नेह, विश्वास एवम् मातृत्वजन्य सम्बन्धलाई छोरोले वस्तुसँग तुलना गरी उपभोक्तावादी व्यवहार देखाएको छ । छोरोले बुढी भएकी आमालाई सिनियर सिटिजन्स होममा बस्न जानु, त्यहाँ आनन्द हुन्छ, बिरामी हुँदा सजिलो हुन्छ, समय काट्न सजिलो हुन्छ भनेबाट 'परिवार' शब्द व्यक्तिमा टुक्रिँदै गएको, सम्बन्ध पैसा र सुविधाकेन्द्री हुँदै वस्तुकरण भएको वर्तमान समयको यथार्थलाई उक्त कथनले समेटेको छ ।

सम्बन्ध प्रेम, स्नेह, करुणा, विश्वास र जिम्मेवारीमा भन्दा पनि नियत, सम्पत्ति र सुविधामा केन्द्रित हुन पुगेको देखाई वृद्ध अवस्थामा गुज्रिरहेका एकल महिलाहरूको जीवनमाथि उपभोक्तावादले गरेको शासन, दमन र असरलाई उक्त कथनले प्रतिबिम्बित गरेको छ । यहाँ शरीर मात्रै नभई सांस्कृतिक एवम् आत्मिक निर्वासनको पीडा भोगिरहेकी सुचित्रा स्वदेश फर्की आफन्तसँग बस्ने मानसकल्पनाको निर्णयमा पुगेपछि निर्वासित पहिचानसहित स्वाभिमान फिर्ता ल्याउन सफल भएको अनुभूतिमा आनन्दित भएको देखाई मानवमा स्वाभिमान, शान्ति एवम् मूल्यचेत दिनु लेखकीय वैशिष्ठ्य देखिन्छ ।

## ३.६ निष्कर्ष

सामाजिक परम्परा तथा उपभोक्तावादी संस्कृतिका कारण इल्या भट्टराईका कथाका महिला पात्रहरूको शरीर दमन हुनुका साथै निर्वासित भएको पाइन्छ । पुँजीवादी पितृसत्तात्मक समाजले महिला शरीरलाई उपार्जन तथा मनोरञ्जनको साधन बनाएर महिला शरीरको दुरूपयोग गरेको छ । यसले महिलालाई घरायसी काममा व्यस्त गराउने, आर्थिक क्षेत्र कब्जा गर्ने, आर्थिक रूपमा फाइदा हुने देखेपछि पत्नीलाई परपुरुषसँग बेचिदिएर महिलालाई बाध्यात्मक स्थितिमा पुऱ्याएको छ । भट्टराईका 'बिडम्बना', 'मेरी फुपू', 'दुई दिनको जीवन मायामा बितोस्', 'नियो' र 'उनी एक्ली हुने छैनन्' जस्ता कथाका पात्रहरू उपभोग्य वस्तु बन्न

पुगेका देखिन्छन् । 'बिडम्बना' कथाकी सुचित्रा भौतिक सुखसुविधा, वैयक्तिकता र अवसरका निम्ति रमाएर अमेरिका गएकी तर पछि पछुताउन पुगेकी छिन् । त्यसैगरी 'मेरी फुपू' कथाकी फुपूको पहिरनमा आएको परिवर्तनले नेपाली पहिचान एवम् मौलिकतालाई उपभोक्तावादी संस्कृतिद्वारा वस्तुकरण गरिएको सङ्कथन व्यक्त भएको छ । उच्च शिक्षा हासिल गर्न बाह्य निर्वासनमा परेकी 'नियो' कथाकी पात्र नियोमार्फत् स्वतन्त्र एवम् स्वच्छन्द जीवनशैलीको चरणलाई कथामा व्यक्त गरिएको छ । 'उनी एक्ली हुने छैनन्' कथाकी पात्र सुचित्रा विदेशी संस्कृतिले आफ्नो सन्तानलाई समेत वस्तुवरण गरी स्वत्व, आत्मसम्मान, कर्तव्य र जिम्मेवारी विक्री भएको अनुभूति गर्छिन् । भौतिक शरीर मात्र नभई आत्मिक निर्वासनको पीडा भोगिरहेकी सुचित्रालाई स्वदेश फिर्ता ल्याई आफन्तसँग बस्ने कल्पनाको निर्णयमा पुऱ्याई पहिचानसमेत स्वाभिमान फिर्ता ल्याउन सफल लेखकीय मूल्यचेत कथामा सशक्त रूपमा प्रस्तुत भएको छ ।

# चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत शोधप्रबन्धमा रहेको 'शोधपरिचय' शीर्षकको पहिलो परिच्छेदमा शोधको विषयपरिचय, शोधसमस्याको कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य तथा महत्त्व, शोधविधि, सीमाङ्कन, शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । शोधपरिचयमा शोध्यविषयसँग सम्बन्धित रहेर इल्या भट्टराईका कथामा शरीर राजनीति भन्ने मूल प्राज्ञिक समस्या लिइएको छ र यही मूल समस्याको समाधान गर्न भट्टराईका कथामा महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टि, महिला शरीरप्रति शक्ति र प्रभुत्वको प्रयोग तथा निर्वासनले महिला शरीरमाथि पारेको प्रभाव कस्तो रहेको छ ? भन्ने शोधप्रश्नहरू निर्माण गरिएको छ । यिनै शोधप्रश्नहरूको समाधान गर्नु नै शोधको उद्देश्य निर्धारण गरिएको छ । यसरी शोधकार्य गर्दा यसभन्दा अगाडि प्रस्तुत विषयका बारेमा गरिएका अध्ययनलाई कालक्रमिक रूपमा प्रस्तुत गरी समीक्षा पनि गरिएको छ । यिनै विषयको अध्ययनबाट इल्या भट्टराईका कथाको शरीर राजनीतिका दृष्टिले अध्ययन विश्लेषण हुन बाँकी रहेको तथ्य पत्ता लगाइएको छ । त्यसैले प्रस्तुत विषयमा अध्ययन गर्नु शोधको औचित्य र महत्त्व स्पष्ट भएको छ ।

इल्या भट्टराईका हालसम्म प्रकाशित सबै कथासङ्ग्रहमा सङ्गृहीत सबै कथाको विभिन्न दृष्टिले अध्ययन हुन सक्ने भए पनि यहाँ वि.सं. २०६० सालदेखि २०७५ सालसम्म प्रकाशित पाँचओटा कथासङ्ग्रहमा सङ्गृहीत सतत्तरओटा कथामध्ये पच्चिसओटा स्तरीय कथामा सीमित गरी विश्लेषण गरिएको छ । इल्या भट्टराईका कथामा शरीर राजनीतिको विश्लेषणका निम्ति दुईओटा मुख्य आधार र तिनका तीन र दुईओटा उपआधार निर्धारण गरिएको छ । उक्त दुईओटा मुख्य आधार र तिनका उपआधार यसप्रकार छन् : (१) महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टि- (क) यौनिकता र प्रजननप्रति पितृसत्तात्मक सामाजिक दृष्टि, (ख) शक्ति र प्रभुत्वका मान्यतामा पितृसत्तात्मक सामाजिक दृष्टि र (ग) लैङ्गिकताका मान्यतामा पितृसत्तात्माक सामाजिक दृष्टि (२) महिला शरीरमाथि निर्वासनको प्रभाव- (क) द्वन्द्व र युद्धका कारण महिला शरीरको निर्वासन र (ख) उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको

निर्वासन । इल्या भट्टराईका कथामा प्रयुक्त शरीर राजनीतिको विश्लेषणका निम्ति यही ढाँचा उपयुक्त हुने निष्कर्ष निकाली प्रस्तुत शोधप्रबन्धका परिच्छेदमा यही ढाँचाका आधारमा भट्टराईका चयनित पच्चिसओटा प्रतिनिधि कथामा प्रयुक्त शरीर राजनीतिको विश्लेषण र मूल्याङ्कन गरिएको छ । जुन प्रस्तुत शोधको सीमा हो । प्रस्तुत शोधकार्य पुस्तकालयीय सामग्री सङ्कलन कार्यबाट सामग्री सङ्कलन गरी अमेरिकी सांस्कृतिक समालोचना पद्धतिमा विकसित शरीर राजनीतिलाई सैद्धान्तिक पर्याधारका आधारमा प्रतिपादित मान्यतालाई मूल स्रोत मानी अध्ययन विश्लेषण गरेको उल्लेख गरिएको छ । यसरी निर्मित शोधप्रबन्धको रूपरेखासमेत पहिलो परिच्छेदमा निर्धारण गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा इल्या भट्टराईका कथामा शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि रहेको छ । यस परिच्छेदको प्रारम्भमा विषयपरिचय महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिको पृष्ठभूमि राखिएको छ । त्यसैगरी पाठ-विश्लेषणको आधारका रूपमा यौनिकता र प्रजनन्प्रति महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि, शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टि र लैङ्गिकताका मान्यतामा महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टिजस्ता उपशीर्षकको बेग्लाबेग्लै परिचय प्रस्तुत गरी पाठ विश्लेषण गरिएको छ ।

यौनिकता र प्रजनन्प्रति महिला शरीरप्रतिको पितृसत्तात्मक सामाजिक दृष्टि उपशीर्षकको परिचय प्रस्तुत गरी 'नियति', 'निःशब्द प्रश्नहरू', 'डोल्मा', 'जीवनको अर्थ खोज्दै', 'बेनाम सम्बन्ध' र 'म के गरुँ' चयनित कथाको विश्लेषण प्रस्तुत गरिएको छ ।

शोधप्रबन्धमा प्रस्तुत पहिलो उपशीर्षकअन्तर्गत उपर्युक्त कथाहरूमा नेपाली समाजको पितृसत्तात्मक चिन्तनका कारण यौनिकता र प्रजननप्रति महिलाको शरीरमाथि विभिन्न किसिमले शोषण र दमन भएको कथन उल्लेख गरिएको छ । पितृसत्ताका कारण यी कथामा प्रयुक्त नारी पात्रहरू महालक्ष्मी, नीलिमा, तुलसा, सीता, डोल्मा जस्ता पात्रहरू कतै श्रीमान् कतै ससुरा त कतै प्रेमी पात्रमार्फत् यी महिला पात्रहरूको यौनिक र प्रजनन् अधिकारलाई नियन्त्रण गरेको देखाइएको छ । विवाह गरेको एक साता नबित्दै मारिएका श्रीमान्को वियोगको आहालमा डुबिरहेकी महिला शरीरमाथि बलात्कार गर्ने र गर्भ रहेको थाहा पाएपछि जबरजस्ती गर्भपतन गराई भ्रूणहत्याको आरोपमा जेल पुऱ्याइएकी तुलसाको शरीरमाथि यौन तथा प्रजनन् अधिकारमाथि चरम शोषण एवम् दमन गरी शरीर प्रयोग गरेका छन् ।

शोधप्रबन्धमा प्रस्तुत दोस्रो उपशीर्षकअन्तर्गत शक्ति र प्रभुत्वका मान्यतामा महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टि परिचय प्रस्तुत गरी 'कुनै दिन शिरीष ढकमक्क फुल्ला', 'अनुवाद', 'आज पनि हामी राम बेहोर्दै छौँ', 'कठै ! इन्दिरा', 'दाजु, मलाई मद्दत गर्नुहोस्' र 'त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन' शीर्षकका कथा निर्धारित ढाँचाअनुसार विश्लेषणका निम्ति प्रभावपूर्ण रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

रामायणकी सीता पात्रका माध्यमबाट पितृसत्तात्मक समाजका शक्ति र प्रभुत्वमा अधीनस्थ नारीहरूले भोग्नुपरेका अन्याय र दमन चित्रण गरी सीताको अग्निपरीक्षा विषयलाई पुनसिर्जन गरी नेपाली समाजमा सूक्ष्म रूपमा गढेर बसेका नारी विभेदी सन्दर्भलाई उजागर गरिएको छ । 'त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन' कथामा विद्यालयमा शक्तिशाली प्रभुत्वद्वारा गरिने विभेद, शोषण, दमनका विरुद्ध स्वतन्त्र पहिचानका निम्ति सङ्घर्षशील अनिताको शरीरमाथि शोषण उत्पीडनको ताण्डव मच्चाइएको छ। 'दाजु, मलाई मद्दत गर्नुहोस्' शीर्षकको कथामा जागिर पाउने अभिलाषामा आफ्नो शरीर सुम्पिनुपर्ने वर्तमान समयको बाध्यात्मक परिस्थिति यहाँ मुख्य विषय बनेर आएको छ । 'कठै ! इन्दिरा' कथाकी इन्दिरा आमाबुबाको काखमा खाइखेली हिँड्ने उमेरमा बाबु र सौतेनी आमाले निकै जेठो अर्धबैंसे पुरुषसँग सौतामाथि विवाह गराइएकी र माइतमा सानिमाको टोकसो घरमा सौताको बुहार्तन सहन बाध्य हुनुपरेको विवरणले पितृसत्ताले इन्दिराको शरीरको दुरूपयोग गरेको स्पष्ट हुन्छ ।

शोधप्रबन्धमा विवेच्य तेस्रो उपशीर्षकअन्तर्गत रहेको विश्लेषणको निर्धारित ढाँचा अनुरूप 'वेभलेन्थ', 'कसको दोष थियो ?', 'अनुवाद', 'नियति' र 'जीवन यौटा सम्झौता रहेछ' शीर्षकका कथाहरू अब्बल रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । 'वेभलेन्थ' शीर्षकको कथामा पितृसत्तात्मक मान्यताभित्र जेलिएकी एक महिला अपराधै नगरी दण्डित जीवन बाँच्न विवश भएको देखाई स्वास्नीलाई लोग्नेसँग वेभलेन्थ मिलाउन नसक्ने निरीह नारीको रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी *नियति* कथाकी सरु, सरुकी छोरी र काम गर्न राखिएकी माइलीले भोग्नुपरेका जटिलता, यौनशोषण र पारिवारिक विघटन यहाँ राम्ररी दर्सिएको छ । 'जीवन एउटा सम्झौता नै त रहेछ' कथाकी मिना र विवेककी श्रीमतीको शरीरमाथि राजनीति गर्ने जय र विवेकमा पितृसत्ताको कुपाठ ध्वनित भएको छ। पितृसत्ताद्वारा पुराना ढुसी परेका मूल्य मान्यतालाई आदर्शको सीमाका रूपमा स्वीकार गरेर लोग्नेको भोग्या बनी समर्पण, त्यागका साथै उनीहरूकै महिमागानमा भुल्न सके मात्र दाम्पत्य जीवनको चिरस्थायित्व रहन सक्ने लेखकीय दृष्टिकोणले कथाको अभिव्यक्तिलाई कसिलो बनाएको छ ।

'कसको दोष थियो' कथामा आफैंलाई पढाउने शिक्षकले 'म' नारीपात्रको व्यक्तित्वप्रति मोहित भई अर्न्तजातीय प्रेम विवाह गरेको तर जात र सौन्दर्यगत त्रुटि दर्साई घरबाट निस्कन बाध्य हुनुपरेको तथ्य खुलाई प्रेमको मर्मबोध गरी त्यसप्रति न्याय गर्न नसक्ने पुरुषलाई त्यागेर समाजमा प्रचलित लैङ्गिक विभेदकारी पितृसत्तात्मक रुढ मूल्य मान्यताका कारण मानव समाजमा उत्पन्न असन्तुष्टिका परिघटनालाई पात्रका व्यवहार र भोगाइद्वारा उद्घाटन गरी बौद्धिक सञ्चेतनाका साथ सम्भावित लक्ष्यमा यी कथा केन्द्रित भएका छन् ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा इल्या भट्टराईका चयनित कथामा महिला शरीरमाथि निर्वासनको प्रभाव शीर्षकमाथि अध्ययन गरिएको छ । यस परिच्छेदको प्रारम्भमा परिचय राखिएको छ । त्यसैगरी पाठ विश्लेषणका पर्याधारका रूपमा युद्धका कारण महिला शरीरको निर्वासन र उपभोक्तावादी चिन्तनका कारण महिला शरीरको निर्वासन मुख्य दुई उपशीर्षकको सैद्धान्तिक पक्षको परिचय प्रस्तुत गरी पाठ विश्लेषण गरिएको छ। युद्धका कारण 'डेफोडिल अझै फुलेको छैन', 'विप्लवी', 'आखिर त्यही भयो', 'नसिमा अकस्मात पराई भइन्', 'निःशब्द प्रश्नहरू' र 'टाँकीको फूल र एक जोडी आँखा' कथा स्तरीय रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

इल्या भट्टराईको 'डेफोडिल अझै फुलेको छैन' कथामा प्रयुक्त 'म' पात्र पिटरकी प्रेमिकामार्फत् युद्ध निरर्थक र निन्दनीय साधन भएकाले यसलाई निरोध गरी विश्वमा शान्ति संयमता, मानवता र न्यायको पक्षमा आवाज उठाइएको छ। यस कथामा सुखी, सम्पन्न देश इराक युद्धपछि ध्वस्त भएकाले पीडित, निरीह जनतामाथि भावनात्मक संवेग प्रस्तुत गर्दै विश्व मानवतावादलाई स्थापना गरी संसारमा समन्वय गर्नुपर्ने विचारधारा ध्वनित गरी उनले युद्धलाई अस्वीकार मात्र होइन यसले हजारौं मानिस विस्थापित गराउने भएकाले परिवार, प्रेम, स्वाभिमानलाई विस्थापित हुनबाट रोक्न आवाज उठाइएको छ । यी कथामा मानवतावादी जीवनवादी चिन्तन प्रस्तुत गर्दै मान्छेले जिम्मेवारपूर्ण व्यवहार गरी जीवन सुन्दर बनाउने उपक्रम गर्नुपर्ने सकारात्मक सन्देश बोकेको निष्कर्ष प्राप्त भएको छ ।

राजनीति अशान्ति, द्वन्द्व र सत्तासँगको सङ्घर्षमा महिला शरीर सधैं दोहोरो मारमा पर्ने भएकाले सत्ता पक्ष र विद्रोही पक्ष दुवै महिलाहरूको हकमा निकै घातक सावित भएको कथन 'विप्लवी' कथामा व्यञ्जित भएको छ । त्यसैगरी जनयुद्धको चपेटामा परेका पुरुष र महिलाको मानसिक अवस्थाको चित्रण गर्दै सत्ता प्राप्तिका निम्ति सर्वसाधारणलाई ढाल बनाई

मर्न र मार्न बाध्य पार्ने युद्धको खेल अन्त्य हुनुपर्ने भन्दै युद्धमा महिला वर्ग स्वयम् घटनामा नपरे पनि श्रीमान् वा पुरुषको अपहरण, बेपत्ता वा मृत्युपश्चात् महिलाको अवस्था कारुणिक रहने प्रसङ्ग 'आखिर त्यही भयो' शीर्षकको कथामा प्रस्तुत गरी त्रासद् परिणतिसँग जुधिरहेका यी कथाका पात्रहरूको भोगाइ मनोगत अतिरञ्जना नभई समकालीन समाजका चरित्रसँग अभेद्य सम्बन्ध राख्ने सामर्थ्यका रूपमा व्यञ्जित गरिएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

देशमा चर्किएको द्वन्द्व र युद्धले सीमा नाघेपछि डर र त्रासको कारण देश छोड्न बाध्य हनिफ इराकमा सन्त्रस्त जीवन बिताइरहेको आतङ्कमयी कथावस्तु 'नसिमा अकस्मात पराई भइन्' कथामा वर्णित छ । इराकमा घटेको घटनाले काठमाडौँमा मुसलमानमाथि आगजनी गरिँदा आफ्ना ठानिएकाहरूबाटै आफू असुरक्षित महसुस गरी तत्काल उक्त स्थान छोड्न विवश नसिमाको शरीर निर्वासनमा परेको देखिन्छ । इराकमा घटेको घटनाको विषयलाई लिई नेपालमा विविधतामय संस्कृतिमा मैत्रीपूर्ण व्यवहारमा बसेको नेपालीबिच जातीय दङ्गा मच्चाउनुको सट्टा संयमता अपनाई मानवीय मूल्यलाई बोध गर्नुपर्ने वैचारिकता नसिमामार्फत् प्रस्तुत गर्दै युद्धले सिर्जित नकारात्मक पक्ष, आत्मीय सद्भाव र मैत्रीपूर्ण व्यवहार स्थापित हुनुपर्ने सुन्दर पक्षको उद्घाटन गर्न सफल भएको निष्कर्ष प्राप्त भएको छ ।

विधवा बुहारीसँग जबरजस्ती करणी गर्ने पीडक ससुरोलाई निर्दोष साबित गराई पीडित तुलसालाई भ्रूणहत्याको आरोपमा जेल पुऱ्याइएको घटनामार्फत् न्यायालय प्रणालीभित्र रहेको असमानता साथै महिलामाथि हुने दोहोरो अत्याचारलाई पुष्टि गर्दै युद्धले महिलालाई मात्र नभई महिलाका सम्पूर्ण सपना, प्रतिभासमेत निमोठी निर्वासित हुन पुगेको विवरण लिएर सकारात्मक सन्देश दिने अभिप्रायका साथ आएका नकारात्मक घटनाले कथासौन्दर्यलाई सघन बनाएका छन् ।

युद्धले शरीर मात्र नभई मनको निर्वासन गराएको छ । जनयुद्धका समयमा लडाकुद्वारा आफ्नै आमाको अगाडि सामूहिक बलात्कारको सिकार बनी जीवनमा घटित अनेक समस्या, चोट, आघात एवम् मृत्युसँग पौँठाजोरी खेल्दै अघि बढेकी छोरीका एक जोडी आँखा सत्यता, घृणा एवम् सङ्घर्षका रूपमा प्रतिबिम्बित भएका छन् ।

पुँजीवादी पितृसत्तात्मक समाजले महिला शरीरलाई उपार्जन तथा मनोरञ्जनको साधन बनाएर महिला शरीरको उपयोग गरेको छ । 'बिडम्बना', 'मेरी फुपू', 'दुई दिनको जीवन मायामा बितोस्', 'नियो' र 'उनी एक्ली हुने छैनन्' कथाहरूले उपभोक्तावादी संस्कृतिमा महिला

शरीर मनोरञ्जनको साधनका रूपमा उपयोग गरिएको पक्षको उद्‌घाटन गर्न अधिकतः सफल भएको निष्कर्ष प्राप्त भएको छ ।

'बिडम्बना' कथामा विदेशी माटो, संस्कृतिमा भासिएपछि पारिवारिक, सामाजिक र सांस्कृतिक रूपमा सम्बन्ध टुट्‌दै गएर पारिवारिक, सामाजिक, सांस्कृतिक मूल्यमान्यता क्षयीकरण हुँदै सम्बन्धमा दूरी बन्दै गएको विषय वर्णन गरिएको छ । पुँजीवाद र उपभोक्तावादको यथार्थ चित्रण गरी भौतिक सपनाका ठुला ठुला भारी बोकेर निर्वासित जीवन भोग्नेहरूको साझा कथा व्यथाको प्रतिनिधित्व बिडम्बना कथाले गरेको छ ।

'मेरी फुपू' शीर्षकको कथामा अमेरिका पुगेकी 'म' पात्रकी बहत्तर वर्षकी फुपूको पहिरन र जीवनशैलीमा आएको परिवर्तनले नेपाली पहिचान एवम् मौलिकतालाई उपभोक्तावादी संस्कृतिले वस्तुकरण गरी अर्कैको संस्कृति एवम् पहिचानलाई अबलम्बन गर्न बाध्य पारिएको अभिव्यक्तिलाई कसिलो बनाइएको छ ।

उपभोक्तावादी चिन्तनमा आत्मनिर्भरता, व्यक्तिगत चाहना र स्वतन्त्रता मुख्य विषय भएकाले 'दुई दिनको जीवन मायामा बितोस्' कथामा प्रयुक्त दिदी पात्रले अभिभावकविहीन बहिनीको जीवन सुरक्षित राख्न उपयुक्त पात्र छनौटका क्रममा आफ्नै प्रेमी सुम्पिदिएर छात्रवृत्तिमा उच्च शिक्षा लिन बाह्य निर्वासन भएको देखाई समकालीन पुस्ताको उपभोक्तावादी मानसिकतालाई व्यञ्जित गरेको छ ।

उच्च शिक्षा हासिल गर्न बिदेसिएकी 'नियो' कथाकी नियोको शरीर पुरुषका यौन चाहना पूरा गर्ने मनोरञ्जनको साधनका रूपमा प्रयोग गरिएको छ । उपभोक्तावादी पुँजीवादको दलदलमा भासिन पुगेका युवापुस्ता शरीरसहित स्वाभिमान, आत्मसम्मान, र पहिचानसमेत गुमाउन पुगेको विषय वर्णन गरी इल्या भट्टराईको कथाले उपभोक्तावादी चिन्तनसम्बन्धी शरीर राजनीतिलाई कलात्मक बनाएको निष्कर्ष प्राप्त भएको छ ।

सम्बन्ध प्रेम, स्नेह, विश्वास एवम् जिम्मेवारीमा भन्दा पनि नियत, सम्पत्ति, समय र सुविधामा केन्द्रित हुन पुगेको र उपभोक्तावादले विशेष गरी महिला शरीरमाथि गरेको शासन, दमन एवम् असरलाई 'उनी एक्ली हुने छैनन्' शीर्षकको कथाले प्रतिबिम्बन गरेको छ । यस परिच्छेदमा विषयअनुसार जीवन्त चरित्र र विचारको कलात्मक प्रस्तुतिले कथामा प्रयुक्त युद्ध र उपभोक्तावादले महिला शरीरमाथि पारेको निर्वासनको प्रभावलाई सुन्दर तरिकाले प्रस्तुत गरेको निष्कर्ष प्राप्त भएको छ ।

## ४.२ निष्कर्ष

इल्या भट्टराईका कथामा प्रयुक्त शरीर राजनीतिको अध्ययनबाट प्रस्तुत शोधकार्यको परिचय खण्डमा प्रस्तुत गरिएका मूल समस्यासँग सम्बद्ध दुईओटा शोधप्रश्नका समाधानस्वरूप प्राप्त निष्कर्षलाई शोधप्रश्नको क्रमअनुसार तल प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधमा उठाइएको पहिलो प्रश्न इल्या भट्टराईका कथामा महिला शरीरप्रति पितृसत्तात्मक सामाजिक दृष्टिकोणसम्बन्धी शरीर राजनीति केकसरी प्रस्तुत भएका छन् ? भन्ने हो र यससम्बन्धी सामग्रीको विश्लेषणबाट समाधानका रूपमा प्राप्त निष्कर्ष यसप्रकार छन् -

इल्या भट्टराईद्वारा लिखित *मन मनै त हो, अनि ..., निःशब्द प्रश्नहरू, जीवनका रंगहरू* र *त्यो एउटा बिहान* गरी पाँचओटा कथासङ्ग्रहमा सङ्गृहीत कथामा सोद्देश्य छनौट गरिएका 'नियति', 'अनुवाद', 'कुनै दिन शिरीष ढकमक्क फुल्ला', 'आज पनि हामी राम बेहोर्दै छौँ', 'कठै ! इन्दिरा', 'दाजु मलाई मद्दत गर्नुहोस्', 'त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन', 'डोल्मा', 'जीवनको अर्थ खोज्दै', 'बेनाम सम्बन्ध', 'म के गरुँ', 'कसको दोष थियो ?', 'जीवन एउटा सम्झौता नै रहेछ', र 'वेभलेन्थ' कथामा प्रयुक्त नारी पात्रहरूमाथि पितृसत्ताले गरेको दमन, उत्पीडन र उनीहरूको शरीरप्रति गरिएको राजनीतिको विश्लेषण गरिएको छ । पितृसत्तात्मक समाजमा लामो समयदेखि नै महिला शरीर शोषणमा पर्दै आएको पाइन्छ । उत्तरसंरचनावादी युगसम्म आइपुग्दा शोषणको आयाम झन व्यापक बन्दै गएको छ । सामाजिक र राजनीतिक परिवर्तनसँगै मानिसमा आएको चेतनाले गर्दा महिलाहरूले स्वत्व, पहिचान र अधिकारका लागि आवाज उठाउन थाले तापनि नेपाली समाजमा महिलाको शरीरलाई हेर्ने दृष्टिकोणमा सापेक्षित परिवर्तन भएको देखिँदैन । कथामा प्रयुक्त नारीपात्र नेपालमा मात्र नभएर विदेशी भूमिमा पुगेर समेत शोषित, दमित हुन पुगेका छन् । नेपालको परिवेशलाई केन्द्रभूमि बनाएर लेखिएका प्रस्तुत कथाका नारीपात्रहरू पितृसत्तात्मक चिन्तनबाट दमित एवम् शोषित हुन पुगेका छन् ।

पितृसत्तात्मक समाजमा पिता नै सर्वेसर्वा हुने प्रवृत्तिका कारण इल्याका चयनित कथामा 'बेनाम सम्बन्ध' कथाकी मिस्ट्रेस, 'निःशब्द प्रश्नहरू' कथाकी तुलसा, 'डोल्मा' कथाकी डोल्मा, 'अनुवाद' कथाकी 'म' पात्र, 'त्यहाँ सधैँ सत्यमेव जयते हुँदैन' कथाकी अनिता, 'कठै ! इन्दिरा' कथाकी इन्दिरा, वेभलेन्थ बराबरी बनाउन नसेकी 'म' पात्र, 'नियति' कथाकी सरु, सरुकी छोरी र काम गर्न राखिएकी माइली, 'जीवन एउटा सम्झौता नै रहेछ' कथाकी मिना

र विवेककी श्रीमती, 'कसको दोष थियो ?' कथाकी 'म' पात्रलगायतका चरित्रको प्राय बाध्यात्मक रूपमा शरीरको प्रयोग भएको छ । उनीहरूको शरीरलाई पितृसत्ताले यौन तथा प्रजनन्, शक्ति र प्रभुत्व, लैङ्गिकता आदिका माध्यमबाट नियन्त्रणमा लिएर शोषण तथा दमन गरेको छ । धार्मिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक रूपमा महिला शरीरमाथि शक्ति र प्रभुत्वले महिला शरीरमाथि राजनीति गर्ने तर त्यसलाई समसत्तापूर्ण व्यवहार र न्याय गर्न नसक्ने तथा मूल्यहीन जीवन भोग्न बाध्य पार्ने सत्ताप्रति विमति जनाइएको छ ।

नारी शरीर पुरुषको हातबाट डोरिने निर्जीव वस्तु नभई आफ्नै अस्तित्व र व्यक्तित्व बोकेर हिँड्नुपर्ने विचार कथामा अभिव्यञ्जित भएको छ । कतै पाठको मुखपात्रमार्फत् त कतै लेखकीय माध्यमबाट पितृसत्तात्मक एकाधिकारप्रति विद्रोहात्मक अभिव्यक्ति प्रस्तुत भएको निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधमा उठाइएको दोस्रो प्रश्न इल्या भट्टराईका कथामा महिला शरीरसम्बन्धी निर्वासनलाई केकसरी प्रतिबिम्बिन गरिएको छ ? भन्ने हो र यससम्बन्धी सामग्रीको विश्लेषणबाट समाधानका रूपमा प्राप्त निष्कर्ष यस प्रकार छन् -

इल्या भट्टराईका 'डेफोडिल अझै फुलेको छैन', 'विप्लवी', 'आखिर त्यही भयो', 'नसिमा अकस्मात पराई भइन्', 'निःशब्द प्रश्नहरू' र 'टाँकीको फूल र एक जोडी आँखा' चयनित कथामा द्वन्द्व र युद्धका माध्यमले महिलाको शरीरको उपयोग गरिएको छ । द्वन्द्व र युद्धले शरीर निर्वासनको अवस्था सिर्जना गर्दछ । शरीर राजनीतिको महत्त्वपूर्ण पक्ष निर्वासनलाई मानिन्छ । आत्मनिर्वासन, आन्तरिक निर्वासन र बाह्य निर्वासन गरी निर्वासनलाई अध्ययन गरिएको छ । युद्धले केवल भौतिक संरचना मात्र ध्वस्त पार्दैन यसले महिला शरीरलाई रणभूमि बनाई प्रेम, विश्वास, एवम् अस्तित्वमा समेत गहिरो असर पुऱ्याएको निष्कर्ष यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

'डेफोडिल अझै फुलेको छैन' कथाकी 'म' पात्र, 'विप्लवी' कथाकी विप्लवी, 'आखिर त्यही भयो' कथाकी नारीपात्र, 'नसिमा अकस्मात् पराई भइन्' कथाकी नसिमा, 'निःशब्द प्रश्नहरू' कथाकी तुलसा, 'टाँकीको फूल' र 'एक जोडी आँखा' शीर्षकका नारीपात्रका जीवन युद्धले तहसनहस बनाइदिएको छ । पितृसत्तात्मक समाजमा युद्धले महिला शरीरमा झन् नराम्रो प्रभाव छोडेर जान्छ र निर्वासनको अवस्थामा पुऱ्याउँछ । द्वन्द्वकालीन समयमा सिर्जित युद्धको सन्त्रास प्रस्तुत गरिएका उक्त कथाहरूमा आत्मसुरक्षाका निम्ति निर्वासित भएका छन् । आँखै अगाडि बुबाको हत्या गरी सामूहिक बलात्कारको शिकार बनेकी विप्लवी, बिहे गरेको एकसाता

नपुग्दै श्रीमान् मारिएपछि ससुराद्वारा करणी गरिएकी तुलसा युद्धको प्रभावमा परेका नमेटिने घाउ बन्न पुगेको विषय व्यक्त भएको छ ।

यहाँ शक्तिको केन्द्रमा रहेको पुरुषले महिलाहरूको हिँड्ने स्वतन्त्रता, विचारधारा, शरीरलगायतका कुरामा शोषण, दमन र नियन्त्रण गरी आफ्नो प्रभुत्व कायम गरेको छ । कतै श्रीमान् गुमाउनु, कतै बलात्कार सहनु, कतै स्थानै छाड्नु, कतै जबरजस्ती करणी र गर्भपतन गराई जेल पुऱ्याइएको अवस्थालाई कथामा प्रस्तुत गरी युद्धको डढेलोमा पिल्सिन बाध्य महिलाको शरीर बाध्यात्मक रूपमा निर्वासित हुन पुगेको देखिन्छ । महिला हिंसाविरुद्धको कानुनी संरचना सिर्जना गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिलाई सामाजिक शोचमा परिवर्तन ल्याउनुपर्ने विचारधाराप्रति सबैको ध्यानाकर्षण गरिएको छ ।

सामाजिक परम्परा तथा उपभोक्तावादी संस्कृतिमा जीवन यान्त्रिक एवम् निर्भर हुँदै जाँदा पहिचान, स्वतन्त्रता, स्वाभिमान, एवम् विश्वास भत्किँदै गई मानवीय अस्तित्व नै गुम्ने सम्भावनाको बोध गराई मानवले मानवीय जीवनको बोध गर्नुपर्ने सुन्दर पक्षको मूल्याङ्कन गरेको छ । पुँजीवादी पितृसत्तात्मक समाजले महिला शरीरलाई उपार्जन तथा मनोरञ्जनको साधन बनाएर महिला शरीरको दुरूपयोग गरेको छ । यसले महिलालाई घरायसी काममा व्यस्त गराउने, आर्थिक क्षेत्र कब्जा गर्ने, आर्थिक रूपमा फाइदा हुने देखेपछि पत्नीलाई समेत परपुरुषसँग बेचिदिनेजस्ता कार्य गरी महिला शरीरलाई बाध्यात्मक स्थितिमा पुऱ्याएको छ । भट्टराईका ‘बिडम्बना’, ‘मेरी फुपू’, ‘दुई दिनको जीवन मायामा बितोस’, ‘नियो’ र ‘उनी एक्ली हुने छैनन्’ जस्ता कथाका पात्रहरू उपभोग्य वस्तु बन्न पुगेका देखिन्छन् । ‘बिडम्बना’ कथाकी सुमित्रा भौतिक सुखसुविधा, वैयक्तिकता र अवसरका निम्ति रमाएर अमेरिका पुगेकी तर पछि पछुताउन पुगेकी छिन् । त्यसैगरी ‘मेरी फुपू’ कथाकी फुपूको पहिरनमा आएको परिवर्तनले नेपाली पहिचान एवम् मौलिकतालाई उपभोक्तावादी संस्कृतिद्वारा वस्तुकरण गरिएको सङ्कथन व्यक्त भएको छ । उच्च शिक्षा हासिल गर्न बाह्य निर्वासनमा परेकी ‘नियो’ कथाकी पात्र नियोमार्फत् स्वतन्त्र एवम् स्वच्छन्द जीवनशैलीको व्यक्तिगत चाहनालाई कथामा व्यक्त गरिएको छ । ‘उनी एक्ली हुने छैनन्’ कथाकी पात्र सुचित्रा विदेशी संस्कृतिले आफ्नो सन्तानलाई समेत वस्तुकरण गरी स्वत्व, आत्मसम्मान, कर्तव्य र जिम्मेवारी विक्री भएको अनुभूति गर्छिन् । भौतिक शरीर मात्र नभई आत्मिक निर्वासनको पीडा भोगिरहेकी सुचित्रा स्वदेश फर्की आफन्तसँग बस्ने कल्पनाको निर्णयमा पुगेपछि पहिचानसमेत स्वाभिमान फिर्ता ल्याउन सफल देखाई यहाँ अस्तित्व, स्वाभिमान र पहिचान रक्षार्थ मानवीय व्यवहार र भूमिका परिवर्तन हुनुपर्ने लेखकीय मूल्यचेत सशक्त रूपमा प्रस्तुत भएको छ ।

# सन्दर्भसामग्रीसूची

अधिकारी, ज्ञानु (२०७६). *प्रज्ञा समकालीन नेपाली कथाविमर्श* (सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

अर्याल, अम्बिका (२०७७). नारीवादी चिन्तनमा पितृसत्ता. *भृकुटी* नारीवाद विशेषाङ्क. पृ. ३६-४० ।

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). काठमाडौँ : अक्षर क्रियसन ।

उप्रेती, सञ्जीव (२०७८). *सिद्धान्तका कुरा.* काठमाडौँ : बुक हिल संस्करण ।

एटम, नेत्र (२०७८). 'पहेँलो गुलाफ कथामा नारी शरीरमाथिको राजनीति'. *वाङ्मय,* अङ्क १८, पृ. ५१-६० ।

खनाल, रामप्रसाद (२०७६), *कृष्ण धरावासीका उपन्यासमा शरीर राजनीति.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. नेपाली केन्द्रीय विभाग ।

खनाल, रामप्रसाद (२०७६). तल्लो बाटो उपन्यासमा शक्ति र प्रभुत्वका रूपमा शरीरको प्रयोग. *समकालीन साहित्य.* भदौ-कार्तिक, पृ. ११९-१२५ ।

खनाल, रामप्रसाद (२०७६). शरणार्थी उपत्यासमा शरीर राजनीति. प्रज्ञा. पृ. १२७-१३५ ।

गिरी, अमर (२०७०). सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. *भृकुटी* समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह. (भाग १९, असार), पृ. १२-४६ ।

गिरी, शान्तिमाया (२०७०). संस्कृति र परम्परामा लैङ्गिक असमानताः नारीवादको पृष्ठभूमि. *भृकुटी* नारीवाद विशेषाङ्क. पृ. ४१७ ।

गुरागाइँ, उमादेवी (सन् २०२१). एक चिहान उपन्यासमा शक्ति सम्बन्ध. *COGNITION. A Peer Reviewed Transdisciplinary Research Journal*. 1(3). p. 126-132.

गौतम, ध्रुवचन्द्र (२०६२). (भूमिका) *अनि …* इल्याका कथाहरूमा सम्भावनाको आवाज. ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). (भूमिका) *जीवनका रङ्गहरू.* जीवनका विविध आयामहरूलाई नियालिएका कथा. ललितपुर : गुञ्जन नारी ।

घर्ती, दुर्गाबहादुर (२०८०). *अनुसन्धान पद्धति: सिद्धान्त र प्रयोग.* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

घर्ती, राजु (२०६९). *इल्या भट्टराईका जीवनका रङ्गहरू कथासङ्ग्रहको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. काठमाडौँ ।

घिमिरे, बिदुला (२०७६). बाँच्ने एउटा जिन्दगी उपन्यासमा प्रभुत्वशाली संस्कृति. *विज्ञसमीक्षित शोधपत्रिका.* पूर्णाङ्क ११८, साउन-पुस. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १४६-१५५ ।

घोरासैनी, भुवन (२०७५). *त्यो एउटा बिहान कथासङ्ग्रहका कथाहरूको विधातात्विक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

ज्ञवाली, रामप्रसाद (२०६०). (भूमिका) मन मनै त हो मनोवैज्ञानिक आख्यानात्मकता मन मनै त हो को विशेषता. काठमाडौँ ।

दाहाल, लोकमाया (२०६५). *नि:शब्द प्रश्नहरू कथासङ्ग्रहको कृतिपरक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. काठमाडौँ ।

ढकाल, रजनी (२०७०). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. *भृकुटी* सांस्कृतिक अध्ययन विशेषाङ्क, पृ. ३२७-३३३ ।

त्रिपाठी, सुधा र पन्थी, सीता (२०७०). *नेपाली नारीवादी समालोचना* (सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, नरेन्द्र (२०६१). *द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा अभिघात.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. काठमाडौँ ।

पाण्डे, ज्ञानू (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०७०). *नेपाली महिला कथाकार* (भाग दुई सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०७४). *समकालीन पाश्चात्य समालोचना सिद्धान्तका प्रणेताहरू* (सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, सावित्रा (२०७६). *पद्मावती सिंहका उपन्यासमा शरीर राजनीति.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. काठमाडौँ ।

पाण्डेय, ताराकान्त (२०६८). *अर्थको आनन्द.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३) *मार्क्सवाद र सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पौडेल, शान्ति (२०७७). पारिभाषित आँखा उपन्यासमा शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोग. *COGNITION. A Peer Reviewed Transdisciplinary Research Journal*. 1(3). p.212-220.

पौडेल, शान्ति (२०७७). *पारिजातका उपन्यासमा शरीर राजनीति.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. काठमाडौँ ।

पौडेल, षडानन्द (२०७७). *नेपाली आख्यानमा शरीर राजनीति.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५२). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बुभायर, सिमोन द (२०७५). *द सेकेन्ड सेक्स.* रमेश सुनुवार. काठमाडौँ : प्रगति पुस्तक सदन ।

भट्टराई, इल्या (२०६०). *मन मनै त हो.* काठमाडौँ : द प्रेस अनलिमिटेड प्रा.लि. ।

भट्टराई, इल्या (२०६२). *अनि ...* काठमाडौँ : पि.यू. प्रिन्टर्स ।

भट्टराई, इल्या (२०६३). *निः शब्द प्रश्नहरू.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, इल्या (२०६९). *जीवनका रंगहरू.* काठमाडौँ : गुञ्जन नारी साहित्यिक संस्था ।

भट्टराई, इल्या (२०७४). *त्यो एउटा बिहान.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्द (२०७१). *युद्ध साहित्य र अभिघात सिद्धान्त.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस, पृ. २२५-२६० ।

भट्टराई, रमेशप्रसाद (२०६८). *लैङ्गिक समालोचना* (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. *रत्न बृहत् नेपाली समालोचना.* सैद्धान्तिक खण्ड. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी* समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह (भाग १९, असार), पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भद्रा, चन्द्रा (२०७०). *लैङ्गिक अध्ययन* (सम्पा.). काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भासिन, कमला (सन् २०००). *अन्डरस्ट्यान्डिङ जेन्डर.* नयाँ दिल्ली : पाउल्स प्रेस ।

राई, यशोदा (२०६९). *जीवनका रंगहरू कथासङ्ग्रहभित्रका कथाहरूको विधातात्विक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौँ ।

लामा, कुमारी (२०७६). समकालीन नेपाली कथामा शरीर राजनीति. *प्रज्ञा समकालीन नेपाली कथा विमर्श.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान. पृ.७३-१०१ ।

लुइटेल, खगेन्द्रप्रसाद. (२०६९). (भूमिका) *जीवनका रङ्गहरू.* काठमाडौँ : गुञ्जन नारी साहित्यिक संस्था ।

लुइटेल, लीला (२०६२). अनि ... कथासङ्ग्रहको विश्लेषण *अभिव्यक्ति.* पूर्णाङ्क १३९. पृ. १८-२३ ।

लुइटेल, लीला (२०६७). इल्या भट्टराईको कथाशिल्प. *गरिमा.* २७/७ जेठ. पृ. ५९-६३ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *शोधविधि* (पाँचौँ संस्क.). ललितपुर : साझा प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७३). *द्वन्द्व, शान्ति र विकास.* काठमाडौँ : पैरवी प्रकाशन, पृ. ९२-१७९ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्र्टन* (दोस्रो संस्क.). काठमाडौँ : डिस्कोर्स प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* काठमाडौँ : शिखा बुक्स ।

सुवेदी, राजेन्द्र (२०७७). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य*. काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, विमलकुमार (२०७७). उपभोक्तावादी संस्कृति र नारीवाद. *भृकुटी* नारीवाद विशेषाङ्क. पृ. ३६८-३८३ ।

सुवेदी, हेमकुमारी (२०८१). *नीलम कार्की निहारिकाका उपन्यासमा प्रयुक्त शरीर राजनीति.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. काठमाडौँ ।

Foucault, M. (1978). *The history of sexuality* (Vol. 1). Panthenon Books.

Foucault, M. (1997). *Discipline and punish* (Trans. A. Sherdian). Vintage Books.

Hooks, B. (2000). *Feminism is for everybody: Passionate politics*. Sauthend Press.